# पचायतका विभिन्न पक्ष

# पंचायतका विभिन्न पक्ष

**प्रकाशक**
श्री ५ को सरकार
सूचना तथा प्रसार मंत्रालय
सूचना विभाग

पहिलो पटक १०,००० प्रति
श्रेणी 'ख'

फागुन ७ गते, २०२५

मुद्रक:– श्री ५ को सरकारको छापाखाना

# विषय–सूची


| विषय | लेखक | पृष्ठ संख्या |
|---|---|---|
| नेपालको परराष्ट्र-नीति | – रामचन्द्र मलहोत्र– | १ |
| पञ्चायत व्यवस्थाको तुलनात्मक अध्ययन | – डा. गोकुलचन्द्र मलहोत्रा<br>डा. उपेन्द्रनारायण सिन्हा– | १० |
| श्री ५ को गतिशील नेतृत्व र निर्विकल्प पञ्चायती व्यवस्था | – गणेशराज सिंह<br>चित्तरञ्जन नेपाली– | ४० |
| पञ्चायती प्रजातन्त्र र साझा अर्थ-व्यवस्था | – डा. बद्रिप्रसाद श्रेष्ठ<br>डा. भेषबहादुर थापा<br>ध्रुवप्रसाद अर्याल– | ५१ |
| भूमिसम्बन्धी ऐनमा नयाँ संशोधनको महत्त्व | – कृष्णबम मल्ल– | ५९ |
| निर्दलीय प्रजातन्त्रमा वर्गीय एवं व्यावसायिक संगठनको उपादेयता | – सुरेन्द्रराज शर्मा<br>महेश्वर शर्मा– | ६५ |
| पञ्चायत र शोषणरहित समाज | – इन्द्रप्रसाद काफ्ले<br>अनन्त पौड्याल– | ८७ |
| नयाँ मुलुकी ऐन : एक परिचय | – विश्वनाथ उपाध्याय<br>एम. ए. एलएल. बी.– | १०८ |

# नेपालको परराष्ट्र-नीति

–रामचन्द्र मलहोत्र

नेपालको परराष्ट्र-नीति "स्वतन्त्र" वा "असंलग्न" कहलिएको छ । द्वितीय विश्वयुद्ध (१९९६–२००२ साल अर्थात् १९३९–४५) पछिको शीतयुद्धद्वारा विभाजित विश्वका दुई शक्तिशाली सामरिक गुटहरू अमेरिकी वा "पश्चिमी" गुट र रूसी वा "पूर्वी" गुटबाट असंलग्न रहन चाहने शान्तिप्रिय देशहरूले "असंलग्न" वा "स्वतन्त्र" परराष्ट्र-नीति अपनाएका हुन् । यी देश बहुधा एशिया र अफ्रिका महाद्वीपका नवोदित अर्थात् हालसाल उपनिवेशवादबाट स्वतन्त्रता पाएका सा-साना विकासोन्मुख राष्ट्रहरू हुन् । २००७ सालको क्रान्तिपछिको प्रजातान्त्रिक नेपालले पनि राष्ट्र पिता श्री ५ त्रिभुवनको नेतृत्वमा आफ्नो ऐतिहासिक "असंलग्न" वा स्वतन्त्र परराष्ट्र-नीतिको पुनरुत्थान गर्ने मौका पाएको हो । तर आजको विश्वको संदर्भमा यसको स्पष्ट व्याख्या, विकास र सही कार्यान्वयन श्री ५ महेन्द्रको नेतृत्वमा भएको छ ।

## ऐतिहासिक पृष्ठभूमि

"असंलग्न" शब्दको उत्पत्ति र प्रचार द्वितीय महायुद्धपछिको शीतयुद्धको वातावरणमा भए तापनि नेपालले स्वतन्त्र परराष्ट्र-नीतिको अनुसरण नेपाल अधिराज्यको स्थापना भएदेखि गरि-आएको हो । कारण "असंलग्न" परराष्ट्र-नीति नेपालको भौगोलिक स्थिति र ऐतिहासिक स्वातन्त्र्य प्रेमको उपज हो । एशिया महाद्वीपका सबभन्दा दुई ठूला राज्यहरूबीच रहेको "दुई ढुङ्गा बीचको तरूल" जस्तो नेपालले नेपाल अधिराज्यका संस्थापक श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको "दिव्य उपदेश" अनुसार दुबैसंग मैत्रीपूर्ण व्यवहार कायम राख्ने सदैव प्रयत्न गरेको हो र सोही नीतिको फलस्वरूप आफ्नो राष्ट्रिय एकता अक्षुण्ण राख्न समर्थ भएको हो । "राष्ट्रिय एकता" सरह स्वतन्त्र परराष्ट्र-नीति पनि नेपाली जातिलाई शाहवंशको देन हो ।

भारतमा बढ्दो बृटिश साम्राज्यवादको परोक्ष प्रश्रय पाई राणा-शासनको प्रभुत्व बढेपछि राणाकालीन नेपालले करीब एक शय वर्षसम्म बृटिश सरकारसित मात्र दौत्य र अन्य सबै प्रकारको सम्बन्ध कायम राखी देशको स्वतत्र र असंलग्न परराष्ट्र-नीति प्रतिकूल नीति अपनाएको देखिन्छ।नेपाली जनतालाई अन्धकारमा राखी देशमा आपनो एकाधिपत्य अक्षुण्ण राख्ने उद्देश्यले देश तथा देशवाशीलाई राणा शासकवर्गले विश्वसंगको सामाजिक वा सांस्कृतिक, आर्थिक र व्यापारिक सम्बन्धबाट बञ्चित राखेको-थियो।विश्वलाई नेपालको स्वतन्त्र सार्वभौमिकताको परिचय दिन समेत प्रथम विश्व युद्धपछि स्थापित "लीग अफ नेशन" (राष्ट्रसंघ)

र द्वितीय विश्वयुद्ध पछि स्थापित "यूनाइटेड नेशन्स" (संयुक्त-राष्ट्रसंघ) को सदस्यता प्रति राणाकालीन नेपालले चाख देखाएन। २००४ साल (सन् १९४७) मा दक्षिणतर्फ भारतबाट बृटिश साम्राज्यवादको अन्त भएपछि तथा उत्तर पट्टि तिब्बतमा जनवादी गणतन्त्र चीनको प्रभुत्व पुनःस्थापित भएपछि मात्र आफ्नो एकाधिपत्य डग्ने देखी राणा शासकवर्गले बृटेन र भारतका अतिरिक्त अमेरिका र फ्रान्ससित दौत्य सम्बन्ध स्थापित गऱ्यो र २००५ साल (सन्–१९४९) मा संयुक्त राष्ट्र संघको सदस्यता निमित्त आवेदन पनि पठायो। तर द्वितीय महायुद्धपछि एशिया महाद्वीप भरी उठेको स्वातन्त्र्य प्रवाह र विशेषतः नेपालका दुई छिमेकी राष्ट्रहरूमा भएको राजनैतिक परिवर्तनतर्फ आँखा चिम्ली प्रतिगामी एकतन्त्री शासन कायम राख्नखोज्नु राणा शासकवर्गको अदूरदर्शितापूर्ण दुस्प्रयास थियो। २००७ साल (सन् १९५०) को क्रान्तिमा राजा र प्रजाको अभूतपूर्व योगले प्रजातन्त्रको प्रादुर्भाव भई देशले पुनः आफ्नो माटो, संस्कृति र इतिहास सुहाउँदो ढङ्गले स्वतन्त्र परराष्ट्र-नीतिको अवलम्बन गर्ने घोषणा गऱ्यो। तर देशको दलगत र अस्थिर राजनैतिक वातावरणले गर्दा स्वतन्त्र परराष्ट्र-नीतिको विकास एवं प्रस्फुरण श्री ५ महेन्द्रको राज्यारोहण पछि मात्र हुन सकेको कुरा निर्विवाद छ।

## श्री ५ महेन्द्रको नेतृत्व

श्री ५ महाराजाधिराज महेन्द्रको राज्यारोहणकै वर्ष अर्थात् २०१२ साल मार्ग ३० गते (सन् १९५५ डिसेम्बर १५ तारिख) मा नपालले संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्त गर्नु श्री ५ महेन्द्रको

नेतृत्वमा नेपालको परराष्ट्र-नीतिको उज्वल भविष्यको द्योतक थियो । श्री ५ महेन्द्रबाट नेपालको स्वतन्त्र र असंलग्न परराष्ट्र-नीतिको व्याख्या असंलग्न राष्ट्रहरूको प्रथम शीर्षस्थ "बेल्ग्रेड सम्मेलन" (२०१८ साल वा सन् १९५१) र पुनः दोश्रो शीर्षस्थ "कायरो सम्मेलन" २०२१ साल वा (सन् १९६४) मा स्वयं सवारी भै गरिबक्सियो। एवं रीतले विश्वका सबै राष्ट्रहरूसंगको मैत्रीपूर्ण सम्बन्ध स्थापित गर्ने घोषित नीतिअनुसार श्री ५ महेन्द्रको नेतृत्वमा नेपालले विश्वका स्वतन्त्र राष्ट्रहरू मध्ये झण्डै आधा जतिसंग दौत्य सम्बन्ध स्थापित गरेको छ । छिमेकी राष्ट्रहरू तथा विश्वका ठूला राष्ट्रका राष्ट्राध्यक्षहरूसंग पारस्परिक हितका कुरा गरी बक्सन र निकटतम सम्पर्क बढाउने हेतुले श्री ५ महाराजाधिराज र श्री ५ बडा महारानी सरकारहरूबाट स्वयं धेरै मुलुकहरूको राजकीय यात्रा गरिबक्सेको र कैयौं मित्र राष्ट्रका राष्ट्राध्यक्ष तथा शीर्षस्थ नेताहरूलाई निम्त्याई बक्सेको छ । श्री ५ महेन्द्रबाट देशको विकास र प्रतिष्ठानिमित्त अन्य क्षेत्रहरूमा उठाई बक्सेको क्रान्तिकारी कदमहरू जस्तै परराष्ट्र-नीतिको क्षेत्रमा उठाई बक्सेका कदमहरूले देशको गौरव र आकांक्षा सुहाउँदो परराष्ट्र-नीतिको वास्तविक रूपमा प्रतिपादन मात्र भएको होइन कि नीतिको सफल कार्यान्वयनको नतिजाका अनेक दृष्टान्त पनि देखा परिसकेका छन् ।

## परराष्ट्र–नीतिको लक्ष्य

जुनसुकै राष्ट्रको परराष्ट्र-नीतिको मुख्य उद्देश्य आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी देशको दीर्घकालीन हित र स्वार्थहरूको

सुरक्षा गर्नु हो । नेपालको परराष्ट्र-नीतिको लक्ष्य बारे श्री ५ महेन्द्रबाट हुकूम भएको छ–

"सबै मित्र राष्ट्रहरूसंग मैत्रीपूर्ण सम्बन्ध कायम गरी विश्वशान्तिको निमित्त र अन्तर्राष्ट्रिय आर्थिक सहयोगको निमित्त प्रयास गर्नु हाम्रो परराष्ट्र-नीतिको लक्ष्य हुनेछ ।" (राष्ट्रको नाममा सन्देश, २०१२।६।२२) र पुनः–

"मेरो सरकारको परराष्ट्र-नीतिको मुख्य ध्येय देशको स्वतन्त्रता, सार्वभौमिकता र क्षेत्रीय एकता कायम राखी देशको सर्वतोमुखी विकासमा संसारका सबै राष्ट्रहरूको सहयोग र सद्भावना प्राप्त गरी सबै राष्ट्रहरूसंग मैत्री भाव बढाउनु हो ।" (राष्ट्रिय पञ्चायतको प्रथम अधिवेशनमा बक्सेको संबोधन भाषण २०२०।१।५)

## परराष्ट्र-नीतिका आधारभूत सिद्धान्त

उक्त लक्ष्यप्राप्ति निमित्त परराष्ट्र-नीति सम्बन्धी आधारभूत सिद्धान्तहरूको प्रतिपादन पनि श्री ५ महेन्द्रबाट पटक पटकमा स्वयं गरिबक्सेको छ। जस्तै श्री ५ महाराजाधिराजबाट २०१८ साल पौष १ गते देशवासीका नाममा सन्देश बक्संदा हुकूम भएको छः–

"हाम्रो सबै संगको मित्रतापूर्ण व्यवहार र अन्तर्राष्ट्रिय सामरिक गूट विशेषसंग असंलग्न रही विश्वका हरेक समस्याको आफ्नै विवेकमा समाधान खोज्ने स्वतन्त्र–नीति भएकोले

अन्तर्राष्ट्रिय क्षेत्रमा र खास गरी संयुक्त राष्ट्रसंघमा पनि हाम्रो प्रतिष्ठा बेसै भएको लाग्दछ" । र पुनः २०१७ साल पौष १ गते राष्ट्रका नाममा बक्सेको सन्देशमा "हाम्रो परराष्ट्र-नीति संयुक्त राष्ट्रसंघको चार्टरका उद्देश्य र सिद्धान्तद्वारा प्रेरित हुनेछ" ।

श्री ५ महाराजाधिराजबाट व्याख्या गरिबक्सेबमोजिम नेपालको "स्वतन्त्र परराष्ट्र-नीति" का लक्षणहरू निम्न हुन्:—

१. सबै राष्ट्रहरूसंग मित्रतापूर्ण व्यवहार गर्नु ।
२. अन्तर्राष्ट्रिय सामरिक गूट विशेषसंग असंलग्न रहनु ।
३. विश्वका हरेक समस्याको आफ्नै विवेकमा समाधान खोज्नु, र
४. संयुक्त राष्ट्रसंघमा आस्था राखी संघको बडापत्र (चार्टर) को सिद्धान्त र उद्देश्य अनुरूपको परराष्ट्र-नीतिको अनुसरण गर्नु

## शान्तिपूर्ण सह–अस्तित्व

अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको आचरण उक्त ४ सिद्धान्त अनुरूप रहेको छ । नेपालले विश्वका सबै राष्ट्रहरूसंग मैत्रीपूर्ण व्यवहार कायम गर्ने हेतुले करीब ५० स्वतन्त्र राष्ट्रहरूसंग दौत्य सम्बन्ध स्थापित गरिसकेको छ र प्रतिवर्ष दौत्य सम्बन्धका अतिरिक्त आर्थिक, व्यापारिक र सांस्कृतिक सम्बन्ध स्थापित गरिने राष्ट्रहरूको संख्या बढ्दो छ । अन्तर्राष्ट्रिय सम्बन्धका लागि नेपालले "पञ्चशील" अर्थात् समानता, क्षेत्रीय अक्षुण्णता, वा सीमानाको कदर, सार्वभौमिकता, शान्तिपूर्ण सहअस्तित्व र

आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने यी ५ सिद्धान्तहरू अपनाए-को छ । पञ्चशील वा शान्तिपूर्ण सह अस्तित्वको व्याख्या श्री ५ महेन्द्रबाट निम्नशब्दहरूमा गरिबक्सेको छः–

"प्रत्येक स्वतन्त्र राष्ट्रले आफ्नो बाटो कसैको डर भर नमानी निस्फिक्रिसंग आफैले पहिल्याँउँदछ र पहिल्याउनु पर्दछ । अब प्रत्येक साना ठूला राष्ट्रले, प्रत्येक विकसित तथा विकासोन्मुख राष्ट्रले पूर्ण समानताको आधारमा कुनै किसिमको दवाव नगरी आफू आफूमा सम्बन्ध राख्नु पर्दछ र यो जमानाको माग यही हो । यही सत्य अर्थमा शान्ति, मैत्री र सह अस्तित्वको मूल आधार हो भन्ने नेपाल ठान्दछ । (२०२५।६।२७ मा भारतीय राष्ट्रपति महामहिम डा. जाकीर हुशेनको सन्मानमा आयोजित राजकीय भोजको अवसरमा)

गूटबन्दी विशेषबाट अलगै रही विश्वका समस्याहरूउपर आफ्नो विवेक अनुसार निर्णय गर्न खोज्नु नेपालको स्वतन्त्र परराष्ट्र नीतिको दोश्रो प्रमुख आधार स्तम्भ हो । स्वविवेकको प्रयोगनै स्वतन्त्रताको परिचायक हो । स्वविवेक ल्याउन खोज्नु दुई गूटमा निष्पक्ष हुनु होइन कारण प्रत्येक राष्ट्र आफ्नो सुरक्षा र स्वार्थ-रक्षाको दृष्टिकोणले प्रेरित हुन्छ । तसर्थ नेपालले निष्पक्ष भै दुई ठूलठूला गूटहरू वा कुनै दुई राष्ट्रबीच मध्यस्थता गर्ने महत्वाकांक्षा गरेको छैन । नेपालले केवल आफ्नो मर्यादा अनुसार विश्व-शान्तिनिमित्त सक्दो योगदान दिने प्रण र प्रयास गरेको छ । सोही उद्देश्यले प्रेरित भै नेपालले संयुक्त राष्ट्रसंघको सर्वोच्च संस्था "सुरक्षा परिषद्"को अस्थायी सदस्यता प्राप्त गरेको छ र आफ्नो जिम्मेदारी अनुसारको आचरण गर्न कटिबद्ध छ ।

## संयुक्त राष्ट्रसंघ र नेपाल

संयुक्त राष्ट्रसंघको वडापत्र (चार्टर) मा निहित सिद्धान्त अनुरूप विश्वसमस्याहरूको समाधान युद्ध र रक्तपातले होइन कि शान्तिपूर्ण तरीकाले हुनु पर्दछ भन्ने नेपालको परराष्ट्र-नीतिको तेश्रो आधारशीला हो ।

संयुक्त राष्ट्रसंघ र सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरूको सदस्यता प्राप्त गरेदेखि नेपालले ती अन्तर्राष्ट्रिय प्रांगणहरूमा आफ्नो असंलग्न परराष्ट्र-नीति अनुरूप आचरण गर्नको साथसाथै अन्तर्राष्ट्रिय सुरक्षा र विश्वशान्तिनिमित्त संयुक्त राष्ट्रसंघमा आस्था बराबर प्रकट गरेको छ । स्वयं श्री ५ महाराजाधिराज-बाट बेल्ग्रेड र कायरो शीर्षस्थ सम्मेलनहरूमा संयुक्त राष्ट्रसंघको चार्टरमा निहित सिद्धान्त र संघप्रति आस्था प्रकट गरिबक्सेको छ ।

नेपालले संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्त गरेको १३ वर्ष पूरा हुँदैछ । यी १३ वर्षमा नेपालले विशेषत: आणविक शस्त्रहरू उपर प्रतिबन्ध र निरस्त्रीकरण, दक्षिण अफ्रिकाको जातिभेद र रङ्गभेद नीतिको विरोध, विश्वको प्रत्येक कुनामा उपनिवेश-वादको अन्त्य, मध्यपूर्व र दक्षिण पूर्व एशिया जस्ता विश्वका संघर्षपूर्ण क्षेत्रहरूमा संघर्षहरूको अन्त गर्न शान्तिपूर्ण तरीका अपनाउने पक्षमा, एवं विश्वका तीन चौथाई विकासोन्मुख राष्ट्रहरूको विकासका लागि अन्तर्राष्ट्रिय सहयोगनिमित्त सक्दो योगदान र आफ्नो मतदान गरेको छ । त्यसका अतिरिक्त संयुक्त राष्ट्रसंघलाई विश्वशान्तिको प्रहरीको रूपमा अझै

बलियो संस्था बनाउने हेतुले गणतन्त्र चीनको सदस्यतानिमित्त प्रयास र सं. रा. संघले कोङ्गो र स्वेजनहरको क्षेत्रमा गरेको सैनिक अभियानको समर्थन केवल मतदानले मात्र होइन कि अतिरिक्त बजेटको आफ्नो भाग तिरेर पनि गरेको छ

संयुक्त राष्ट्रसंघको १३ वर्षको सदस्यताको अवधि भित्र एक जिम्मेदार सदस्यको हैसियतले नेपालले आफ्नो स्वतन्त्र परराष्ट्र-नीतिको पर्याप्त परिचय दिएको फलस्वरूपनै नेपालले संयुक्त राष्ट्रसंघको साधारण सभा (जनरल असेम्बली) को तेईसौं अधिवेशन (सन् १९६८ वा २०२५ साल) मा सर्वाधिक मतद्वारा दुई वर्षनिमित्त अस्थायी एशियाली पद प्राप्त गरेको छ । विश्वशान्तिनिमित्त स्थापित अन्तर्राष्ट्रिय संस्था "सुरक्षा परिषद्" को सदस्यता प्राप्त गरी नेपालले अन्तर्राष्ट्रिय जगतमा प्रतिष्ठा कमाएको छ भन्ने माननीय प्रधान मन्त्री श्री सूर्य बहादूर थापाको शब्दमा "अब नेपाल उपर ठूलो जिम्मेदारी पनि आएको छ ।" सुरक्षा परिषद्को कठोर कसीमा नेपालको स्वतन्त्र परराष्ट्रनीति सफल उत्रिनेछ भन्ने आशा प्रत्येक देशप्रेमी नेपालीले गर्नु स्वाभाविक छ ।

# पंचायत व्यवस्थाको तुलनात्मक अध्ययन

डा. –गोकुलचन्द मलहोत्रा
डा. –उपेन्द्रनारायण सिन्हा

वेदको पुरूष सूक्त "सहस्रशीर्षः पुरूषः" मा विराटरूप परमात्माको मुख या सिरलाई ब्राह्मण अर्थात् ज्ञानीवर्ग, भुजालाई क्षत्रिय अर्थात् सैनिकवर्ग, जंघालाई वैश्य अर्थात् व्यापारी कृषक–वर्ग र पाउलाई शुद्र अर्थात् कर्मचारीवर्ग आलंकारिक रूपमा वर्णन गरेको पाइन्छ । वास्तवमा मानवनै ईश्वरको रूप हो । मानव सेवा नै ईश्वरको सेवा हो र विराटरूप पुरूष जस्तो मानवता एक हो । यी चार वर्गका अतिरिक्त एउटा पञ्चम वर्ग छ। यी सबै पाँच वर्ग राष्ट्रका अङ्गहरू हुन् । यिनको रक्षा गर्नु र हित गर्नु पञ्चायतको मुख्य काम हो । मानव जातिलाई वेदले पाँच वर्गमा बाँडेको छ। यस कारण "पञ्चजनः"को अर्थ हो मानव जाति । यसको हित गर्ने संस्थालाई "पाँचजन्य" अथवा पञ्चायत भनेको हो । जस्तो–"यत् पाँचजन्यया विशा ईन्द्रे घोषा असृक्षत" (ऋग्-वेद ८–६३–७) अर्थात् प्रजाको पाँच वर्गहरूले ईन्द्र (राजा) काहाँ आफ्नो आफ्नो संमति (घोषणा) पठाए जसले गर्दा राजा शत्रुहरूलाई नाश गर्नमा समर्थ भए । यस वेदमन्त्रबाट पनि

थाहा हुन्छ कि वैदिक कालमा पाँचजन्य अर्थात् पञ्चायत व्यवस्था थियो। यसको अनुकूलतामा नै राजाको समर्थन थियो।

ऋग्वेदको अर्को मन्त्रमा 'पाँचजन्यो मरूत्वान्नः भवतु इन्द्र' अर्थात् राजा (इन्द्र) आफ्नो पञ्चायत र सेना (मरूत्) बाट हाम्रो रक्षा गरून्। साँचैनै श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहको सारगर्भिक शब्दमा "राज्यको सार जनता र फौज हो"।

वेदमा धेरै मन्त्रहरू छन् जसमा पञ्चायत व्यवस्था र राज–तन्त्रात्मक शासन प्रणाली पाइन्छ। यसको अनुकरण हाम्रो रामायण, महाभारत धर्मशास्त्रमा पनि पाइन्छ। महाभारतको सभापर्वमा नारदमुनिले महाराजा युधिष्ठिरसंग धेरै प्रश्नहरू सोधे जसबाट तत्कालीन शोषणरहित समाजको एक झलक पाइन्छ। यिनी सोध्छन्:–

कश्चित शूराः कृतप्रज्ञाः पञ्च पञ्चस्वनुष्ठितः।
क्षेमं कुर्वन्ति संहत्य राजन् जनपदे तव ॥

अर्थात् के तिम्रो राज्यमा शूर,वीर, अनुभवी पञ्चहरू पञ्चायत द्वारा मिलेर दुनियाँको कल्याण गर्छन ? (यी नारद मुनिका प्रश्नहरूबाट लोककल्याणकारी राज्यको लागि पञ्चायती व्यवस्थालाई नै दर्शाएको छ।)

## भगवान वुद्धको सात नियम – सप्त–अपरिहार्याणि

मगधको सम्राट अजात शत्रुले आफ्नो छिमेकी सानो लिच्छिवी राज्यलाई हडप गर्न खोजे। दुनियाँले भगवान बुद्धसित आफ्नो देशको रक्षाको लागि उपाय सोधे। भगवान बुद्धले नारदमुनिले जस्तै देशको स्वतन्त्रताको बचाउको लागि सातवटा प्रश्नहरू गरे।

(१) के लिच्छिवीहरू आफ्नो पञ्चायतको भेला संधै गराउँ-छन् ? (२) के पञ्चायतको कोरम ठीक रहन्छ ? (३) के यिनले पास गरेका प्रस्तावहरू कार्यान्वित हुन्छन् ? (४) के यिनी आफ्नो देशका स्त्रीहरूको रक्षा गर्छन् ? (५) के यिनी आफ्नो तीर्थस्थल, देवालय आदिको रक्षा गर्छन् ? (६) के यिनी कर्मठ र त्यागी छन् ? यस्तो भएमा मात्र नै लिच्छविहरूको राज्यलाई कसैले पनि अपहरण गर्न सक्दैन। भगवान बुद्धका यी प्रश्नहरूबाट देशको स्वतन्त्रताको लागि पञ्चायतद्वारा जनचेतना, राष्ट्रियता र देश प्रेम उत्पन्न हुन्छ। धर्म, संस्कृति र कुल स्त्रीह–रूको रक्षा हुन्छ। वेदमा पनि भनेको छ–

"वयं राष्ट्रे जागृयाम पुरूहिता:" अर्थात् हामी संधै राष्ट्रको स्वतन्त्रताको रक्षाको लागि सावधान रहौं र अगाडि बढौं। त्यसो भएमा मात्र कुनै शक्तिशाली राष्ट्रले स-साना राष्ट्रको स्वतन्त्रता छिन्न सक्दैन। यस कुराको पुष्टि गत दुई विश्व महायुद्ध-मा पाइन्छ। सानो बेलायतले आफ्नो स्वतन्त्रतालाई कसरी जर्मनीको सैनिकवादबाट रक्षा गऱ्यो। यसको मूलकारण देशको स्वायत्तशासन ( Local self-government ) ले गर्दा जन-चेतना, देश र नरेशप्रति श्रद्धा, भक्ति र राष्ट्रियता पाइन्छ।

हाम्रो पञ्चायती प्रजातन्त्रको पृष्ठभूमिमा दुईटा प्रधान-पक्षहरू छन्। (१) पञ्चायत हाम्रो प्राचीन परम्परागत संस्थाको रूपमा र (२) श्री ५ बाट बक्सेको राजनैतिक सिद्धान्त-को रूपमा। प्रथम प्रकारको पञ्चायत हाम्रो जनजीवनमा भिजेको र सांस्कृतिक देन हो र दोस्रो प्रकारको पञ्चायत

श्री ५ महाराजाधिराजको आफ्नो देन हो, जुन समय समयमा बक्सेका घोषणाहरू र संविधानको प्रस्तावना तथा पञ्चायतको निर्देशक सिद्धान्तमा निहित छ ।

राजतन्त्र एवं पञ्चायत दुवै नेपालका प्राचीनतम र सबल संस्थाहरू हुन् । अतः केन्द्रीय नियन्त्रणमा विकेन्द्रित प्रशासनका प्रयोग र राजतन्त्रको छत्रछायामा प्रजातन्त्रको विकासको परम्परा नेपालमा करिब २००० वर्ष भन्दा पनि अघिको देन हो । वैदिक युगमा राज्य प्रशासन गाउँको विशिष्ट स्थान थियो । त्यस बेलाका विश, ग्राम र कुटुम्ब मध्ये गाउँको स्थान मध्यवर्ती थियो । पुराणकालमा वर्णित "गण" दुईटा अर्थमा प्रयुक्त भएको पाइन्छ– 'एकाधीना' र "गणाधीना" भन्ने गणको अर्थ गणराज्य थियो र "कुला नामतु समुहस्य-तुगण: (कात्यायन)" को अर्थमा "गण" हाम्रै पञ्चायतको प्राचीनतम रूप हो । हाम्रो लिच्छवि शिलालेखहरूमा गण, संघ र पाँचाली, तीन प्रकारका संस्थाहरूको नाम आउँछ । तर गण र संघ धार्मिक संस्थाको रूपमा व्यवहृत छ र पाञ्चाली राजनैतिक ग्राम संस्थाको रूपमा । त्यसको कारण यो हो कि लिच्छविकालका राजनैतिक र धार्मिक संस्थाहरूमा व्यवस्था र सन्तुलन ल्याउने र तिनीहरूका आ-आफ्नो कार्यक्षेत्र विभाजन गर्न त्यसो मिलाइएका थिए जसबाट पहिलेको गणहरूले पछि पाँचाली नाममा राजनैतिक मान्यता प्राप्त गरे । लिच्छवि शिलालेखहरूमा पञ्चायतको तीन तत्व पाइन्छन्– निवासी, कुटुम्ब र प्रधान । महाभारत शान्ति पर्वमा बर्णित गणमा पनि कुल र प्रधानको उल्लेख भएको देखिन्छ । उता भारतमा

प्राचीन गुप्तकालीन शिलालेखहरूमा अष्टकूल र पञ्चकूलको व्यवहार भएको छ, पाँञ्चाली अथवा पञ्चायत शब्द आएको छैन । त्यसैले यी कुराहरूको आधारमा हामी दुईटा निष्कर्षमा पुग्न सक्छौं । पहिलो पञ्चायत शब्द अथवा संस्था नेपालको पाँचाली शब्दबाट आएको छ र अर्को हाम्रो प्राचीन कालीन पञ्चायत वैदिक र पौराणिक मान्यताका आधारमा बनेका थिए जसमा महाभारतमा वर्णित तत्वहरू पनि निहित थिए र साथै वैदिक मान्यताको तिनै स्तरहरू त्यहाँ समावेश थिए ।

अतः पञ्चायती व्यवस्था वैदिककालदेखि नेपाली माटोमा हुर्केको बिरूवा हो । यसमा नेपालीपन छ । किरात, लिच्छवी, मल्ल र शाहको शासन प्रणालीमा पञ्चायतनै एक मात्र शासन पद्धति थियो । यस कुराको पुष्टि तत्कालीन अभिलेखहरूबाट हुन्छ । किरात जाति वा मण्डलमा जो सबै भन्दा शूरो, अनुभवी हुन्थ्यो उसैलाई चुनिन्थ्यो । यस प्रकार जम्मा पाँच जनाले शासन व्यवस्था चलाउँदथे । यी चार या पाँच पञ्चायतबाट जिल्ला पञ्चायत जस्तो महामण्डलको गठन हुन्थ्यो ।

लिच्छवीकालमा शासन व्यवस्था पञ्चायतकै आधारमा थियो । जसले गर्दा लिच्छवीकालमा राजनैतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास हुन गयो ।

"कथं मे प्रजा सुखी भवेत्" कसरी मेरा प्रजाहरू सुखी हुन्छन् भनी अंशुवर्मा जस्ता लिच्छवी राजाहरूको लक्ष्य थियो । जुन पञ्चायत व्यवस्थाको मुख्य उद्देश्य हो ।

"प्रजानां सुखे सुखं राज्ञः, प्रजानां हिते हितम्" (कौटिल्य अर्थशास्त्र)

अर्थात् प्रजाहरूको सुखमा नै राजाको सुख र प्रजाहरूको हितमा नै राजाको हित हो भन्ने पञ्चायती शासनप्रणालीको मुख्य ध्येय हो । राजा अंशुवर्माको लेलेको शिलालेखबाट पञ्चायतको विभिन्न विभागहरू थाहा पाइन्छ । जस्तो "प्रदीप गोष्टी बत्तिको प्रबन्ध गर्ने, पानीय गोष्ठी गाउँ या जिल्लाहरूमा पिउने पानीको व्यवस्था मिलाउने, प्रणाली गोष्ठी कुलाको व्यवस्था मिलाउने, नाट्य गोष्ठी नाच-गान मनोरञ्जनको प्रबन्ध गर्ने, प्रवहण गोष्ठी यातायातको प्रबन्ध मिलाउने, मल्ल युद्ध गोष्ठी स्वास्थ रक्षाको लागि खेलकूद कुश्तीको बन्दोबस्त गर्ने, इन्द्र गोष्ठी इन्द्रयात्रा, इन्द्रध्वज उत्थान आदिको बन्दोवस्त गर्ने, इत्यादि (वैदिककाल देखिनै राष्ट्रिय झण्डा उठाउने इन्द्रध्वज उत्थान उत्सवको रूपमा मनाउने चलन थियो, जो अहिलेसम्म पनि नेपालमा पाइन्छ)

पञ्चायतका यी विभागहरूबाट (गोष्ठीहरू) त्यसको कामहरूको झलक पाइन्छ। यसको अतिरिक्त पञ्चायतहरू मुद्दा मामिला र करहरू उठाउने पनि काम गर्दथे ।

कठिन परिस्थितिमा अन्तिम निर्णय राजाकै सभाबाट हुन्थ्यो । त्यसबेला पञ्चायतले अक्षय नीति अर्थात् दुनियाँलाई ऋण दिने लिने काम पनि गर्दथे। (हेर्नुहोस् महाभारत सभापर्व)।

मल्लकालमा पनि लिच्छवीहरूको जस्तै पञ्चायत पद्धतिनै थियो । यसको पुष्टि तत्कालीन शिलालेख, ताम्रपत्रहरूबाट पनि

हुन्छ । राजा जयप्रकाश मल्लको बज्रयोगिनीको ताम्रपत्रमा स्पष्ट लेखेको छ ।

"राजोपाध्यायं, परमान, उमराउ, देशान्तरी महाविद्याधर र पञ्च सबै मिली सल्लाह गरी अबदेखि कान्तिपुर देशमा कसैले अन्याय गर्नु हुदैनभन्ने बन्देज बाँधियो" । भादगाउँको राजा रणजीत मल्लले पनि आफ्नो ताम्रपत्रमा लेखेका छन्– तिनै पक्ष– राजा, भारदार र प्रजाको उपस्थिति नभैकन सजाँय गर्नु हुँदैन, अपराधको परीक्षा नगरी कसैको चल अचल संपत्ति हरण गर्नु हुँदैन (हेर्नुस् नेपाल त्रिभुवन विश्वविद्यालय– सांस्कृतिक परिषद्द्वारा प्रकाशित)

श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहले पनि जनभावनाको कदर गर्दै कालुपाण्डेलाई नै कजाई बक्स्यो "प्रजा जसदेखि राजी रहन्छन् त्यसलाई कजाई दिनु" भन्ने दिव्य उपदेश गरेका छन् । श्री ५ शाहले पनि जनमतको कदर गर्दै रीतिथिति बाँधेको पाइन्छ ।

यस ऐतिहासिक पृष्ठभूमिमा हामी नेपालमा पञ्चायत पद्धतिको एक नेपाली परम्परा पाउँछौं ।

१९ सौं शताब्दीमा एशिया र अफ्रीका महाद्वीप प्रायः साम्राज्यवादको शिकार बन्न गए । एक अंग्रेजी विद्वानको शब्दमा भारतमा जनचेतनाको भावनालाई दबाउनको लागि अंग्रेजी शासनले पञ्चायती व्यवस्थालाई बढ्न दिएन हेर्नुहोस् (Parliamentary Papers By Charlsmetcalf) यसै समयदेखि नेपालमा पनि एक शताब्दीसम्म पञ्चायती व्यवस्थाको अन्त र एकतन्त्रात्मक राणाशासन स्थापित भयो । अहिले

नेपालको जनक्रान्ति र राणाशासनको पतन पछि श्री ५ महेन्द्रको सुयोग्य नेतृत्वमा नेपालले फेरि आफ्नो परम्परागत प्रजातान्त्रिक पञ्चायती व्यवस्था अंगालेको छ । गवरनर जनरल अकलैण्डले नेपालस्थित अंग्रेजी राजदूत हडसनलाई लेखेको गुप्त पत्रबाट थाहा हुन्छ कि कसरी विदेशी शक्तिहरू आफ्नो स्वार्थसिद्धको लागि दलीय सरकार खडा गराएर देशको स्वतन्त्रतालाई पनि खतरामा पार्छन् । र देश भक्तहरूको हत्या गराउँछन् । नेपालको कोतपर्वको हत्याकाण्ड यसको उदाहरण हो । गवरनर जनरलले आफ्नो राजदूतलाई लेखे (Bring the entire subjugation of Nepal or raise up another Gorkha Government or administration on terms favourable to our interest)

यो पत्रपछि अंग्रेजी राजदूतले नेपालमा धेरै पार्टीहरू खडा गराए जसले गर्दा देशमा अराजकता फैलियो, धेरै साम्राज्यवादविरोधी देशभक्तहरूको हत्या भयो हेर्नुहोस्- (Life of Hodgson by Hunter Life of Resident Lawrance)

अहिले पञ्चायतभन्दा गाउँको सम्झना हुन्छ । परम्पराको क्रममा चलिआएको अमाली गुठी वा पञ्चायत जस्ता स्थानीय संस्थाहरूबाहेक माथिल्लो स्तरका संस्था मात्रै बांनी हामीमा परेको छैन । उता अंग्रेजी शिक्षा परम्परामा अध्ययन गरेका व्यक्तिहरूमा पनि पञ्चायतको अर्थ स्थानीय स्वायत शासन-भन्दा माथिल्लो तहको संस्था मानिएको देखिँदैन । त्यसैले आधुनिक दृष्टिकोणका व्यक्तिहरू यसलाई फ्रान्सको कम्यून र इङ्गलैण्डको पेरिस जस्तै देख्तछन् । र उनीहरूका मनमा यो

शङ्का उब्जनसक्तछ कि पञ्चायतलाई हामीले जुन राष्ट्रिय दर्शन र कार्यप्रणालीको रूपमा मान्यता दिई आएका छौं, त्यो कहाँसम्म व्यावहारिक होला ।

प्राचीन ग्रीस र रोममा जुन नगर राज्य वर्णित छन् ती साना-साना स्वतन्त्र राज्यका रूपमा थिए र पछि मात्र यी राज्य-हरू राष्ट्र, राज्यमा परिणत भए । उन्नीसौं शताब्दीमा यूरोपमा सामाजिक कानूनको क्षेत्र विस्तार भयो र फलस्वरूप स्वायत शासनको क्षेत्रले विशेष महत्व प्राप्त गऱ्यो । यसको कारण राज्य-को कार्यमा वृद्धिमात्र थियो र स्वायत शासन राज्यको पूरक अङ्ग भएर केही सामाजिक कार्यमा सहायक बनेर आयो । सैद्धान्तिक दृष्टिकोणबाट हेर्दा यूरोपका देशहरूमा व्यक्तिवादी विचारधा-राको विरोध स्वरूप सामाजिक संस्थाहरूले पछि मान्यता पाए । तर हाम्रो देशमा त्यस्ता प्रथा पाइएनन् । हामीले आरम्भ-देखिनै सामाजिक संस्थाहरूलाई महत्व दिइआएका छौं । आज यूरोपको व्यक्तिवादी समाज जब हाम्रो सभ्यता र सँस्कृति-माथि निकै असर पार्न लागेको छ । औद्योगिक क्रान्तिका केही दुर्गुणहरूबाट हामीले सचेत रहनु पर्छ । आज यूरोपीय समाज पनि महसूस गर्न लागेको छ कि व्यक्तिवादी परम्पराले उनीहरूको पारिवारिक र सामाजिक जीवनलाई ठूलो हानी पुऱ्याउँदै छ । त्यसैले आफ्नो परम्परागत र ऐतिहासिक संस्था पञ्चायतलाई नै राष्ट्रिय संज्ञा दिएर आज हामीले पञ्चायती प्रजातन्त्रलाई नवीन युगको मान्यता र राजनैतिक सिद्धान्तको रूपमा अपना-एका छौं ।

कार्यक्षेत्रको दृष्टिले आधुनिक मान्यताहरू स्थानीय शासन र केन्द्रीय व्यवस्थाको क्षेत्रमा स्पष्ट सीमा रेखाखिच्ने पक्षमा देखिन्छ। त्यसैले यो विचार हाम्रो मनमा उब्जनु स्वभाविकै हो कि स्थानीय शासन जनसञ्चालित गैर सरकारी संस्था हुन् र राज्यको क्षेत्र केन्द्रीय भएकोले सरकारी क्षेत्र हो । यसको अर्थ केन्द्र र स्थानीय व्यवस्थाको क्षेत्र बेग्लै मान्ने होला तर हामी त्यस्तो विभाजन मान्दैनौं । धेरै विद्वान्हरूको विचारमा आजको युगमा अधिकतम कार्यहरू राष्ट्रिय प्रमुखता राख्छन् र प्रत्येक क्षेत्रमा राष्ट्रिय स्तर (National standard) निर्धारणको आवश्यकता हुन्छ । यसको अर्थ शिक्षा, स्वास्थ्य, यातायात इत्यादि जम्मै कार्यहरू स्थानीय क्षेत्रको बाहिर आउँछन् । त्यसैले पञ्चायत जस्ता स्थानीय संस्थाहरूको महत्व घट्दै जान्छ । तर यो जम्मै भ्रम मात्र हो । आजको राज्यको कार्यक्षेत्रमा यति विस्तार भइसकेको छ कि स्थानीय संस्थाहरूको माध्यम नलिएको खण्डमा राज्यले व्यक्ति व्यक्तिको हजारौं समस्याहरूका अवमूल्यन र समाधान केन्द्रबाट गर्न सक्तैन । उता विचार गरेर हेर्दा यो देखापर्छ कि केन्द्र र स्थानीय संस्थाहरूका बीचको विभाजन रेखा समाप्त हुन लागेको छ र आजको पञ्चायत अथवा त्यसको समानान्तर संस्थाहरू कुनै केन्द्रका सूत्र बाहिरको संस्था होइन र केन्द्र तथा पञ्चायत दुवै एउटै स्वशासन यन्त्रको उभय पक्ष हुन् । हाम्रो जस्तो विकासोन्मुख देशमा विकेन्द्रीकरणको अर्थ संघीय अथवा अर्धसंघीय संस्थाहरूको रूपमा राजनैतिक इकाईहरूको निर्माण होइन । हाम्रो विकेन्द्रीकरणको पृष्टभूमिमा

योजना र कार्यान्वयन छ, कार्यक्षेत्रमा विस्तार, कार्यान्वयनको क्षेत्रमा प्रशासनिक जटिलता छ र राष्ट्रनिर्माणका कार्य सुविधा र कुशलताको निम्ति पनि भिन्न भिन्न क्षेत्रहरूको निर्माण गर्नु परेको छ। त्यसैले हाम्रो व्यवस्थामा केन्द्रदेखि तलसम्मको संस्था-हरूमा परस्पर सहयोग र एक सूत्रीकरणको भावना निहित छ ।

साथै हाम्रो जस्तो विकासोन्मुख देशहरूलाई प्रजातन्त्र र योजना दुवैलाई सन्तुलित गरेर लैजानु परेको छ । योजना जनताको निमित्त नै हो र जनशक्तिको उपयोग मात्रले हामी छिटै उन्नति गर्न सक्तछौं । योजनाको सफलताको निमित्त चेतन समाज र स्वचालित संस्थाहरूको अत्यन्त आवश्यकता हुन्छ, अन्यथा प्रजातान्त्रिक प्रणालीको अन्तर्गत विरोध र कार्या-वरोध मात्र हुन्छ र योजनामा तीव्रता ल्याउने तत्वको अभाव हुन्छ। रूस अथवा चीनमा एक दलीय व्यवस्था भएकोले योजना-हरू सफल भएका छन् तर हाम्रो समाजमा जनशक्तिको उपयोग जनचेतनाका आधारमा हुन सक्छ। त्यसैले हामीले पञ्चायतको स्थानीय रूपलाई राष्ट्रिय व्यवस्थाको रूप दिएर एउटा नयाँ प्रजातान्त्रिक प्रणालीको निर्माण गरेका छौं ।

कुनै पनि राज्य सिद्धान्त युगको समस्या र राष्ट्रिय, अन्तर-राष्ट्रिय राजनैतिक वातावरणसित सम्बन्धित रहन्छ । तसर्थ यो भन्न सकिन्छ कि राज्य सिद्धान्तहरू वास्तविक राजनैतिक समस्याहरूको प्रतिफल मात्र हुन्छन् र प्रायः राज्यको विचारधारा र उद्देश्यलाई प्रतिबिम्बित गर्छन् । अर्कातिर यी सिद्धान्तहरू

युगको बौद्धिक मान्यता र विचार पद्धतिलाई पनि प्रकट गर्छन् र त्यस्तो गर्दा स्वभावतः विश्वको विचारधारा र संस्थाहरूको भावनाका पृष्ठभूमिमा तिनीहरूमा समय सुहाउँदो परिवर्तन ल्याउन नेतृत्व प्रदान गर्छन् । त्यसैले कहिले राज्य सिद्धान्तहरूको भरमा नवीन संस्थाहरू गठन गरिन्छ र कहिले प्रचलित संस्था र मान्यता प्राप्त कार्यप्रणालीको भरमा सिद्धान्त निरूपण गरिन्छ । जे होस्, राज्य सिद्धान्त कुनै निरन्तर सत्यलाई प्रतिपादित गर्दैन । यो हाम्रो स्वभाव जस्तै गतिशील र परिवर्तनशील हुन्छ । त्यसैले एकै सिद्धान्तका बेग्लै युग अथवा परिस्थितिमा कार्यान्वित गर्नुमा भिन्न भिन्न रूप देखिन्छ । फेरि एउटै युग र परिस्थितिमा पनि राजनैतिक समस्याहरूको समाधान गर्ने विचारधारामा भिन्नता पाइन्छ । यसको कारण हाम्रो परम्परागत मान्यता तथा बौद्धिक मूल्याङ्कनको मापदण्डमा भिन्नता हुनु हो ।

गत १५० वर्षको अवधिमा विश्वको राजनैतिक विचार-पद्धतिमा मौलिक परिवर्तन आइसकेको छ । अघिको राज्य सिद्धान्तहरू नैतिक समस्यामाथि जोड दिन्थे । तर आजको राज्य–सिद्धान्त भौतिक समस्याहरूमाथि जोड दिन्छन् । आधुनिक वैज्ञानिक अन्वेषण र राजनैतिक अनुभवले आजको राज्य–सिद्धान्तलाई निकै प्रभावित पारेको छ । यति भए तापनि हाम्रो मस्तिष्कको पर्दाको पछिल्तिरबाट एउटा अज्ञात ज्योतिले अझ हामीमाथि आफ्नो प्रभावकिरण छरिरहेको छ– त्यो किरण हाम्रो परम्परा र इतिहासको हो र त्यही किरण प्राचीन र नवीन धागोलाई जोड्दै जान्छ ।

आज यो प्रष्ट भइसकेको छ कि कुनै पनि अव्यावहारिक र अवास्तविक दर्शन टिक्न सक्दैन । आधुनिक जीवशास्त्रीहरूले प्राचीन सामाजिक अनुबन्धको सिद्धान्तलाई अस्वीकार गरिसकेका छन् र आज यो सर्वमान्य भइसकेको छ कि कुनै युगमा पनि मानिस एकलै बसेका थिएनन् । व्यक्तिवादका जम्मै स्तम्भहरू वास्तविकताको अभावले ध्वस्त भइसकेका छन् । त्यस्तै यो पनि साबित भइसकेको छ कि कुनै समाज कोरा विचार मात्रका भरमा टिक्न सक्दैन । ग्रीक र रोमको स्टोइक विचारधारालाई क्रिस्चियन विचारधाराले र १८ रौं शताब्दीको रेशनल विचारधारालाई राष्ट्रियतावादले परास्त गरेर आजको युगमा पनि उदारवादी विचारधारालाई दक्षिण र बामपन्थी विचारले ध्वस्त प्रायः गरिसकेको छ । अतः आजको चिन्तनशील मानिसहरूका मस्तिष्कमा निरन्तर संघर्ष जस्तो देखा पर्छ कि उन्नीसौं शताब्दीको प्रजातान्त्रिक मान्यताहरूलाई कसरी आफ्नो आर्थिक योजनाको समस्याहरूसित समन्वय गराउने र त्यस्तो गर्दा कुन आधारमा दक्षिण र बामपन्थी दुवै धाराहरूको जर्जर बेकम्मा स्तम्भहरूलाई भत्काएर नवीन र व्यावहारिक सिद्धान्तको प्रतिपादन गर्ने । अघिको समाजमा समय र दूरीको कारणबाट परस्पर संस्थाहरूका आदर्शमा अनेकता थियो । आज विश्वका संस्थाहरूका आदर्श एकत्वतिर सङ्केत गर्न लागेका छन् । तर त्यस्तो हुँदा हुँदै पनि सामाजिक र आर्थिक क्षेत्रमा अझ अनेकता र असमानता देखिन्छ । छोटकरीमा आजको परस्पर सम्बन्धित र व्यवहारप्रधान विचारधाराहरू अघिको आस्थाप्रधान विचारधाराबाट भिन्न छन् ।

जुनसुकै युगको पनि सर्वप्रमुख समस्या समाज र व्यक्तिको सम्बन्ध नै हुन्छ । व्यक्तिको समस्या हुन्छ कि कसरी आफ्नो व्यक्तित्वलाई सामाजिक जीवनसित मेल गराउने । समाजको समस्या छ–कसरी सामाजिक कार्यक्रमहरूलाई व्यक्तिका स्वतन्त्र–तासित मेल गराउने र कसरी व्यक्तिको आस्था र सहयोग प्राप्त गर्ने । जब व्यक्ति आफूतिर मात्र हेर्छ र समाजलाई बिर्सिन्छ अथवा जब समाज व्यक्तिको व्यक्तित्वलाई गुमाएर सामाजिक शक्ति मात्र बढाउने प्रयास गर्छ तब व्यक्ति र समाजको परस्पर सन्तुलन हराउँछ । त्यसैले पञ्चायतको सिद्धान्त–निरूपणमा हाम्रो मुख्य ध्येय व्यक्ति र समाजको सन्तुलन नै हो र त्यसैले यसमा व्यक्तिको व्यक्तित्वको विकासमाथि बढ्ता जोड दिन र राष्ट्रिय नेतृत्वको क्षेत्रमा बिस्तार ल्याउनको निमित्त विकेन्द्रीकरणलाई प्रमुख स्थान दिइएको छ ।

संविधानको प्रस्तावना र निर्देशक सिद्धान्त हेर्दा हाम्रो व्यवस्थाको उद्देश्य लोककल्याणराज्यको स्थापना हो । अतः सामाजिक न्याय पञ्चायतीप्रजातन्त्रको वरिष्ठ स्तम्भ हो । लोक-कल्याणराज्यको सिद्धान्त राजनीति शास्त्रको नवीनतम दर्शन हो र यसको ध्येय तीन प्रकारको न्याय समाजमा स्थापना गर्ने हो- राजनैतिक, आर्थिक र सामाजिक । यी तीनै थरिका न्याय पञ्चायतको निर्देशक सिद्धान्तमा प्रष्ट रूपले निहित छन् । मार्क्सवादको ध्येय वर्गविहीन र राज्यविहीन समाजको स्थापना हो । तर व्यावहारिक रूपमा श्रमजीवीहरूको अधिनायक वादको अर्थ अधिकतम राज्य-शक्तिको माध्यमबाट राज्यविहीन समाज-

को स्थापना हो । गाँधीवादको ध्येय प्रशासन यन्त्रको न्यूनतम व्यवहारको माध्यमबाट स्वचालित गाउँहरूको स्थापना हो । यसरी हेर्दा पञ्चायतको मुख्यतत्व लोक-कल्याण र विकेन्द्रीकरण भएकोले यसमा मार्क्सवाद, गाँधीवाद र प्रचलित प्रजातान्त्रिक मान्यताहरूको ध्येयबाट कुनै मौलिक अन्तर पाइदैन । मार्क्स-वाद, गाँधीवाद र लोककल्याण–सिद्धान्त तीनै वटा आर्थिक विषमता हटाउन विश्वसित छन् । आज दक्षिण र बाममार्गी विचारधारालाई हेर्दा यो लाग्छ कि यिनीहरूमा मुख्य अन्तर राजनैतिक अधिकार र आर्थिक क्षमताको क्षेत्रमा नै छ । प्रचलित प्रजातान्त्रिक प्रणाली व्यक्तिवादी विचारधाराबाट प्रभावितछ । त्यसैले आर्थिक न्यायमा त्यसको त्यत्ति आस्था रहंदैन र योजना-वद्ध प्रगतिमा पोषक तत्वहरूको त्यसमा अभाव छ । तर आजको युगमा आर्थिक सन्तुलनको अभावमा राजनैतिक एवं सामाजिक न्याय सम्भव छ जस्तो छैन । कम्यूनिष्टहरूले योजनावद्ध प्रगति-मा निकै सफलता देखाएका छन् तर राजनैतिक अथवा व्यक्तिगत स्वतन्त्रताको अभाव भएकोले आर्थिक न्याय पनि अपूर्ण हुन्छ, यसको मतलब मानिसको व्यक्तित्वलाई राज्यमा विलीन गर्ने हो । त्यसैले लोककल्याणको ध्येय लिएर हामीले आजको युगमा समन्वयवादको कल्पना गरेका छौं ।

अब लोककल्याणराज्यको स्थापना गर्नु हाम्रो ध्येय हो भने प्रजातन्त्र र योजना दुवैलाई लिएर हिंड्नु पर्छ । तर समस्या-पो यो छ कि राजनैतिक , सामाजिक एवं आर्थिक पक्षमा कुनलाई प्राथमिकता दिने ? प्रजातन्त्रको अभावमा योजना बढ्न सक्छ

तर त्यसको रूप पाक्षिक हुन्छ र बढ्ता केन्द्रीयकरणतिर मोड दिन्छ । उता योजनाबद्ध प्रगतिको अभावमा प्रजातन्त्रले भोकाएको मुखबाट रामभजन गराउने जस्तो हुन्छ । त्यसैले स्वशासित र स्वचालित समाजको माध्यमबाट पञ्चायती व्यवस्थामा आर्थिक योजना हुन लागेका छन् । योजनाबद्ध प्रगति ल्याउने राष्ट्रको सम्पूर्ण शक्तिलाई निर्माणतिर घचघच्याउनु पर्दछ र त्यसको निमित्त सरकार, कर्मचारी र जनताको एक सूत्रीकरण गरेर सम्पूर्ण जनशक्तिलाई चालित गर्नु आवश्यक छ । कम्यूनिष्ट देशहरूमा शक्तिको निर्माण र सञ्चालन तथा सरकार,कर्मचारी र जनताको परस्पर एकीकरण पार्टी गर्छ । हाम्रो पञ्चायती व्यवस्थामा त्यस्तो यन्त्रको मान्यता छैन । यसको सट्टामा राज्यको विचारधारा र कार्यको सञ्चालन स्वशासित र स्वचालित पञ्चायतहरूको माध्यमबाट र केन्द्रको कम से कम नियन्त्रणबाट गर्न हामी प्रयास गर्न लागेका छौं । त्यसैले योजना र प्रजातन्त्र अथवा अर्थतन्त्र र प्रजातन्त्र दुवैको सहअस्तित्व पञ्चायती व्यवस्थाको माध्यमबाट हुन सम्भव छ ।

लोककल्याणराज्यको प्रथम चरण आर्थिक समता हो । त्यसैले पञ्चायती पद्धतिमा आर्थिक योजनालाई प्राथमिकता दिइएको छ । कुनै पनि देशले जबसम्म आफ्नो आर्थिक स्तर उठाउन सक्दैन तबसम्म त्यसको राजनैतिक स्वतन्त्रता नाम मात्रको रहन्छ। सत्रौंदेखि उन्नाइसौं शताब्दीसम्मको युगको नारा राजनैतिक स्वतन्त्रताको नारा थियो र यूरोपका प्रजातान्त्रिक मान्यताहरू त्यसैको प्रवाहमा बहेका थिए । यसको कारण थियो

कि लकदेखि ग्रीनसम्मको विचारकहरूमा व्यक्तिवाददेखि बाहिर हिड्ने क्षमता थिएन । व्यक्ति र समाजको समन्वय यूरोपीय विचारधारामा अहिलेसम्म हुन पाएको छैन ।

लोककल्याणराज्यको कल्पनाले पाश्चात्य देशको आध्यात्मिक र भौतिक राजदर्शनमा एकता स्थापित गर्ने प्रयास गरेको छ । साथै यस कल्पनाले हिन्दूराज्यदर्शन र पाश्चात्य राज्यदर्शनमा पनि निकै सन्तुलन ल्याएको छ । लोककल्याणराज्यका विचारकहरू विश्वास गर्न लागेका छन् कि राज्यको विकास व्यक्तिको सर्वाङ्गीण विकासद्वारा नै सम्भव छ ।

पञ्चायतलाई प्रजातान्त्रिक प्रणालीको रूपमा मूल्याङ्कन गर्दा सर्वप्रथम आधुनिक मान्यताहरूमा यसको स्थान निरूपण हुन आउँछ । आधुनिक प्रजातान्त्रिक व्यवस्थाहरूको वर्गीकरण साधारणतः दुइटा प्रमुख दृष्टिकोणबाट हुन सक्छ (१) कार्य विभाजनको आधारमा र (२) कार्यकारिणी–व्यवस्थापिका सम्बन्धको आधारमा । पहिलो दृष्टिकोणबाट प्रजातान्त्रिक व्यवस्थालाई केन्द्रात्मक र संघात्मक प्रणालीमा विभाजन गरिन्छ । र दोस्रो दृष्टिकोणबाट संसदीय र असंसदीय प्रणालीमा विभाजन हुन्छ। प्राचीन कालदेखि नै नेपालले केन्द्रात्मक प्रणाली अपनाई आएको छ र संघात्मक प्रणालीलाई चाहिने तत्वहरूको अभाव पनि छ । तर आजको युगमा संघात्मक र केन्द्रात्मकको विभाजन सिद्धान्तमाथि नयाँ ढङ्गमा विचार गर्ने अवस्था पनि आइसकेको छ । आज विकासोन्मुख राष्ट्रहरूका सामुन्ने दुइटा समस्या छन् जुन केन्द्रीयकरण तिर लैजान्छ ।

(१) रक्षा र आन्तरिक व्यवस्था तथा (२) योजना र राष्ट्रिय स्तर ( National Standard ) यो दुवै दृष्टिकोणबाट हेर्दा केन्द्रीयस्तरको नियन्त्रणतिर बढ्ता झुकाव देखिन्छ । तर योजनाको कार्यान्वयन र लोककल्याण राज्यको बढ्दो कार्यभार र उत्तरदायित्वको दृष्टिकोणबाट हेर्दा जस्तोसुकै शक्तिशाली र व्यवस्थित केन्द्र किन नहोस् स्थानीय संस्थाहरूको मद्दत नलिइकन काम गर्नु असम्भव जस्तो हुन्छ । अब समस्या आउँछ कि कुन कार्यक्षेत्रमा नियन्त्रणलाई प्राथमिकता दिने र कुन कार्यक्षेत्रमा कार्यविभाजनलाई ? । पञ्चायती व्यवस्थामा हामीले विकेन्द्रीकरणको सिद्धान्तलाई मान्यता दिएका छौं तर यो कुनै संघात्मक सिद्धान्तको आधारमा होइन, हाम्रो व्यवहारको दृष्टिकोणबाट भएको छ । मुख्यतः हाम्रो विकेन्द्रीकरणको राजनैतिक र प्रशासनिक दुइटा पक्षहरू छन् । संविधानले राजनैतिक स्तरमा विकेन्द्रीकरणलाई पञ्चायती व्यवस्थाको केन्द्रबिन्दु बनाएको छ र प्रशासनिक विकेन्द्रीकरण यसको पूरकमात्र भएर आएको देखिन्छ । विवकेन्द्रीकरणको राजनैतिक पक्षमा हामीले संस्थात्मक पदसोपान ( Institutional Hierarchy ) को सिद्धान्त अपनाएका छौं तर हाम्रो प्रारम्भिक इकाई गाउँ छन् र गाउँदेखि केन्द्रसम्म श्रेणीबद्ध राजनैतिक संस्थाहरूको निर्माण भएको छ । व्यवहाररूपमा संस्थाहरूको श्रेणीबद्ध निर्वाचन पञ्चायती व्यवस्थाको नयाँ राजनैतिक प्रयोग हो । तर यस्तो विचारधारा पहिले पनि आइसकेको छ । पदसोपान प्रणालीमा प्रचलित क्षेत्रीय निर्वाचन प्रणालीभन्दा बढ्ता स्थानीय नेतृत्वको निर्माण

हुन्छ र जनसम्पर्क, जन सहयोग तथा राजनैतिक प्रशिक्षणको बढ्ता अवसर जनतालाई प्राप्त हुन्छ । योजनाको प्रजातान्त्रिक रूपमा कार्यान्वयनको दृष्टिकोणले हेर्दा यो बढ्ता व्यवहारिक पनि लाग्छ । जहाँसम्म कार्य वितरण र नियन्त्रणको समस्या छ, भिन्न भिन्न देशहरूको भिन्न भिन्न तरीका छन् । फ्रान्समा स्थानीय स्तरमा हाम्रो जस्तो पदसोपानको तरीका अपनाइएको छ र डिपार्टमेण्ट, एरान्डाइजमेण्ट तथा कम्यूनका श्रेणीबद्ध निर्माण भएका छन् । तर त्यसको केन्द्रस्थल कम्यून नभएर केन्द्र छ र बढ्ता प्रशासनिक नियन्त्रण छ । त्यसैले फ्रेन्च प्रणालीलाई पूर्ण रूपेण केन्द्रित मानिन्छ । (The Minister of interior pushes the Button and the whole of France is lighted)

इङ्गलैण्डमा स्थानीय संस्थाहरूको अधिकार क्षेत्र सीमित छ र कार्यविभाजनमा (Administrative Control) प्रशासनिक नियन्त्रणको सिद्धान्त अपनाइएको छ । अमेरिकामा राज्य स्थानीय संस्थाहरूको बीचमा कार्यविभाजन (Legisla tive Distribution) कानूनी वितरणको सिद्धान्तमा आधारित छ र इङ्गलैण्ड जस्तो त्यहाँ माथिल्लो तहको हस्तक्षेप हुँदैन । पदसोपान प्रणाली युगोस्लाभिया र यू. ए. आर. मा पनि प्रयोग हुन लागेको छ । भारतमा राज्य र स्थानीय संस्थाहरूको अधिकार क्षेत्रमा एकरूपता आएको छैन र भिन्न भिन्न राज्य भिन्न भिन्न पद्धति प्रयोग गरिरहेका छन् ।

हाम्रो परम्परा केन्द्रित शासनको र प्रशासकीय नियन्त्रणको छ । तर प्रशासनिक नियन्त्रण भए तापनि पञ्चायती

व्यवस्थामा संवैधानिक र कानूनी तवरले अधिकार वितरण भएको छ । अतः इङ्गलैण्डमा जस्तो केन्द्रीय नियन्त्रण सम्भव पनि छैन र व्यवहारिक पनि छैन । फेरि अरू देशहरूसंग हाम्रो मुख्य अन्तर यो छ कि हाम्रो पदसोपानले केन्द्रदेखि गाउँसम्मलाई राजनैतिक एक सूत्रता ल्याएको छ । हाम्रो प्रष्ट अधिकार क्षेत्रहरूका निर्माण, योजनाबद्ध प्रगति, जन-सहयोग र जनजागरणको निमित्त अत्यन्त नै आवश्यक छ ।

यहाँ विचारणीय कुरा यो हो कि विकेन्द्रीकरण नै हाम्रो साध्य हो अथवा यसलाई हामीले कुनै अर्को लक्ष्यप्राप्तिको निमित्त साधन बनाएका छौं । यो कुरा प्रष्ट छ । पञ्चायतको निर्देशक सिद्धान्तको रूपमा हाम्रो संविधानले राजनैतिक,आर्थिक र सामाजिक न्यायलाई लक्ष्य र उद्देश्य मानेको छ । अतः विकेन्द्रीकरण योजना र प्रजातान्त्रिक प्रणाली हाम्रो साधन मात्र हुन् । विकेन्द्रीकरणको परम्परागत विचारधारामा नयाँ मोड दिनमा पञ्चायती व्यवस्थाको उद्देश्य प्रजातन्त्र र योजनामा व्यवहारिक दृष्टिकोणबाट समन्वय स्थापित गर्न मात्र होइन, प्राविधिक आर्थिक, राजनैतिक, सामाजिक, परम्परागत राष्ट्रिय र अन्तर्राष्ट्रिय इत्यादि समस्याहरूको सन्दर्भमा कार्यपद्धतिको निर्माण पनि हो । यसैले हाम्रो पञ्चायती व्यवस्था निश्चय नै हाम्रो मान्यता, विचारपद्धति, मनोभावना तथा राजनैतिक,प्रशासनिक र प्राविधिक सम्बन्ध जस्मैमाथि असर पार्छ ।

हामीलाई जति प्रजातन्त्र प्रिय छ त्यति नै योजनाबद्ध

विकास पनि। किनकि राजनैतिक र आर्थिक दुवै क्षेत्रमा सन्तुलित न्याय हाम्रो ध्येय हो। प्रजातन्त्रको परम्परागत अर्थ स्वशासन र राजनैतिक अधिकारहरूको संरक्षण हो र यस मार्गबाट अलिकति हटेमा अथवा कुनै नयाँ प्रयोग अथवा मान्यता अपनाएमा धेरै मानिसको मनमा प्रजातन्त्रमाथि नै खतराको शङ्का उठ्छ। तर प्रत्येक युगमा नयाँ प्रजातान्त्रिक मान्यताहरूको निर्माण हुँदै आएको छ। र पुरानो बेकम्मा जर्जर मान्याताहरूको बहिष्कार पनि हुँदै गएको छ। हाम्रो जस्तो अविकसित देशमा आर्थिक योजनाको कार्यान्वयन र भोक र बेकारीको समाधान, सर्वप्रथम कर्तव्य छन् र जबसम्म हाम्रो आर्थिक स्तर उठ्दैन, साधारण जनताको निमित्त राजनैतिक स्वतन्त्रता नारावाजीमात्र रहन्छ। अतः योजनाबद्ध प्रगति र औद्योगिक विकास हाम्रो मौलिक आवश्यकता छन्। परम्परागत प्रजातान्त्रिक प्रणालीमा निरोध र अवरोध बढ्ता हुन्छ अतः योजनाको कार्यान्वयन त्यति गतिलो हुँदैन। जबसम्म राष्ट्रको सम्पूर्ण साधनहरूलाई युद्ध–स्तरीय ढङ्गबाट हामी राष्ट्रनिर्माणमा लगाउँदैनौं छिटो प्रगति सम्भव हुँदैन तर त्यस्तो गर्दा बढ्ता केन्द्रीय नियन्त्रण र प्रजा-तन्त्रमाथि खतरा हुन्छ– यो खतरालाई रोक्नको निमित्त एक मात्र बाटो विकेन्द्रीकरणको बाटो छ। यसैले प्रजातन्त्रको धागो योजनासित जोड्नु परेको छ। हाम्रो विचारमा यो कार्य राजनै-तिक संस्थाहरूका स्तर निर्माण र उत्तरदायित्व हस्तान्तरणबाट मात्र सम्भव छ।

फेरि योजनालाई बढ्ता प्राविधिक ज्ञानको आवश्यकता हुन्छ र केही मात्रामा प्रशासनिक र प्राविधिक ज्ञान राजनैतिक

नेतृत्वमा पनि हुनै पर्छ जस्तो लाग्छ । जननेतृत्वको क्षेत्रमा प्रारम्भिक प्रशासनिक र प्राविधिक ज्ञानको अभावमा प्रजातन्त्र र योजना दुवै माथि खतरा उत्पन्न हुनसक्छ । यसको कारण छ कि हाम्रो जस्तो विकासोन्मुख देशमा शिक्षाको अभाव छ र जननेतृत्वको स्तर प्रायः साधारणभन्दा निम्नस्तरीय हुन्छ । यसैले राष्ट्रियता र राष्ट्रनिर्माणको सट्टा व्यक्तिगत स्वार्थ, दलगत भावना इत्यादिलाई प्राथमिकताको प्रोत्साहन हुन्छ । हाम्रो विकेन्द्रीकरणको अर्को पक्ष पाश्चात्य उदारवादी प्रजातन्त्र र समाजवादी शोषणरहित समाजको सामञ्जस्य हो । योजना र राजनैतिक प्रजातन्त्रका समन्वयमा केन्द्रीकरण र विकेन्द्रीकरणको सन्तुलन चाहिन्छ । साम्यवादी पद्धतिमा शासन केन्द्रित हुन्छ र सिद्धान्तनिर्माण तथा कार्यान्वयनका क्षेत्रमा सीमारेखा हुँदैन । त्यस्तै राजनैतिक र प्रशासनयन्त्रमा पनि सीमारेखा हुँदैन । पाश्चात्य देशहरूको प्रजातान्त्रिक प्रणालीमा औद्योगिक विकासको छायाँमा प्रजातन्त्र बनेको छ र विकेन्द्रीकरणको अर्थ केही राजनैतिक अधिकारहरूको वितरणमात्र हुन्छ । अत यो दुवै पद्धतिमा गत्यवरोध, अयोग्यता अथवा अव्यवस्थाको हामीलाई जस्तो खतरा छैन । तर हाम्रो जस्तो अविकसित देशमा जहाँ कार्यान्वयनको लागि मानवशक्ति ठूलो पूँजी छ । विकास कार्यक्रमहरूलाई गतिलो बनाउन जनतालाई जगाउनु परेको छ, उनीहरूमा विश्वास र राष्ट्रियभावना ल्याउनै परेको छ । अतः राजनैतिक विकेन्द्रीकरणको माध्यमबाट मात्र हामी यसको निमित्त उचित वातावरण तैयार गर्न सक्छौं ।

प्रशासनिक दृष्टिकोणबाट हेर्दा हाम्रो विकेन्द्रीकरणको पृष्ठभूमिमा आधुनिक युगका कुशलता र मितव्ययिताको सिद्धान्तको साथै प्राविधिक (Technocratic) र लोककल्याणका विचार पनि छन् । सैद्धान्तिक दृष्टिकोणले प्रशासनका दुई थरीका विचारधाराहरू छन्:–

(१) (Unity of Command) निर्देशनको एकताको सिद्धान्त ।

(२) (Span of Control) नियन्त्रण विस्तारको सिद्धान्त ।

(Unity of Command) निर्देशनको एकताको सिद्धान्त केन्द्रीकरणको विचारधारालाई मान्यता दिन्छ । यस अनुसार प्रत्येक विभागको कार्यमाथि एक व्यक्तिको नियन्त्रण हुनुपर्छ र त्यस्तै माथिल्लो तहमा पनि सम्पूर्ण नियन्त्रण र सिद्धान्तनिर्माण एउटै ठाउँमा केन्द्रित हुनैपर्छ । नियन्त्रण विस्तारको सिद्धान्तमा नियन्त्रणको एउटा सीमा हुन्छ र त्यस-भन्दा बढी क्षेत्रको विस्तार सम्भव हुँदैन । यसै विचारधाराको भरमा प्रशासकीय विकेन्द्रीकरणको सिद्धान्त बनेको छ । व्यवहार रूपमा देश,काल,परिस्थिति जम्मैमाथि विचार गर्दा हामी आफ्नो निर्णयतिर लागेर एउटा व्यावहारिक निष्कर्षमा पुग्न सक्छौं । हामी जम्मै प्रशासनिक सिद्धान्तलाई दुई भागमा बाडौं (१) साधारण सिद्धान्त र (२) कार्य सिद्धान्त । साधारण सिद्धान्त एक निर्देशनको आधारमा परिचालित हुन सक्छ र कार्य सिद्धान्त-को क्षेत्रमा विकेन्द्रीकरण पूर्णरूपमा लागू गरेर स्थानीय प्रेरणा

(Initiative) लाई बढावा दिन सक्छौं । वास्तवमा यो दुवै सिद्धान्त प्रशासनको क्षेत्रमा दुइटा उद्देश्यले बनेका छन् । निर्देशनको एकताको उद्देश्य कर्मचारीहरूमाथि नियन्त्रण हो र नियन्त्रण विस्तारको उद्देश्य प्रशासनिक संगठनमा क्षेत्रविस्तार र कुशलता ल्याउने हो । अतःसफल र कुशल विकेन्द्रीकरणको निमित्त दुवैको संगम स्थापित गरेर मात्र हिड्नु सम्भव होला । विकेन्द्रीकरणको क्षेत्रमा यो जरूरी छ कि केही हदसम्म प्रशासनका कर्मचारीहरूको मनोभावना र तिनीहरूको आपस्तको सम्बन्धमा परिवर्तन होस् । गत १०० वर्षभन्दा बढीको राणाप्रशासनको हाम्रो परम्परा केन्द्रनियन्त्रित र चाकरी भावनाको छ र यसको साथ योजनाबद्ध विकास ल्याउनमा प्रजातन्त्र र जननेतृत्वको केही परम्परागत कमजोरी पनि आउन सक्छ । अतः प्रशासनको मनोभावनालाई जनकल्याणतिर मोड्नु अत्यन्त आवश्यक हुन्छ– जुन कार्य विकेन्द्रीकरणले गर्न सक्छ ।

केन्द्रित र विकेन्द्रित प्रशासनमा मुख्य अन्तर यो छ कि केन्द्रित प्रशासनमा स्थानीय प्रशासन केन्द्रसञ्चालित यन्त्र जस्तो काम गर्छन्, त्यसमा आफ्नो कार्य–क्षमताको विकास हुँदैन र आफ्नो स्तरको कार्यमाथि पनि निर्णय लिने अधिकार हुँदैन । विकेन्द्रित प्रशासन स्थानीय स्तरमा अधिकारीहरू आफ्नो क्षेत्र-कार्यमा आफै निर्णय लिन्छन् र केही हदसम्म आफ्नो नियन्त्रण हुन्छ । यसले उनीमा कार्यक्षमता बढ्दै जान्छ । हाम्रो पञ्चायती व्यवस्थामा विकेन्द्रीकरणको सफलता केन्द्रीय प्रशासन यन्त्रको स्थानीय प्रशासन र राजनैतिक इकाईहरूसित सम्बन्ध र व्यवहार-

माथि निर्भरछ । विकेन्द्रीकरणमाथि सबभन्दा ठूलो खतरा हाम्रो आधिकारिक मनोभावनबाट हुनसक्छ । प्रशासकहरूमा आफ्नो अधिकार र ओहोदाप्रति बढ्‌ता अहंभाव हुन्छ र कुनै पनि विभागीय प्रमुखको उत्तरदायित्व केन्द्रप्रति भएकाले र बजेट केन्द्रनियन्त्रित हुनाले स्वभावतः प्रशासकले आफ्नो उत्तरदायित्व र अधिकार हस्तान्तरण गर्न चाहँदैनन् । विकेन्द्रीकरणको सफलतालाई यो मनोभावना बदल्नु पर्दछ । अर्को समस्या पूर्णतः प्रशासनिक हो । विकेन्द्रित प्रशासनको सफलता धेरै हदसम्म प्रशासन–सिद्धान्तको स्थिरता, स्थानीय प्रशासकहरूको कार्य कुशलता, योग्य र अनुभवी कर्मचारीहरूको प्राप्ति (Availibility) तथा स्थानीय समस्याहरूको समाधानको क्षमतामा निर्भर हुन्छ । जबसम्म स्थानीय स्तरको कर्मचारीहरूमा कार्य क्षमताको विकास हुँदैन जति अधिकार दिएमा पनि उनीहरू केन्द्रतिर नै हेर्छन् । तेस्रो समस्या नियन्त्रणको समस्या हुन्छ । यस क्षेत्रमा कार्यविभाजन र कार्यसंयोजनका समस्या छन् । कति हदसम्म राष्ट्रिय स्तरलाई ग्राह्यता दिने र कुन हदसम्म स्थानीय कार्य प्रेरणालाई ?। केन्द्रीय-स्थानीय सम्बन्धको क्षेत्रमा दुवैको समान महत्व हुन्छ साथै एउटै विभाग अथवा शाखाका देखरेखमा थरी थरीको विभाग र उपशाखा भएमा विचार मिल्दैन र समस्या समाधानमा कठिनाइ हुन्छ । अत सन्तुलित र वैज्ञानिक नियन्त्रणको अभावमा विकेन्द्रित यन्त्रहरू कमजोर पर्न सक्छन् । अन्तिम समस्या प्रशासन बाहिरको समस्या हो । यो प्रशासनिक र राजनैतिक यन्त्रहरूको परस्पर समन्वयको समस्या हो । जनता र जनताद्वारा सञ्चालित

संस्थाहरूलाई प्रशासनको क्रममा (Process) कसरी सामेल गर्ने । अर्को शब्दमा सरकारी र गैरसरकारी मनोभावनामा कसरी परस्पर तारतम्य स्थापित गर्ने ।

पञ्चायती व्यवस्थाको एउटा आफ्नो देन कार्यकारिणी र व्यवस्थापिकाको सम्बन्धको पक्ष हो । हाम्रो व्यवस्थाको नकारात्मक पक्ष संसदीय प्रजातन्त्रको बहिष्कार हो र सकारात्मक पक्ष निर्दलीय प्रजातन्त्रको स्थापना हो । तर सामान्यतः प्रजातान्त्रिक प्रणालीमा पञ्चायत प्रणालीको स्थान संसदीय र असंसदीय विचारधाराको मध्यवर्ती छ । असंसदीय व्यवस्था जस्तै हाम्रो कार्यकारिणीको सम्पूर्ण चालन श्री ५ महाराजाधिराजमा निहित छ र मन्त्रीमण्डल श्री ५ द्वारा नै नियुक्त तथा श्री ५ प्रति नै उत्तरदायी हुन्छ । तर अमेरिका जस्तो हामीले शक्तिविभाजनको सिद्धान्त अपनाएका छैनौं । संसदीय व्यवस्था जस्तै हाम्रो मन्त्रिमण्डलको निर्माण रा. पं. का सदस्यहरू मध्येबाट हुन्छ र रा. पं. २।३ को बहुमतले मन्त्रिमण्डललाई खारेज पनि गर्न सक्छ । तर मन्त्रिमण्डल रा. पं. प्रति उत्तरदायी हुँदैन । राजतन्त्र सबल, परम्परागत र जनप्रिय संस्था भएकोले नेपालमा संसदीय व्यवस्थाको मौलिक तत्वहरूको अभाव छन् । संसदीय व्यवस्था र पार्टीतन्त्रको निर्माणको पृष्ठभूमि आजको समस्या र मान्यताहरूसित मेल खाने पनि देखिंदैन । प्राचीन ग्रीसको प्रजातान्त्रिक प्रणालीमा मजिष्ट्रेट र जजहरूको निर्वाचन सोझै जनताबाट हुन्थ्यो र कानून निर्माणको कार्य पनि स्वयं जनताले गर्दथे । पछि गएर ठूलो राष्ट्र राज्यहरूको निर्माण भयो र

अप्रत्यक्ष प्रजातन्त्रको परम्परा आयो । यसको पृष्ठभूमिमा यूरोपमा शिक्षावृद्धि र औद्योगिक क्रान्ति थियो । जागरूक र चेतन समाजले राजनैतिक अधिकारको माँग गरेर त्यसैको फलस्वरूप यूरोपको प्रजातान्त्रिक प्रणालीको निर्माण भयो । नेपालमा यूरोपिय मान्यताका प्रजातन्त्रलाई मापदण्ड बनाएर हामी औद्योगिक क्रान्तितिर लागेका छौं । अतः हाम्रो प्रयोगको क्रम एकदमै भिन्न छ । यूरोपको सामुन्ने राजनैतिक प्रजातन्त्रको ध्येयमात्र थियो । हामीहरूको सामुन्ने राजनैतिक र आर्थिक प्रजातन्त्र दुवै ध्येय छ । अतः हाम्रो समस्या पाश्चात्य देशको मान्यतामात्रको भरमा हल हुने सम्भव छैन

पाश्चात्य प्रजातान्त्रिक पद्धतिमा एक निर्वाचन र अर्को निर्वाचनको मध्यावधिमा जनता सरकारको कार्यहरूमा मूक र असाहाय दर्शक जस्तो बन्छ । संसदीय प्रजातन्त्र आएपछि जनताको सट्टामा मध्यवर्ती नेतृत्वको निर्माण भयो र जनताको आफ्नो प्रेरणा ( Initiative ) हरायो । तर हाम्रो पञ्चायती व्यवस्थामा हामीले महसूस गरेका छौं कि जबसम्म हामी जनतालाई नै कार्यारत गर्न सक्दैनौं र ग्रामस्तरीय नेतृत्वको निर्माण गर्न सक्दैनौं राष्ट्रनिर्माण सम्भव छैन । दूरस्थ र अधिकारवादी नेतृत्वबाट योजना र प्रजातन्त्रको समन्वय सम्भव हुँदैन ।

केही नवोदित राष्ट्रहरूको राजनीति हेर्दा दलीय व्यवस्थामा दुइटा प्रवृत्ति देखिन्छ एक तिर अराष्ट्रिय साठ गाठँ र अर्कोतिर जातिवाद, नातावाद, थरीवाद र शक्तिवाद । यो दुवै प्रवृत्तिको

बीचमा राष्ट्रियता र राष्ट्रनिर्माणमाथि ठूलो खतरा उत्पन्न भएको छ । त्यस्तै केही व्यवस्थित प्रजातान्त्रिक प्रणालीहरूलाई हेर्दा लाग्छ कि सरकार परिवर्तन भएमा इङ्गलैण्ड अथवा अमेरिकामा राष्ट्रिय र अन्तर्राष्ट्रिय नीतिमा कुनै मौलिक परिवर्तन हुँदैन । पडोसी राष्ट्र भारतमा हालमा भएका दल परिवर्तन, दलीय हुलदङ्गा इत्यादि दलगत परिपाटीमाथि ठूलो धक्का पुऱ्याएका छन् । यस्तो परिस्थितिमा हाम्रो निर्दलीय विचारधारा सामयिक, व्यवहारिक र अनुकरणीय प्रयोग जस्तो लाग्छ ।

योजना र प्रजातन्त्रको सम्बन्ध हेर्दा दलगत प्रणालीको अनिवार्यतामा अझ शङ्का हुन लागेको छ । आज राजनीतिमाथि आर्थिक प्रगतिको छायाँ छ र विरोधभावनाको उपादेयता घटेको छ । निर्माणको बाटो हिड्दा एक दल र अर्का दलको बीचमा विचार भिन्नता त्यति छैन । यदि छ भने रूसी कम्युनिजम, चाइनिज कम्युनिजम अथवा अमेरिकी उदारवाद लिएर मात्र छ । आफ्नो राष्ट्रिय स्तरमा त्यसको उपादेयता छैन । त्यस्तै अन्तर्राष्ट्रिय नीतिमा झन् राष्ट्रिय र अन्तर्राष्ट्रिय विचारको एकता हुन लागेको छ । अतः यस क्षेत्रमा पनि दलगत विरोधको आवश्यकता देखिंदैन । फेरि योजनामा राष्ट्रिय एकताको बढ्ता जरूरत हुन्छ र विकासोन्मुख देशहरूमा राजनैतिक दलहरूको प्रवृत्ति आस्था-प्रधान नभएर जीविका प्रधान हुन लागेको छ । र नेता र कार्यकर्ताहरूको जीवनयापनको आशा केन्द्र पनि पार्टी नै हुन्छ । अतः सरकारमा आएपछि धनोपार्जन पनि उनीहरूको ध्येय हुन्छ । पाश्चात्य देशहरूमा पनि केही हदसम्म यो दुर्गुण छ

तर अविकसित देशहरूमा आर्थिक स्तर सारै नै निम्नकोटिका भएकाले यो दुर्गुण बढ्ता प्रष्ट हुन्छ । यसको फलस्वरूप एकतिर सरकारमा गएका नेताहरूमा विभिन्न प्रकारले बेइमानीको भावना आउँछ र अर्कोतिर शासनमा बस्नेलाई अप्रजातान्त्रिक तरीका-हरूको उपयोग गरिन्छ । उता पार्टीको आधारस्तम्भ निर्वाचन मेन्यूफेस्टोमा पनि नेता र जनता दुबैको विश्वास हराईसकेको छ । संसदभित्रको कार्यप्रणाली हेर्दा लाग्छ कि पार्टी तन्त्रले प्रजातन्त्रलाई ढोंगमात्र बनाएको छ । नेतृत्वमा कुशलता र शिक्षाको अभावमा कानून निर्माण वास्तवमा दक्ष कर्मचारीहरू गर्छन् र पास गर्ने काम मन्त्रिमण्डल गर्छ र संसद र संसदीय कार्यक्रमले छापमात्र लाउने काम गर्छ । यसरी हेर्दा तलदेखि माथिसम्म प्रजातन्त्रका मान्यताहरू बेकम्मा भइसकेका छन् र विशेष गरेर दलगत नीति जसलाई प्रजातन्त्रको आधार स्तर भनिन्छ, त्यो प्रायः भत्किसकेको छ । पञ्चायती प्रणालीमा हामीले मुख्यतः दलगत नीतिलाई त्याग गरेका छौं– बाँकी धेरै प्रजातान्त्रिक मान्यताहरू आफ्नो ठाउँमा छन् । यो हाम्रो प्रयोग नयाँ हो तर सामयिक छ र यसको सफलताको साथै हामी नवीन मान्यताहरूको निर्माण गर्नसक्छौं । सम्भव छ यो प्रयोगले जम्मै प्रजातान्त्रिक मेशिनलाई हल्लाउला र ओभर होल गर्न प्रयत्न गर्ला । तर अन्तमा यसको सफलतामा प्रजातन्त्रको सफलता निहित छ, राष्ट्रवाद र योजनाको सफलता निहित छ ।

पञ्चायती व्यवस्था आत्मसम्मान, राष्ट्रिय भावना र जनचेतना ल्याउने क्षमता युक्त देखिएको छ । विदेशी शासन

प्रणालीको भर नपर्ने हुनाले यसले देशमा सामाजिक, आर्थिक, साँस्कृतिक र शैक्षिक विकास गर्नेछ । विकेन्द्रीकरणले गर्दा यसमा देशनिर्माण गर्ने क्षमता छ । निर्दलीयताले गर्दा यसले राष्ट्रमा एकताको भावना उत्पन्न गराएर देशको स्वतन्त्रतालाई अक्षुण्य राख्नेछ । गत बीसौं वर्षको अनुभव पछि आज भारतमा पनि जयप्रकाशनारायण, विनोभाभावे र राजागोपालचारी जस्ता ठूला विचारकहरूले निर्दलीय शासन प्रणालीको पक्षमा राय जाहेर गरेका छन् । अतः निकट भविष्यमा नेपालको यो निर्दलीय व्यवस्था प्रजातान्त्रिक प्रणालीको निमित्त ठूलो देन हुनसक्छ । तर यसको निमित्त हाम्रो जनजीवनमा कर्तव्य परायणता र त्यागको भावना हुनु नितान्त आवश्यक हुन्छ ।

# श्री ५ को गतिशील नेतृत्व र निर्विकल्प पंचायती व्यवस्था

--गणेशराज सिंह
–चित्तरञ्जन नेपाली

विगत दुई दशक भित्र नेपाली जनजीवनले दुई महान् क्रान्तिहरूको अनुभव गर्‍यो । एक दुई हज्जार सात सालको सशस्त्र क्रान्ति र अर्को दुई हज्जार सत्र सालको रक्तहीन क्रान्ति ।

राष्ट्रपिता स्वर्गीय श्री ५ त्रिभुवन तथा राजपरिवारको सक्रिय नेतृत्वमा सम्पन्न भएको दुई हज्जार सात सालको क्रान्ति-बाट देशमा निरंकुश जहानियाँ राणाशासनको अन्त भई प्रजा-तान्त्रिक व्यवस्थाको निम्ति उपयुक्त वातावरणको प्रादुर्भाव हुन गयो र संसदीय व्यवस्था लागू भयो । राष्ट्रनायक श्री ५ महेन्द्र-को गतिशील नेतृत्वमा सम्पन्न भएको दुई हज्जार सत्र सालको क्रान्तिबाट, प्रजातान्त्रिक व्यवस्थाको वातावरणलाई सफल बनाई राख्नमा संसदीय व्यवस्था नेपालको माटो र परम्परासित मेल खान नसकी अफाप सिद्ध हुन गएकोले पञ्चायती व्यवस्थाको

प्रारम्भ हुन गयो । यस प्रकार नेपालको इतिहासमा यी दुबै क्रान्तिको आफ्नै विशिष्ट स्थान रहन गएको छ ।

दुई हज्जार सात सालको क्रान्तिबाट राणाशासनको बन्धन टुट्नुको साथै युगौंदेखिनको मध्य कालीन शोषणयुक्त सामन्ती व्यवस्थालाई पनि एक धक्का लाग्न गयो । नेपाली जनता राणाशासनको राजनैतिक बन्धन अथवा प्रशासनिक शोषणबाट मुक्त हुनुको साथै आर्थिक, सामाजिक एवं साँस्कृतिक शोषणबाट पनि मुक्ति पाउन चाहन्थे । हुनपनि राजनैतिक परिवर्तन मात्र कुनै पनि क्रान्तिको अन्तिम लक्ष्य हुन सक्तैन न त यसबाट जनजीवनको पूर्णतया विकासनै हुन सक्छ । उसमाथि नेपाल जस्तो मध्यकालीन सामन्ती व्यवस्था-मा रहेको देशमा प्रशासनिक परिवर्तनबाट मात्र पूर्ण प्रजातान्त्रिक व्यवस्थाको विकास हुन असंभव छ, किनभने 'प्रजातन्त्र केवल प्रशासनिक यन्त्र मात्र हैन, जनजीवनको पद्धति' पनि हो ।

सात सालको परिवर्तनैबाट आएको राजनीतिक रिक्ततालाई पूर्ति गर्नको लागि संसदीय व्यवस्था अपनाइयो र प्रसाशनिक यन्त्रलाई प्रजातान्त्रिक व्यवस्था अनुकूल परिवर्तन गरियो । त्यसबखत नेपालीहरूको सामुन्ने संसदीय व्यवस्था नै एक मात्र व्यवस्थाको रूपमा देखा परेको थियो । प्रजातान्त्रिक व्यवस्थाको लागि तगाराको रूपमा रहेको राणाशासनको अन्तपछि देशको परिस्थितिसित कस्तो व्यवस्था सुहाउँछ भन्ने विषयमा त्यसबखत शायदै कसैले गम्भीरतापूर्वक शोचेका थिए । सात सालको क्रान्तिमा प्रमुख रूपमा भाग लिने राजनैतिक दलहरूका नेताहरू

पनि यस सम्बन्धमा त्यति स्पष्ट थिएनन् भन्ने कुरा पहिलो आम चुनाव संसदको निम्ति गर्ने वा विधान सभाको निम्ति गर्ने भन्ने कुरामा देखिन गएको राजनैतिक मत विभिन्नताबाट संकेत गर्दछ। त्यसैले विभिन्न मुलुकहरूमा प्रयोग गरिएको संसदीय व्यवस्थानै त्यसबखत एक मात्र विकल्पको रूपमा रहेको थियो । त्यस बखतका राजनैतिक दलहरू तथा ती दलका नेतृत्व गर्ने वर्ग यस्तै वातावरणमा पल्हाएका थिए तथा देशभित्र यस बारे गम्भीरता पूर्वक शोच विचार गर्ने उपयुक्त वातावरण पनि थिए-न । यसर्थ करीब ३ महीनाको छोटो अवधिमा राणाशासनको अन्त हुन गएपछि तत्कालै संसदीय व्यवस्था अपनाउनु सिवाय त्यस बखत अरू कुनै उपाय नै रहन गएन ।

त्यस बेलादेखि पूरा एक दशकसम्म नेपालमा संसदीय व्यवस्था लागू भयो । संसदीय प्रजातान्त्रिक व्यवस्थाको अभिन्न अंगको रूपमा विभिन्न राजनैतिक दलहरू तथा राजनैतिक दलका समर्थकको रूपमा विभिन्न सामाजिक एवं वर्गीय संघ-संस्थाहरू सक्रिय हुन थाले । त्यसबखत देखा परेका राजनैतिक एवं सामाजिक संस्थाहरूको सैद्धान्तिक पृष्ठभूमि हेर्ने हो भने एकाध दलहरू छोडेर अधिकांश दलहरू समान विचार धाराका थिए । यी दलहरू मध्ये कति त विभिन्न दलमा नेतृत्व गर्ने वर्गको शक्तिको निमित्त आपसी मतभेद र संघर्षको कारणबाट आपसमा फुट र विभाजन हुन गै नयाँ संस्थाको रूपमा देखा पर्न गएका थिए । यसर्थ व्यक्ति भन्दा दल ठूलो दल भन्दा राष्ट्र ठूलो भन्ने मूलभूत सिद्धान्तको विपरित त्यसबखत व्यक्ति विशेषताको

आधारमा संस्थाहरू सञ्चालित हुन गएका थिए । प्रत्येक दल राष्ट्रको सर्वोपरी हितमा भन्दा जसरी होस् शक्ति हत्याउने आफ्नै स्वार्थमा बढी अल्मलिएको थियो । शक्तिमा रहेको दल जसरी हुन्छ आफू शक्ति मै रही रहने कोशिसमा रहन्थ्यो त शक्ति बाहिर रहेका दलहरू केवल विरोधको निम्ति विरोध गर्दथे । फलस्वरूप विभिन्न दलहरूको मन्त्री मण्डल एक पछि अर्को गठन हुँदै गयो र राष्ट्रमा राजनैतिक स्थिरता कायम हुन सकेन । दुई हज्जार सात सालदेखि दुई हज्जार सत्र सालसम्म दश वर्षको अवधिमा कहिले एक दलको सरकार, कहिले विभिन्न दलहरूको संयुक्त सरकार, कहिले परामर्श दातृ सरकार आदि गरी दशवटा सरकारहरूको गठन हुन गएको थियो ।

यो सिद्ध भएको कुरा हो कि कुनै पनि देशमा विकास कार्य राजनैतिक स्थिरताविना सुनियोजित ढङ्गमा सम्पन्न हुन सक्तैन । अझ नेपाल जस्तो भर्खर मात्र प्रजातान्त्रिक व्यवस्था प्रारम्भ भएका तथा प्रजातान्त्रिक व्यवस्था अनुकूल ठोस र सबल प्रशासनिक यन्त्रको अभाव भएको देशमा विकासको त के कुरा दैनिक प्रशास-सन पनि राजनैतिक स्थिरताविना सुचारू रूपले चल्न सक्तैन । नेपालमा त्यही स्थिति रहन गयो । आन्तरिक प्रशासनमा कुनै ठोस परिवर्तन हुन सकेन । सामन्ती व्यवस्थाका अवशेषहरूलाई जनजीवनबाट हटाउने तर्फ नारा वा दलहरूका घोषणा पत्रमा उल्लेखित केही पंक्तिहरू सिवाय मुर्त रूपमा केही देखा पर्न सकेन । द्रुततर गतिले बढ्दै गइरहेको अन्तरराष्ट्रिय गतिविधिमा ठोस उपलब्धिहरू केही देखा पर्न गएको थियो तापनि यसको कारण

दलहरूको कार्य कुशलताभन्दा श्री ५ महाराजाधिराजको व्यक्तित्व हो भन्नु पर्दछ । सातसालको परिवर्तनको पश्चात नेपालका छिमेकी राष्ट्र जनवादी गणतन्त्र चीन सर्कारसित कूटनैतिक सम्बन्ध स्थापना गर्ने तथा संयुक्त राष्ट्रसंघमा नेपालले सदस्यता प्राप्त गर्ने जस्ता महत्वपूर्ण कार्यहरू कुनै पनि दलका मन्त्रीमण्डलको समयमा सम्पन्न हुन नसकी श्री ५ महाराजाधिराजको प्रत्यक्ष शासनको समयमा मात्र सम्पन्न हुन सकेको तथ्यबाट नै पराष्ट्रनीतिसम्बन्धी राजनैतिक दलहरूको व्यक्तित्वलाई अंकित गर्दछ ।

यिनै राजनैतिक अस्थिरताको फलस्वरूप देशमा विभिन्न काण्डहरू हुन गए र प्रशासन यन्त्र ठप्प प्रायः हुन गयो । देश यस प्रकारको परिस्थितिबाट गुज्रन लागेको अवस्थामा राष्ट्रका सर्वोच्च संस्था 'राजा' को सामुन्ने एक विशेष कदम उठाउनु सिवाय अरू विकल्पनै रहन गएन र पञ्चायती व्यवस्था यसैको मूर्त रूप हो । २०१७ सालमा पञ्चायती व्यवस्था अपनाउँदा संसदीय व्यवस्था विघटित भै तत्काल आएको राजनैतिक रिक्तताको पूर्तिको निम्ति अपनाइएको थियो । तर पनि त्यसबखत यो व्यवस्था विकल्प रहित नै होला भन्ने विचार गरिएको थिएन र प्रयोगको रूपमा लागू गरिएको थियो । यस तथ्य लाई स्पष्ट गरिबक्संदै त्यस बेला श्री ५ महाराजाधिराजबाट हुकूम भएको थियो– "पाँच सात वर्ष पछि जनताले त्यस बखत कुन तन्त्र आफूलाई ठीक पर्ला कुन बेठिक पर्ला राम्ररी छुट्याउन सक्ने भै परिस्थिति अनुकूल तन्त्र वा वाद अपनाउँने छन् ।"

श्री ५ महाराजाधिराजको प्रत्यक्ष नेतृत्व एवं निर्देशनमा सञ्चालन गरिएको यस पञ्चायती व्यवस्थाले ७ वर्षको यस छोटो अवधिमा राष्ट्रको सम्पूर्ण क्षेत्रमा यसरी अप्रत्याशित ढङ्गबाट उपलब्धिहरू प्राप्त गर्न सफल हुन सक्यो कि त्यस बखत नेपालको यस परिवर्तन प्रति संशक दृष्टिले हेर्नेहरूले पनि यस व्यवस्थाको लोकप्रियता एवं सफलताको मुग्धकण्ठले प्रशंसा गर्न वाध्य हुनु पर्‍यो । राजनैतिक क्षेत्रमा पञ्चायतका विभिन्न तहमा एवं विभिन्न तहका वर्गीय तथा व्यावसायिक संगठनहरूमा जनताले यति उत्साह एवं विश्वासका साथ भाग लिए कि देशमा राजनैतिक रिक्तताको कुनै चिन्ह पनि बाँकि रहन पाएन । संसदीय व्यवस्थामा विभिन्न राजनैतिक दल वा राजनैतिक दलसित सम्बन्ध राख्ने सामाजिक संघ-संस्थाका व्यक्तिहरूमा मात्र एक किसिमको राजनैतिक चिन्तन हुन्थ्यो आफ्नू दललाई शक्तिमा पुर्‍याउँने प्रयाश हुन्थ्यो । तथा विरोधी पार्टिको सरकारको विरोधको निम्ति विरोध गर्ने प्रवृत्ति हुन्थ्यो । यसबाट दलगत राजनीतिमा नमुछिएका तमाम जनता प्रशासनबाट अलग हुन्थ्यो तथा जनता र दलहरूको बीचमा एक ठूलो रिक्तता रहेको हुन्थ्यो । तर पञ्चायती प्रजातन्त्रले त्यस कमजोरीलाई हटाउन सफल भएको छ । आज प्रत्येक व्यक्ति आ-आफ्नो क्षेत्रको गाउँ सभाको अनिवार्य रूपबाट सदस्य भएको हुनाले र प्रशासन विकेन्द्रीकरण नै यस व्यवस्थाको प्रशासनिक परिपाटी भएबाट सम्पूर्ण जनतानै आज कुनै न कुनै रूपमा प्रशासनमा सरीक भएका छन्, प्रशासकको रूपमा रहेका छन् ।

यसरी राजनैतिक रिक्तता हटाउन यो व्यवस्था पूर्णतया

सफल हुन गएको छ, भने राज्य रजौटाको उन्मूलनबाट राष्ट्रिय एकतालाई अझ सुदृढ बनाउने, नयाँ मुलुकी ऐनबाट नेपाली जनताको बीच सामाजिक एवं धार्मिक असमानता हटाउने र भूमिसुधारको माध्यमबाट शोषण रहित समाजको निर्माण गर्ने दिसातर्फ पनि यो व्यवस्था त्यत्तिकै सफल हुन सकेको छ । यस बाहेक देशमा प्रत्येक क्षेत्रमा विकासको लहर जुन गतिले सम्पन्न हुन थालेको छ, त्यो पनि यसै व्यवस्थाको उपलब्धि हो । अनि आफ्नो असंलग्न परराष्ट्र-नीति अनुसार विश्वशान्ति सम्बन्धी विभिन्न समस्याहरूमा निर्भीक एवं न्यायोचित राय व्यक्त गरेर अन्तरराष्ट्रिय जगतमा नेपालको प्रतिष्ठा बढाउने कार्यमा पनि यो व्यवस्था सफल हुन गएको छ ।

पञ्चायती व्यवस्थाको यस छोटो अवधिमा यस व्यवस्था प्रति जनताको आस्था र विश्वास यस प्रकार बढ्न गयो कि २०२४ सालमा आएर राष्ट्रिय पञ्चायत देखिन लिएर संपूर्ण तहका पञ्चायत, वर्गीय संगठनहरू एवं कतिपय व्यक्तिहरूले यस व्यवस्थाद्वारा नै नेपाली मात्रको कल्याण हुने र नेपाली जनताको प्रजातान्त्रिक मनोभावना र आकांक्षा पूरा हुने तथा तलैबाट उठेको यस निर्दलीय पञ्चायती प्रजातान्त्रिक व्यवस्थाबाट देशको सर्वतोमुखी विकास हुन सक्ने निश्चित भएको हुँदा यो व्यवस्था विकल्परहित छ भन्ने आफ्नो दृढ निश्चय व्यक्त गरी पञ्चायती प्रजातन्त्रलाई एक वादको रूपमा नै अंगिकृत गरे ।

व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न व्यक्ति र व्यवसाय-को हितमा सामञ्जस्य ल्याई एउटा प्रजातान्त्रिक न्यायपूर्ण

गतिशील शोषणरहित समाजको श्रृजना गरी जनकल्याणको अभिवृद्ध गर्नु यस पञ्चायती व्यवस्थाको उद्देश्य हो भने, साधारण जनतालाई जागरूक र चेतनशील बनाई क्रमिक विकेन्द्रीकरणद्वारा प्रत्येक तहको शासनमा जनप्रतिनिधिहरूलाई अधिकाधिक मात्रामा सम्मिलित गराई देशको प्रतिभा र साधनलाई सकभर बढी मात्रामा र स्वेच्छाले उपयुक्त समाजको श्रृजना गर्ने काममा परिचालन गर्नु यस व्यवस्थाको राजनैतिक लक्ष्य हो । पञ्चायती व्यवस्था प्रशासन सञ्चालन गर्ने एक परिपाटीमा मात्र सीमित नभै यो एक वादको रूपमानै अंगिकृत भैसकेको हुनाले तथा दैनिक प्रशासनले मात्र शोषणरहित समाजको निर्माण गर्ने कार्य संभव नभएबाट यस व्यवस्थाको आर्थिक एवं सामाजिक लक्ष्य पनि हुनु पर्ने कुरा स्वतः सिद्ध छ । देशको आर्थिक उन्नतिमा जनसाधारणलाई सकभर बढी मात्रामा सम्मिलित गराई र नीजि उद्यमलाई समेत उचित प्रश्रय दिई कुनै पनि व्यक्ति वा वर्गद्वारा अन्य कुनै व्यक्ति वा वर्गमा अनुचित आर्थिक दवाव हुन नदिने व्यवस्था गर्नु यसको आर्थिक लक्ष्य हो तथा यसरी नै शोषणरहित, गतिशील, प्रजातान्त्रिक एवं न्यायपूर्ण समाजको श्रृजना गर्ने काममा जनतालाई क्रियाशील तुल्याउने मार्गमा रहेका वाधाहरू हटाई सामन्जस्यपूर्ण र नैतिकतामा आधारित सामाजिक जीवनको स्थापना गर्नु यस व्यवस्थाको सामाजिक लक्ष्य हो ।

यो पञ्चायती व्यवस्था नेपाली जनजीवनको सम्पूर्ण क्षेत्रहरू सामाजिक, आर्थिक एवं राजनैतिक क्षेत्रहरूमा वर्ग

समन्वयको माध्यमबाट समयानुकूल परिवर्तन गरी आफ्नो लक्ष्य प्राप्तिको लागि अग्रसर भएको र ५।६ वर्षको छोटो अवधिमा प्रारम्भिक सफलता हासिल गर्न समर्थ पनि भएको छ। यसरी यो व्यवस्था आफ्नो लक्ष्यतिर अगाडि बढ्न सकेकोमा मुख्यतया दुइटा कारणहरू देखापरेका छन् । (१) यस व्यवस्थाका आधारभूत गुणहरू तथा (२) व्यवस्थाको सञ्चालनको लागि प्राप्त भएको श्री ५ को गतिशील नेतृत्व । जहाँ सम्म यस व्यावस्थाको आधारभूत गुणहरूको प्रश्न छ । पञ्चायती व्यवस्था नेपालको आफ्नो व्यवस्था हो । राजनीति विज्ञानमा देखा परेको विभिन्न प्रजातान्त्रिक व्यवस्था भन्दा यो अलग छ तथा यसको प्रादुर्भावमा नेपाली मस्तिष्क खर्च भएको छ।यसैले यस व्यवस्थाप्रति नेपालीहरूको आफ्नो विशेष माया छ, ममता छ। यसलाई सफल पार्न नेपाली मनोभावना कटिबद्ध छ । तर यस व्यवस्थालाई केवल नेपाली मस्तिष्कबाट निस्केको हुनाले मात्र नेपाली जनताले अपनाएको हो भनी शोच्नु पनि गल्ती हुनेछ । यस व्यवस्थाका (१) प्रशासन विकेन्द्रीकरणद्वारा अधिकाधिक जनतालाई प्रशासनमा सरीक गर्ने (२) वर्ग समन्वयद्वारा विभिन्न वर्ग र व्यक्तिको संरक्षण गर्ने (३) स्थानीय नेतृत्वको विकास गर्ने र (४) जन शक्तिको परिचालनद्वारा विकास गर्दै लैजाने आदि आधारभूत गुणहरूले गर्दा नै यसमा जन-आस्था बढ्न गै जनता ले सिक्रय रूपमा भागलिन सकेको हो ।

कुनै पनि व्यवस्था चाहे जतिसुकै असल वा सर्वगुणसम्पन्न किन नहोस् यदि सफल र गतिशील नेतृत्वको अभाव छ भने त्यस

व्यवस्थाले फल्न फुल्न सक्तैन । नेपाली जनताको सौभाग्य नै यही हो कि उनीहरूले आफ्नो माटो सुहाउँदो व्यवस्था पाउनुको साथै त्यसको सञ्चालन गर्न श्री ५ महाराजाधिराजको सफल एवं गतिशील नेतृत्व पाउन सकेको छ ।

यस निर्दलीय-व्यवस्थाको कार्य-पद्धति नै यस प्रकारको छ कि यसलाई राज मुकुटको बाहेक अन्य व्यक्तिको नेतृत्व मान्य हुन सक्तैन । यसको कार्यपद्धति विभिन्न क्षेत्रमा स्थानीय नेतृत्वको विकास गर्ने हुनाले ती स्थानीय नेतृत्वहरूको समन्वय र सामञ्जस्य-को लागि राष्ट्रिय नेतृत्वको जुन आवश्यकता हुन्छ त्यसको पूर्ति सर्वमान्य एवं सम्पूर्ण जनताद्वारा स्वीकृत राजमुकुटबाट मात्र सम्भव छ किन भने राजमुकुट नै नेपालीको एक मात्र यस्तो संस्था हो जसले विना कुनै निहीत स्वार्थ ठूलठूलो खतरा लिएर पनि संधै देश र जनताको भलाईको लागि व्यस्त रही आएको कुरा नेपालको इतिहासले बताउँछ र आज पनि त्यो नेतृत्व नेपाली जनताले पूर्ण गतिशील रूपमा पाई आएको छ ।

श्री ५ महाराजाधिराज अन्य राजाहरू झैं केवल ऐस आराममा मात्र रहने राजा होइबक्सिन्न तथा मौसूफको आराम नै जनताको सुख दुःखमा चिन्तनशील रही नेतृत्व बक्सनमा निहीत रहेको छ । आज नेपालको कुनै पनि यस्तो इलाका छैन होला जहाँ श्री ५ पुगि बक्सेको छैन । जस्तो सुकै विकट दुर्गम एवं अनकण्टार स्थान किन नहोस् मौसूफ त्यस क्षेत्रमा पुगिबक्से-को छ तथा प्रत्यक्ष रूपमा जन जीवनको अध्ययन गरिबक्सेको छ । तथा सोही अनुरूप आवश्यक निर्देशन र नेतृत्व बक्सेको छ ।

आज जति पनि विकासकार्य नेपालमा हुन सकेको छ त्यो श्री ५ को गतिशील नेतृत्वको कारणबाट हुन सकेको हो । पूर्व-पश्चिम राजमार्गको आवश्यकता मौसूफको आह्वान पछि सबैले महसूस गर्न सके । काठमाडौंलाई मात्र नेपाल भन्ने मनोवृत्ति त्याग्ने आह्वान सर्व प्रथम मौसूफबाटै मात्र आउन सक्यो र आज गाउँ फर्क राष्ट्रिय अभियानको कार्यक्रम जुन प्राप्त भएको छ त्यो पनि मौसूफकै गतिशील नेतृत्वको फल हो । यस भन्दा अगि यस कार्यलाई अभियानको रूपमा सञ्चालन गर्न आवश्यक छ भनी शायद कसैले शोचे होलान् ।

यसरी आज नेपालमा नेपाली माटो र परम्परा सुहाउँदो व्यवस्था छ भने यसको सञ्चालनको अभिभारा पनि एक करोड नेपालीद्वारा आस्था एवं विश्वास प्राप्त राज मुकुटको गतिशील नेतृत्वमा आधारित छ ।

# पंचायती प्रजातन्त्र र साझा अर्थ-व्यवस्था

-डा० बद्रीप्रसाद श्रेष्ठ
-डा० भेषबहादुर थापा
-ध्रुवप्रसाद अर्याल

पञ्चायत व्यवस्थामा विकेन्द्रीकरण र शोषणरहित समाजको सृजना गर्ने जुन परिकल्पना गरिएको छ त्यसलाई साकार पार्न केही वर्षहरूमा आधारभूत कदमहरू चालिएका छन् । पञ्चायत व्यवस्थाको आर्थिक पक्षलाई बढाउन केही सिद्धान्त तथा कार्यक्रमहरूलाई "गाउँ फर्क" राष्ट्रिय अभियानमा, प्रमुख स्थान दिइएको छ, जसमध्ये साझा (सहकारी) लाई व्यवस्थाको अभिन्न अङ्ग तथा सहयोगी र पूरककोरूपमा शोषणरहित समाजको सृजनाबाट जनकल्याणको लागि हाम्रो जस्तो ग्रामीण समाजमा परस्परमा सहयोगको भावना बढाउने साझाको सिद्धान्तबाट नै छिटो विकास र वर्गसमन्वय आउन सक्ने कुरा सजिलै गर्न सकिन्छ

अतः व्यापकरूपमा साझाको अर्थ दुई वा सोभन्दा बढी व्यक्तिले संयुक्तरूपमा मिली समान कल्याणको लागि आर्थिक संस्थाको माध्यमबाट आफ्नो आर्थिक स्थिति उठाउन हो । एक

व्यक्तिबाट हुन नसक्ने काम संयुक्तरूपमा मिलीजुली पारस्परिक सहायताद्वारा गर्न सजिलो हुन्छ ।

साझाको सिद्धान्तको व्याख्या गर्दा यसका विभिन्न पक्षहरूको उपयोगिताको विचार गरी पञ्चायत व्यवस्थाका अन्य लक्ष्यहरू-संग मेलखाने हिस्सा मात्र अपनाउनु पर्ने भएको छ । साझाको सिद्धान्त व्यापक छ, तर आज यसलाई विभिन्न स्वामित्व र सञ्चालनको आधारमा विभाजन गरी निम्नविश्लेषण प्रस्तुत गर्न सकिन्छ :–

व्यक्तिगत स्वामित्व कायम राखी सामूहिक रूपबाट हुने साझा संगठन अन्तर्गत हुने खूद आम्दानी साझा संगठनका सदस्य-हरूमा स्वामित्वको आधारमा वितरण हुने हुन्छ । सदस्यहरूले संगठनको लागि गरिने कामको लागि केवल पारिश्रमिकको प्रबन्ध हुन्छ । आफ्नो सम्पत्तिको स्वामित्व कायम गर्ने अधिकार प्रत्येक व्यक्तिको अविछिन्न अधिकार हो भन्ने मौलिक सिद्धान्तको आधारमानै यस किसिमको साझा संगठन स्थापना गरिन्छ । व्य-क्तिगत स्वामित्वको आधारमा सदस्यहरूमा आम्दानी विभाजित हुने हुँदा प्रत्येक सदस्य साझा संगठनको कार्यकलापप्रति जागरूक रही सक्रिय रूपबाट संगठनको काममा लाग्ने प्रवृत्ति हुन्छ । साथै, कुनै व्यक्तिले आफ्नो सीमित स्वामित्वको आधारमा आफ्नो सम्पत्तिको सदुपयोग बढी लाभदायक रूपबाट सञ्चालन गर्न नसक्ने स्थितिमा सामूहिक सञ्चालनको कारण बढी लाभ प्राप्त गर्न सक्ने हुन्छ ।

अनिवार्य सामूहिक स्वामित्वको आधारमा गठन हुने साझा संस्था साम्यवादी देशहरूको लक्ष्य हो । साझाको आत्मा नै स्वेच्छालाई भन्ने हो भने अनिवार्य सामूहिक स्वामित्वको आधारमा गठन हुने संस्थालाई साझा संगठन भन्दा सामूहिक संगठनको नामकरण गर्नु उपयुक्त होला। नेपालको संविधान अनुसार सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गरी वा अरू किसिमले उठाउन पाउने स्वतन्त्रता प्रत्येक नेपालीको लागि संविधानले प्रदत्त मौलिक अधिकार मध्येको एक हो । व्यक्तिगत सम्पत्तिको अनुरूप पञ्चायत प्रणालीका निर्देशक सिद्धान्तको रूपमा निजी उद्योगलाई समेत उचित प्रश्रय दिने व्यवस्था संविधानमा गरिएको छ । तसर्थ व्यक्तिगत स्वामित्वको बदला अनिवार्य रूपले सामूहिक स्वामित्वको स्थापना गर्ने कुनै प्रयास पञ्चायती अर्थ व्यवस्था सुहाउँदो होला भनी तर्क गर्न खोज्नु सर्वथा निरर्थक हुनेछ । तसर्थ साझा आन्दोलन कहिल्यै पनि अनिवार्य सामूहिक स्वामित्वतिर झुकेको हुनु हुँदैन ।

तर स्वेच्छाधीन सामूहिक स्वामित्वको आधारमा साझा संगठनको स्थापना हुनु अर्कै कुरो हो । सिद्धान्ततः स्वेच्छाधीन सामूहिक स्वामित्वले व्यक्तिगत स्वामित्वको अधिकारमा आघात पुर्‍याउँदैन, तर पनि अप्रत्यक्षरूपबाट क्रमशः यसले अर्थतन्त्रमा अर्कै मोड दिन सक्ने हुन्छ । जहाँ व्यक्तिगत स्वामित्व सामूहिक स्वामित्वमा विलीन हुन्छ, त्यहाँ वितरणको एकमात्र आधार श्रमशक्तिलाई लिनु पर्ने हुन्छ । सामूहिक सम्पत्तिमा कसैको अधिकार नभएपछि सो सम्पत्तिको आधारमा आर्जन हुन आयको

वितरण सो आय आर्जन गर्नमा लगाइएको श्रमशक्तिको आधारमा मात्र हुन सक्छ । जहाँ व्यक्तिगत सम्पत्तिलाई अर्थतन्त्रको आधारशीला मानिएको छ, त्यहाँ कुनै निश्चित आर्थिक कार्यको लागि स्वेच्छाधीन सामूहिक स्वामित्वको आधारमा साझा संगठनको स्थापना गर्नु उपयुक्त होला भन्न सकिँदैन । वास्तवमा अनिवार्य सामूहिक स्वामित्वको प्रारम्भ स्वेच्छाधीन सामूहिक स्वामित्वको नामबाट विकसित हुन सक्ने सम्भावनालाई बिर्सन हुँदैन ।

यसको साथै राष्ट्रिय हित तथा व्यवस्थाका विशुद्ध लक्ष्य प्राप्तिको लागि साझा संगठन उपयुक्त र आवश्यक क्षेत्रहरूमा मात्र उपयोग हुनु जरूरी छ । तसर्थ साझा सिद्धान्तको प्रचार र प्रयोग हुनुभन्दा पहिले निम्नकुराको विचार हुनु आवश्यक देखिन्छ :–

(क) जहाँ व्यक्तिगत उत्पादनभन्दा साझा उत्पादन बढी लाभदायक सिद्ध हुन्छ ,

(ख) जहाँ व्यक्तिगत सञ्चालनभन्दा साझा सञ्चालन प्रभावकारी साबित हुन्छ ,

(ग) जहाँ व्यक्तिगत रूपमा भन्दा साझा रूपमा बढी सामाजिक तथा आर्थिक न्याय सम्भव हुन्छ वा शोषणलाई हटाउन वा घटाउन सकिन्छ,

(घ) जहाँ अन्य अर्थ-व्यवस्थाले भन्दा साझा अर्थ-व्यवस्थाले वर्गीय समन्वय स्थापना गर्नमा सहायक सिद्ध हुन्छ ।

यी मौलिक कुराहरूको विचार नभई केवल भावनात्मक दृष्टिकोणले यत्रतत्र, सर्वत्र साझा-सिद्धान्तलाई नै सर्वोपरि मानी उत्पादन, उपभोग, विनिमय वा अन्य आर्थिक क्षेत्रहरूमा साझा संगठनको स्थापना गर्न खोज्नु अवश्य उचित सावित हुन आउने देखिँदैन । वास्तवमा "गाउँ फर्क" राष्ट्रिय अभियान अन्तर्गत पनि साझा अर्थव्यवस्थालाई पञ्चायती व्यवस्थाको एक अभिन्न अङ्ग मात्र मानिएको छ, साझा अर्थव्यवस्थालाई नै पञ्चायती व्यवस्थाको सर्वाङ्ग मानिएको छैन ।

यसरी हेर्दा साधारणतया प्रत्येक किसानले आफ्नो सानु खेतलाई आफ्नो सीमित साधनबाट सञ्चालित गर्न खोज्दा उन्नत तरीका अपनाउन नसक्ने वा उन्नत किसिमका उपकरण-हरू प्रयोगमा ल्याउन नसक्ने भई आफ्नो खेतीबाट उत्पादन बढाई आम्दानीमा वृद्धि गर्न नसक्ने हुन्छ । तर, यस्ता प्रत्येक किसानले आफ्नो खेतउपरको अधिकारलाई कायमै राखी सानसाना टुक्राटुक्री जमीनहरूलाई साझा संगठनको माध्यमद्वारा एकत्रित गरी सामूहिक रूपबाट सञ्चालन हुन सकेमा सिंचाईको राम्रो व्यवस्था मिलाउन सम्भव हुने, उन्नत तरीकाहरू अपनाउन सकिने स्थिति हुन्छ । साथै उत्पादित वस्तुको पनि सामयिक रूपबाट सुरक्षित राख्ने व्यवस्था भएमा समय हेरी उचित मोलमा बेचबिखन हुन सकी बढी लाभ गर्न सक्ने हुन्छ । खेतीको खास काम व्यक्तिगत रूपमा भए पनि खेतीपातीसम्बन्धी ऋण, बिजन, मल, जल, हल, गोदाम, बजार आदि सबैलाई चाहिने सेवा-कार्यहरू मात्र पनि साझाव्यवस्थाद्वारा सामूहिक रूपबाट

सञ्चालन हुन सकेमा प्रत्येक सदस्य किसानलाई फाइदा हुने हुन्छ, जुन फाइदा व्यक्तिगत रूपबाट कुनै पनि साना-साना किसानहरूले प्राप्त गर्न सक्ने हुँदैन ।

वास्तवमा गाउँ घरको विकास-योजना पनि प्रत्येक किसानको सानासाना खेतलाई नै इकाई मानी गर्न खोज्नु सर्वथा अव्यावहारिक सिद्ध हुनेछ । आर्थिक तथा प्राविधिक दृष्टिकोणबाट विकास योजनाको तर्जुमा र कार्यान्वयन गाउँ घरको-समूहलाई इकाई मानी गर्नु पर्ने हुन्छ। सिंचाई, कृषिऋण तथा विक्रीसम्बन्धी काम कुनै एक सानो खेतको आधारमा भन्दा सम्पूर्ण गाउँकै दृष्टिकोणबाट गर्न पर्ने कुरा सर्वविदितै छ । नेपाल जस्तो कृषि प्रधान देशमा जहाँ ९० प्रतिशत भन्दा बढी श्रम-शक्ति पुरानै तरीकबाट सञ्चालित खेतीपातीमा अवलम्बित छ, जहाँ अधिकांश खेती योग्य जमीन मोहियानी अन्तर्गत छ, जहाँ व्याज र कूतदर चर्को छ, जहाँ पैदावारको बेचबिखन, नाफाखोरी मध्यस्थहरूको हातमा छ, त्यहाँ शोषणरहित समाजको सृजनाको लागि पहिलो कदम कृषि क्षेत्रको सुव्यवस्थाबाट हुनु अनिवार्य छ । शोषणलाई नियन्त्रण गर्न हुने कुरा भूमिसुधार जस्तो सरकारी स्तरबाट गरिने कार्यक्रममा आधारित छ भने धेरै कुरामा किसानहरू आफ्नै सामूहिक प्रयासबाट पनि शोषणबाट बच्न सक्ने हुन्छन् । कृषिक्षेत्रमा साझाको विकास यस्तै किसानहरू आफैंबाट हुन सक्ने सामूहिक प्रयासलाई संगठित रूपमा व्यवस्था गर्न सक्ने क्षमतामा नै आधारित हुन्छ । यसको लागि यदि किसानहरूमा चेतना र परस्पर सहयोग र सामयिक

भावनाको जरूरत पर्छ भने सरकारी स्तरबाट संगठनसम्बन्धी ज्ञान, सञ्चालन-तरीका साथै शुरू शुरूमा केही साधनको समेत सहायता पुऱ्याउनु पर्ने हुन्छ

पञ्चायतको आधारभूत तह गाउँनै हो र गाउँको विकास प्रजातान्त्रिक ढांचाबाट गर्न सकिएको खण्डमा देशको विकास हुनसक्दछ । राजनैतिक विकेन्द्रीकरणको साथसाथै आर्थिक विकेन्द्रीकरण गर्नका लागि साझा अर्थ व्यवस्था एक उत्तम माध्यम हुन आएको छ । यो पनि सत्य हो कि प्रजातान्त्रिक भावनाको विकास गाउँ स्तरबाट बढी हुनसक्दछ । अतः पञ्चायती व्यवस्था-लाई सुदृढ पार्नका लागि ग्रामीण अर्थ-व्यवस्थाको विकास हुनु जरूरी छ र यसको विकास साझापद्धतिबाट पनि हुन सक्दछ भन्नेकुरा विश्वका विभिन्न देशहरूले प्राप्त गरेको अनुभव-बाट पनि देख्न सकिन्छ । यदि राजनीतिक दृष्टिकोणले गाउँ पञ्चायत, जिल्ला पञ्चायत र राष्ट्रिय पञ्चायतको सृजनाबाट प्रजातान्त्रिक ढांचाको स्थापना भएको छ भने आर्थिक विकेन्द्री-करण गर्नका लागि सोही अनुरूपको ढांचा साझाभावनाको आधारमा गर्ने दिशातर्फ यथोचित विचार हुनु आवश्यक छ ।

सम्मिलित कुटुम्ब प्रणाली भएको हाम्रो सामाजिक व्यवस्था-मा आफ्नो समाजको लागि र आफ्नो कुटुम्बको लागि काम गर्ने भावना पहिले देखिनै छ । यसलाई टेवाको दरकार छ। यस उसले हाम्रा राष्ट्रनायक श्री ५ महेन्द्रबाट गाउँ फर्क राष्ट्रिय अभियान दिइबक्सियो । साझा अर्थव्यवस्थालाई दिगो र दरिलो पार्नका लागि मार्गदर्शनको दरकार परेको छ । यसको लागि योग्य

सहकारी नेताको निर्माण हुनुपर्दछ । यसको साथै यसलाई सफल पार्नका लागि देशव्यापी रूपमा वैज्ञानिक रूपले योजना तयार पार्नु आवश्यक छ। यसरी बन्धुत्व र भाइचारको भावनाको सृजना गर्ने प्रयोगशाला साझा–पद्धति नै हो र यसैको माध्यमद्वारा देशमा व्याप्त असमानता, स्वार्थ तथा शोषणलाई नष्ट गर्ने प्रयास हुनु वाञ्छनीय छ ।

आज विश्वका ठूलाठूला पूंजीवादी देशहरूले समेत साझा-पद्धतिलाई देशको अर्थव्यवस्थामा ठूलो स्थान दिंदै आएका छन् । त्यस्तै साम्यवादी देशहरूमा पनि साझा-पद्धति निकै सफल भएको पाइन्छ । यस्तै मिश्रित अर्थ-व्यवस्था अपनाउने देशहरूमा पनि विकास द्रुतगतिले गर्नका लागि तथा आयको असमानतालाई कम गर्नका लागि साझा–पद्धतिलाई नै अपनाएको पाइन्छ । तसर्थ साझा-सिद्धान्त ठोस र मौलिक सिद्धान्त हो जसलाई विश्वका कतिपय देशहरूले आफ्नो सामाजिक तथा राजनैतिक बनावटअनुसार आफ्नो व्यवस्थामा ढालेका छन् ।

अन्तमा यो बुझ्नु जरूरी छ कि साझाको सिद्धान्त जति सरल छ त्यसको प्रयोग उत्तिकै कठिन पनि छ । साझाको सफलता सञ्चा-लन सम्बन्धी ज्ञान र-आधारित छैन । नत सामूहिक क्षमतामा मात्र भावनामानै त्यसको सफलता निहित हुन्छ । जति सञ्चालन ज्ञान, क्षमता र सामूहिक भावनाको आवश्यकता हुन्छ, उत्तिनै नैतिक बल र इमान्दारीको जरूरत पर्दछ ।

**

# भूमिसम्बन्धी ऐनमा नयां संशोधनको महत्व

—कृष्णबम मल्ल

२०२१ सालमा नेपालमा भूमिसुधारकार्य प्रारम्भ भएको थियो र विगत चार वर्षको यस कार्यको अनुभवको आधारमा राष्ट्रिय पञ्चायतले भूमिसम्बन्धी ऐनमा महत्वपूर्ण संशोधनहरू गरेको छ । यी संशोधनहरू केही कार्यविधिमा सुधार ल्याउने उद्देश्यले र केही भूमिसुधारकार्यलाई बढी उपयोगी बनाउने उद्देश्यले गरिएका छन् जसको चर्चा यस लेखमा गरिन्छ ।

किपट क्षेत्रमा सम्वत् १९५८ तिर किपट जग्गाको फार्स्या राजिनामा हुन नसक्ने एक आदेश राणाकालीन शासनमा चलाइएको पाइन्छ । यस आदेशले गर्दा व्यक्तिगत सम्पत्तिको समेत हस्तान्तरण रोकिन गएको थियो जसले गर्दा स्थानीय आर्थिक विकासमा बाधा उत्पन्न हुन गएको पाइयो । हाम्रो अर्थतन्त्रमा आर्थिक उन्नतिको निमित्त सम्पत्ति प्राप्त गर्ने तथा बेचबिखन गर्ने व्यक्तिगत अधिकार हुनु जरूरी छ । तर माथि लेखिएको राणाकालीन आदेशले यस्तो अधिकारको हनन किपट

क्षेत्रमा गरेको पाइन्छ । साथै यसरी सम्पत्ति प्राप्त गर्ने र हस्तान्तरण गर्न सक्ने व्यक्तिगत अधिकारको हनन हाम्रो संविधान अनुकूल पनि थिएन । यसरी किपट क्षेत्रको आर्थिक विकासको निमित्त किपट क्षेत्रको जग्गा फार्स्या राजिनामा गर्न सकिने व्यवस्था र किपट जग्गामा रैकर सरह मालपोत पनि ठेक्न सकिने व्यवस्था भूमिसम्बन्धी ऐनमा संशोधनद्वारा गरियो ।

भूमिसम्बन्धी ऐनको परिच्छेद ६ को दफा ४५ र ५० अनुसार ऋण निश्चित गर्दा जग्गाधनीको नाताले गैरकृषि पेशामा रहेका व्यक्तिहरूले पनि ऋण निश्चित गरी पाउँ भन्ने गरेकाले ऋण निश्चित गर्ने प्रयोजनका लागि किसान भन्ने शब्दले आफ्नो वा आफ्नो परिवारको श्रमले खेती गर्ने व्यक्तिलाई मात्रै सम्झनु पर्ने व्यवस्था ऐनमा गरिएको छ । यस संशोधनले आफ्नै श्रमले काम नगर्ने जग्गाधनीलाई अनुचित फायदा उठाउन नदिने व्यवस्था गरेको छ ।

ऐनको १३ दफाबमोजिम सूचना जारी भएको मितिले ७ नम्बरको फाराम भरी आफ्नो जग्गाको फाँटवारी भूमिसुधार कार्यालयमा दाखिल गर्नुपर्ने व्यवस्था भएकोमा केही जग्गाधनीहरूले त्यस्तो फाँटवारी म्यादभित्र दिन नसकेकोले अधिकतम हदभन्दा कम जग्गा हुने जग्गावालाले म्यादभित्र फाँटवारी दाखिल गर्न सकेको रहेनछ भने यो संशोधन प्रारम्भ भएपछि भूमिसुधार अधिकारी वा भूमि प्रशासनले सूचना प्रकाशित गरेको मितिले १२० दिनभित्र फाँटवारी दाखिल गर्न सक्ने व्यवस्था गरिएको छ । यसरी हदबन्दीभन्दा कम जग्गा भएका तर फाँट-

वारी दाखिल नगरेका जग्गाधनीले फेरि आफ्नो जग्गाको फाँटवारी दाखिल गरी आफ्नो जग्गा जफत हुनबाट बचाउन सक्ने भएका छन् ।

यस ऐनको दफा १२ बमोजिम कसैले दिएको फाँटवारी भूमिसुधार अधिकारीले कुनै कुरा सच्याउनुभन्दा अगावै १५ दिनको म्याद दिइ सम्बन्धित व्यक्तिलाई सबूत प्रमाण सहितको स्पष्टिकरण दिने मौका दिनुपर्ने संशोधनले गराएको छ र यस्तो सच्याइएको फाँटवारीमा चित्त नबुझ्नेले अञ्चल अदालतमा ३५ दिनभित्र पुनरावेदन गर्न पाउने व्यवस्था पनि गरिएको छ । त्यस्तै ऐनको दफा ६ मुताविक र ऐनको दफा १८ मुताविक जमीन जफत गर्ने आदेश र सजायमा अञ्चल अदालतमा पुनरावेदन लाग्न सक्ने व्यवस्था गरिएको छ । यसरी कसैको जमीन जफत हुन गएमा पुनरावेदन दिन पाउने व्यवस्था भएकोले प्रशासनमा सुधार आएको छ र न्याय पाइन भन्नेले पनि न्याय खोज्न जाने मौका प्राप्त गरेको छ ।

भूमि सम्बन्धी ऐनबमोजिम जफत भै वा हदबन्दीभन्दा बढी भै प्राप्त भएको जमीन कसैले झुट्ठा व्यहोरा देखाई नियम विरूद्ध प्राप्त गरेको छ भन्ने लागेमा श्री ५ को सरकारले कुनै अधिकृत खटाई जाँच बुझ गराउन सक्ने र नियम विरूद्ध प्राप्त गरेको भए श्री ५ को सरकारले त्यस्तो जग्गा जफत गरी पुनः बिक्री वितरण गराउन सक्ने व्यवस्था यस संशोधनले गरेको छ । यसरी यस संशोधनबाट हदबन्दीभन्दा बढी जमीनको सदुपयोग गराउनु सम्भव भएको छ ।

घरबारीको हदबन्दीभित्र पर्ने घरबारी भएको जग्गा कमाउने किसानलाई मोहीको हक प्राप्त हुन नसक्ने व्यवस्था पनि यस संशोधनले गरेको छ ।

मोहीले आफूले कमाएको जग्गाको मोहियानी हक छाड्न चाहेमा कमसेकम एक महीना अगावै भूमिसुधार अधिकारी वा भूमिप्रशासन र जग्गावालालाई लिखित सूचना दिनु पर्ने र तोकिएको अधिकारीले सम्बन्धित पञ्चायत बुझी छानवीन गरी किताब समेत सच्याएर सूचना प्राप्त गरेपछि मात्र मोहियानी खालि हुन सक्ने व्यवस्था संशोधित ऐनले गरेको छ । किताब नसच्याई मोहियानी खालि भएको मानिने छैन भन्ने कुरामा सबैले विशेष ध्यान दिनु पर्ने भएको छ ।

मोहियानी हक खरीद बिक्री दानदातव्य गर्न वा अरू कुनै किसिमको हस्तान्तरण गर्न पाइन्न भन्ने कुरा संशोधित ऐनले प्रष्ट गरेको छ । तर यो ऐन प्रारम्भ हुनुभन्दा अगावै कुनै मोहीले जग्गावालाको स्वीकृति लिई वा परापूर्वदेखि पक्की घर बनाएको रहेछ भने सो घरबारीको जग्गा बिक्री गर्न वा अरू कुनै प्रकारले हक छोडी दिन सक्नेछ र त्यस्तो जग्गाको हकमा हदबन्दी सम्बन्धी कुरा पनि लागू हुने छैन भन्ने कुरा संशोधनले स्पष्ट गरेको छ ।

दैवी परी बाली नाश भएकोमा वा उब्जा हुन नसकेमा बाहेक मोहीले कुत बुझाएन भन्ने कुराको जग्गावालाले उजूर दिएमा भूमिसुधार अधिकारीले त्यस्तो मोहीलाई निश्काशन गर्ने आदेश दिन सक्ने व्यवस्था संशोधनमा गरिएको छ । जानीबुझी जग्गाको मोल घट्ने र आफ्नो काबुभन्दा बाहिरको परिस्थितिमा बाहेक

एक वर्षसम्म खेती नगरेमा वा खेती गर्नमा हेलचक्र्याई गरेमा जग्गावालाले जिल्ला अदालतमा निवेदन गरी मोहीलाई जग्गाबाट निष्काशन गर्ने आदेश जारीको मांग गर्न सक्ने व्यवस्था भएको छ ।

मोहियानी हकको प्राप्ति वा तेरोमेरो सम्बन्धित पर्न आएको झगडाको निर्णय गर्ने अधिकारी भूमिसुधार अधिकारी वा भूमिप्रशासन तोकिएको छ । यसबाट मोहीलाई र जग्गाधनीलाई छिटो न्याय प्राप्त हुने संभावना बढेको छ ।

काठमाडौं उपत्यकाको कुत पहिलेकै साविक कायम राखी अन्य क्षेत्रमा मुख्य वार्षिक बालीको ५० प्रतिशत कुतको हद तोकिएको छ र यदि पहिलेको चलन चल्तीले मुख्य बालीको ५० प्रतिशतभन्दा कम लिनेदिने गरिएको भए सोही कम कुत कायम रहने व्यवस्था संशोधनमा रहेको छ । साथै श्री ५ को सरकारले कुनै जग्गा वा तोकिएको क्षेत्रको जग्गाको निमित्त जग्गाको किसिम र उब्जनीको आधारमा मुख्य वार्षिक उब्जनीको औसत निर्धारित गरी सो औसतको आधारमा मोहीले जग्गावालालाई बुझाउनु पर्ने मुख्य वार्षिक उब्जनीको ५० प्रतिशत तोकीदिन सक्ने र सोही बमोजिम प्रत्येक वर्ष कुत लिने दिने गर्नु पर्ने व्यवस्था समेत संशोधनले गरी दिएको छ । यो कुतको व्यवस्थाले कृषिको उत्पादन बढाउन प्रोत्साहन दिने भएको छ ।

श्री ५ को सरकारले बचतको जिम्मेदारी श्री ५ को सरकारको आफ्नै हो भन्ने स्पष्ट यस संशोधनद्वारा गरेको छ र ऐनको दफा ४० वा ४१ बमोजिमको बचत तथा दफा ४६ बमोजिम

प्राप्त भएको ऋण कुनै व्यक्ति, अधिकारी, समिति वा संस्थाका सदस्यले हिनामिना गरेको छ भन्ने लागेमा श्री ५ को सरकारले त्यस सम्बन्धमा कुनै अधिकृतद्वारा आवश्यक भए जाँचबुझ गराउन सक्ने र सो जाँचबुझबाट हिनामिना भएको देखिएमा त्यस्तो हिनामिना गर्ने व्यक्ति, अधिकारी, समिति वा संस्थाका सदस्यलाई श्री ५ को सरकारले बिगोबमोजिम जरीवाना गरी निजबाट हिनामिना भएको बचत वा ऋण सरकारी बाँकी सरह असूल उपर गर्ने व्यवस्था संशोधनले गरेको छ ।

भूमिसम्बन्धी ऐनमा हालै भएको संशोधनहरूको विशेष जानकारी गराउनु आवश्यक भएकोले केही मुख्य संशोधनहरूको माथि चर्चा गरिएको हो र बढी जानकारीको लागि भूमिसम्बन्धी दोस्रो संशोधन ऐन २०२५ को अध्ययन गर्न सिफारिश गरिएको छ ।

# निर्दलीय प्रजातन्त्रमा वर्गीय एवं व्यावसायिक संगठनको उपादेयता

–सुरेन्द्रराज शर्मा
–महेश्वर शर्मा

पञ्चायती व्यवस्थामा सन्निहित निर्दलीयता नै मौलिक रूपमा अन्य प्रजातान्त्रिक प्रणालीहरूसंगको यसको भिन्नता हो। निर्दलीयता नै वास्तवमा पञ्चायती प्रजातन्त्रको मौलिक आधार हो। अन्यथा पञ्चायती प्रजातन्त्र र अन्य मुलुकहरूमा आज प्रचलित प्रजातन्त्रहरूमा धेरै कुराहरुमा समानता छ। राज्य–शक्तिको कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका-मा पृथकीकरण यस व्यवस्थामा छ । कार्यकारिणि शक्तिको उद्गम श्रोत श्री ५ होइबक्सिन्छ र यस अधिकारको सञ्चालन कानूनद्वारा व्यवस्थित छ । कार्यकारिणी व्यवस्थापिकाप्रति उत्तरदायी छ। मूलरूपमा कार्यकारिणीको संगठन व्यवस्थापिकाको इच्छानुरूपनै हुन्छ। न्यायपालिका कार्यपालिका देखि स्वतन्त्र छ। जुनसुकै पद्धति अपनाउने प्रजातान्त्रिक व्यवस्थाका न्यायपालिका-लाई प्राप्त अधिकार भन्दा यहाँको न्यायपालिकालाई अधिकार

कम छैन । र यसको मौलिक रूप पनि भिन्न छैन । व्यवस्थापिकालाई राष्ट्रिय बिधायिकाको रूपमा आवश्यक सबै अधिकार उपलब्ध छ । मन्त्रिपरिषद्को रूपमा रहेको कार्यकारिणीमाथि यसको आवश्यक नियन्त्रण छ । व्यवस्थापिकाको कार्यबिधि र सञ्चालन प्रणाली अन्य प्रजातान्त्रिक देशहरूको केन्द्रीय व्यवस्थापिकाहरू सरहको छ । निर्दलीयताको कारणले सदनभित्र सरकारी पक्ष र बिरोधी पक्ष या बिभिन्न दलसमूहहरूका रूपमा सदस्यहरू अबस्थित हुँदैनन् । वृहत्तर एउटै परिवारको रूपमा सदन छ । प्रत्येक बिषयमा प्रत्येक सदस्यको आफ्नो स्वतन्त्र र भिन्न विचार हुन सक्तछ र यस्तो स्वतन्त्रबिचार उसले बिनाअकुँश रूपमा अभिव्यक्त गर्न सक्दछ भन्ने सिद्धान्त अनुसार सदन सञ्चालित हुन्छ । यसरी पञ्चायती व्यवस्थाको निर्दलीयता व्यवस्थापिकामा प्रतिबिम्बित भएको छ ।

आज विश्वका जति देशमा प्रजातान्त्रिक व्यवस्था छन् तिनमा एक वा एक भन्दा बढी राजनीतिक दलहरू छन् । केही सिद्धान्त तथा व्यावहारिक दुबै रूपमा र केहीमा केवल सिद्धान्त रूपमा यी राजनीतिक दलहरू प्रजातान्त्रिक प्रणालीको सञ्चालनको प्रमुख माध्यम र अभिन्न अङ्गका रूपमा छन् । धेरै जसो साम्यवादी देशमा केही नियन्त्रित प्रजातन्त्रबादी देशमा एउटा मात्र राजनीतिक संगठन छ । त्यस्तो दल सत्ताधारी दलको मात्र हुन सक्दछ । सत्ताधारी दलको मात्र एक्लो संगठन भएकोले त्यही दलले हत्याउँछ या सत्तामाथिको आफ्नो नियन्त्रण अबिच्छिन्न राख्दछ ।

हुन सक्दछ, त्यसले दलको नेतृत्व गर्ने व्यक्ति वा समूहमा परिवर्तन आउँछ । यस्ता दलहरूको नेतृत्वको परिवर्तन प्रजातान्त्रिक ढङ्गबाट सुचारूरूपले हुन नसक्ने कुरा देखिएको छ ।

अन्य प्रजातान्त्रिक देशहरूमा २ देखि करिब ६० सम्म राजनीतिक दलहरू रहेका देखिएका छन् । आर्थिक दृष्टिले बढी विकसित र प्रजातन्त्रको लामो परम्परा भएका देशहरूमा राजनीतिक दलहरूको संख्या ३।४ मात्र भई सीमित छ । राजनीतिक दलहरूको संख्या त्यसरी सीमित हुनुको पछिल्तिर धेरै तथ्यहरू छन् । मुख्य रूपमा शिक्षाको विकास, राजनैतिक सचेतना र प्रजातान्त्रिक वातावरणको लामो परम्परा र औद्योगिकरण र आर्थिक विकासद्वारा आम जनताको रहन सहनको स्तरमा वृद्धिले ती देशहरूमा राजनीतिक दलहरूको संख्या निर्धारित र सीमित तुल्याएको हो । प्रारम्भमा यी देशहरूमा आर्थिक न्याय, राजनीतिक अधिकार प्राप्ति र धार्मिक मतभेदले मुख्यरूपले प्रारम्भमा जनता विभिन्न राजनैतिक दलहरूमा संगठित हुन गए । बेलायतमा म्याग्ना कार्टाले जनतालाई मुख्य रूपमा दुई राजनैतिक जमातमा बिभाजित गऱ्यो । औद्योगिकरण-को फलस्वरूप आएको आर्थिक एवं सामाजिक स्थितिले नवीन राजनैतिक मान्यताहरूलाई जन्मायो । समाजवादको रूपमा एउटा मौलिक राजनैतिक दृष्टिकोण उपस्थित भयो जस्ले पछि गएर विशेष राजनैतिक दलको रूप लियो । फ्रान्सको क्रान्ति र अमेरिकी स्वतन्त्र संग्राम पनि विविध राजनैतिक दृष्टिकोणहरू र अन्ततो-गत्वा खास खास राजनैतिक दलहरूको प्रादुर्भावका विशेष कारणहरू हुन् ।

प्रारम्भमा जुन उद्देश्य र परिस्थितिमा पाश्चात्य प्रजातान्त्रिक व्यवस्थाहरूमा राजनैतिक दलहरू उब्जे समयगतिको साथै तिनको उद्देश्य, दृष्टिकोण र कार्यक्रममा पनि लगभग आमूल परिवर्तन भइसकेको छ । पामरस्टोन र डिजरेलीका समयका उदार तथा अनुदार राजनीतिक दलहरू र हाल विल्सन र हिथका श्रम पार्टी र अनुदार पार्टीको मौलिक दृष्टिकोण नै फरक भई सकेको छ यद्यपि दुबै पुराना पार्टीहरूकै उत्तराधिकारीहरू हुन् । आज पाश्चात्य प्रजातन्त्रका अधिकतम राजनैतिक दलहरूको संगठनको मुख्य आधार सामाजिक तथा राजनैतिक अधिकारको उपलब्धी नभई जनजीवनस्तरसंग प्रत्यक्ष सम्बन्धित आन्तरिक आर्थिक नीति र अन्तर्राष्ट्रिय नीति हुन गएको छ । आज निक्सनको रिपब्लिकन पार्टी र हम्फ्रेको डेमोक्रेटिक पार्टी आन्तरिक आर्थिक नीति र केही हदसम्म वैदेशिक नीतिको भिन्नताको आधारमा पृथक अस्तित्व कायम गर्दछन् ।

एशिया र अफ्रिकामा अधिकाँशदेशका अधिकांश राजनैतिक दलहरूको उत्पत्ति र संगठनको गतिलो आधार देखिदैन । विशेषतः यी देशहरूमा साम्राज्यवादी शक्तिको बिरूद्धको स्वतन्त्रता संग्राम तथा अधिनायकवादी आन्तरिक शक्तिको बिरूद्धको मुक्तिसंघर्षको सन्दर्भमा राजनैतिक संगठनहरू खडा भएका हुन् । सुरूमा धेरै जसो मुलुकहरूमा संगठनहरूले आफूलाई एउटै मौलिक उद्देश्यहरूको लागि राष्ट्रिय संगठनको रूपमा संगठित हुने प्रयत्न गरेका हुन् र निकैहदसम्म सफल पनि भएका हुन् । तर यो स्थिति टिकाउ हुन सकेन। साम्राज्यवादीका अधिनायक-

वादी शक्तिहरूले यस्ता राजनैतिक संगठनहरूको यात दमन गरे या यिनीहरूमा फुट पैदा गरे । दुबै तत्वको लागि फुट पैदागरी "फुटाऊ र शासन गर" नीतिको अनुसरण गर्न आफ्नो अस्तित्वको लागि अत्यावश्यक थियो । त्यसैले यो क्रममा राष्ट्रिय आधारमा संगठित राजनैतिक संगठन पूर्णत: सुदृढ हुन सकेन र झन टुक्रिन थाल्यो । राजनैतिक नेतृत्वमा अपरिपक्वता वा जनचेतनाको न्यूनता वा दुबैको कारणले सैद्धान्तिक संकुचित भावना सामूहिक स्वार्थ तथा आर्थिक आधारमा विभिन्न तर्क र दृष्टिकोणहरू उपस्थित हुन थाले । मतमतान्तर, मतभिन्नता र मनोमालिन्यले साना ठूला विभिन्न राजनैतिक दलहरूको रूप लियो । यस स्थितिमा वाह्य सिद्धान्त तथा शक्तिहरूले पनि प्रभाव पार्नु स्वभाविकै थियो ।

विशेषत: आजको अन्तर्राष्ट्रिय स्थितिमा शक्तिको सन्तुलन सम्बन्धित राष्ट्रको सामरिक शक्ति र आर्थिक प्रभुतामा मात्रै आधारित छैन । त्यस राष्ट्रको प्रभावको क्षेत्रले नै वस्तुत: शक्ति सन्तुलन प्रत्यक्ष पार्दछ । त्यसैले प्रत्येक राष्ट्रको प्रभावको क्षेत्र अन्तर्राष्ट्रिय शक्तिसन्तुलनको प्रश्नसंग आबद्ध छ । यही मूलभूत कारणले राष्ट्रहरू खासगरेर केही ठूला राष्ट्रहरू आफ्नो प्रभावको क्षेत्र विस्तार गर्न कार्यरत छन् । साना राष्ट्रहरूलाई छाडेर आज सबै राष्ट्रहरू आफ्नो प्रभावको क्षेत्र विस्तार गर्न कार्यरत छन् । साना राष्ट्रहरूलाई छाडेर आज सबै राष्ट्रहरूको अन्तर्राष्ट्रिय नीति यही मौलिक दृष्टिकोणले परिचालन भइरहेको छ ।

प्रभाव क्षेत्रको विस्तारको पहिलो र सर्वाधिक महत्वपूर्ण

चरण आफ्नो देशको राजनैतिक पद्धति, विचारधारा र सिद्धान्त अन्य देशमा प्रतिपालन र संस्थापन गर्नु हो । त्यसैले यस कार्यको लागि आफ्नो अनुकूल राजनैतिक दल वा दलहरूको संगठन तथा सुदृढीकरणको निमित्त यथाशक्य प्रभाव पार्नु प्रभावक्षेत्रको विस्तारको दृष्टिकोणले अतिनै आवश्यक हुन्छ । यस स्वार्थ उपलब्धिको लागि सांस्कृतिक तथा शैक्षिक क्षेत्रहरूको माध्यम पनि अपनाइन्छ । राजनैतिक दृष्टिकोणले आफ्नो विचारधाराको प्रतिकूल वा अनुकूल नभएको सरकारसंगको सम्बन्धमा नराम्रो आँच आउन नदिन आफ्नो विचारधारानुकूल राजनैतिक तत्व वा दललाई समर्थन तथा प्रोत्साहन गर्नु वस्तुतः निकै कठीन कार्य हो । प्रभाव क्षेत्रको विस्तार गर्न चाहने कुनै पनि देशको वैदेशिक विभाग या कुटनैतिक नियोगका लागि यो निसन्देह चुनौतिपूर्ण कार्य हो । आज कुटनैतिक सफलताको एउटा महत्वपूर्ण कसौटी पनि यही हो ।

अन्य अधिकांश मुलुकहरूमा झैं २००७ सालको क्रान्तिपछि हामीले दलीय व्यवस्था कायम गर्न खोज्यौं । शिक्षाको कमीले राजनैतिक सचेतनाको अभाव, विषम आर्थिक स्थिति आदिले गर्दा अन्य एशियाली तथा अफ्रिकाका मुलुकहरूमा जस्तै राजनैतिक दलहरू जनसंगठनका माध्यम बन्नुको सट्टा फुट र मतभेदका कारणहरू बन्न पुगे । भाषा, सम्प्रदाय, जहानियाँ झगडा, व्यक्तिगत रीश, इवी जस्ता कुराहरूले राजनैतिक दलहरूको संगठन र सञ्चालनमा प्रशस्त प्रभाव पर्न थाल्यो । यस स्थितिमा बाह्य तत्वहरूले आफ्नो प्रभाव पनि खोज्नु प्रभावक्षेत्रको विस्तारको

आजको अन्तर्राष्ट्रिय राजनीतिमा स्वाभाविकै थियो । वृहत राष्ट्रियहितको दृष्टिमा त्यस किसिमको स्थितिको अन्त गर्न अनिवार्य भयो ।

कतिपय कारणहरूले राजनैतिक दलहरूको संख्याको वृद्धि उनीहरूमा देखिएको अपरिपक्वता या उच्छृङ्खलता समयको गतिको साथै सायद कम पनि हुन सक्दथ्यो । तर वातावरण यति दुषित र वाह्य प्रभाव यति स्पष्ट भइसकेको थियो कि लामो अवधिसम्म पर्खन या स्थितिलाई समयको प्रवाहमा बग्न दिएर आशान्वित भएर बस्ने कुरा कुनै हालतमा पनि व्यावहारिक थिएन ।

२०१७ सालमा जुन कारणले पुरानो व्यवस्थाको अन्त गरेर एक नयाँ व्यवस्था पहिल्याउन बाध्य गरायो ती कारणहरू मध्ये सबै अहिले मौजुद भएपनि अन्तर्राष्ट्रिय स्थितिको यथार्थताले आफ्नो स्वतन्त्र अस्तित्वको लागि निहित वाह्य प्रभावबाट राम्ररी बचन हामीलाई झन बढी आवश्यक हुन आएको छ । जतिमात्रामा हाम्रो राजनीतिक जनजीवन बाह्य प्रभावदेखि अलग्ग रहन सक्दछ उतिमात्रामा हामी संगठित रूपले आफ्नो राष्ट्रिय राजनैतिक दृष्टिकोण पहिल्याउन वा कार्य राख्न सक्दछौं । मुलुकको भौगोलिक अवस्थिति, तुलनात्मक दृष्टिले छिमेकी राष्ट्रहरूको शक्ति सम्पन्नता र दुर्भाग्यवश शक्तिशाली छिमेकीहरूमा आपसी मनोमालिन्यको सन्दर्भमा वास्तविक अर्थमा स्वतन्त्र दृष्टिकोण अपनाउनु हाम्रो लागि अतिनै जरूरी छ । तसर्थ निहीत वाह्यप्रभावको असर पार्न नसक्ने स्वतन्त्र

राजनैतिक व्यवस्था मुलुकमा कायम गर्नु हाम्रो लागि परिस्थितिजन्य आवश्यकता हो । निर्दलीय पञ्चायती व्यवस्था त्यही राष्ट्रिय आवश्यकताको परिपूर्ति हो ।

पञ्चायती व्यवस्थामा तुलनात्मक दृष्टिले विश्वका अन्य प्रजातान्त्रिक देशहरू भन्दा बढी मात्रामा जनता प्रशासनका विभिन्न अङ्गहरूमा शरीक भएका छन् । गाउँ पञ्चायत, नगर पञ्चायत तथा जिल्ला पञ्चायतहरूमा रहेर ४० हजार भन्दा बढी जनप्रतिनिधिहरू प्रशासनिक कार्यमा संलग्न हुन्छन् । यसको लागि गतिलो सार्वजनिक जीवन र जन-विश्वासको अति आवश्यकता रहन्छ । सार्वजनिक जीवनबाट नै स्थानीय नेतृत्वको पनि विकास हुन्छ जो पञ्चायतहरूको सफल सञ्चालनको लागि नितान्त जरूरी छ । वर्गीय संगठनहरूमा कार्य गरेर सार्वजनिक जीवनको लागि राम्रो अनुभव हासिल गर्न सकिन्छ । स्थानीय नेतृत्वको विकास र अभिवृद्धिमा वर्गीय संगठनहरू अद्वितीय माध्यम हुन सक्दछन् ।

हाम्रो लक्ष्य शोषण रहित समाज हो । 'रहित' शब्दले कुनै पनि प्रकारको शोषण नहुने स्थितिलाई जनाउँछ । यो हाम्रो श्रेष्ठ जीवनको संकल्प हो । यस्तो संकल्प अरूहरूले पनि लिएका छन्, तर बाटो भने फरक छ । शोषणरहित अवस्थामा पुग्न निश्चय नै क्रान्तिकारी सुधारहरू गर्नु पर्दछ । तर यसका लागि भाषा पनि विद्रोहको, तरीका पनि संघर्षको र बल पनि पशुबल नै प्रयोग गर्नु पर्छ र यस प्रकारको क्रान्तिको नेतृत्व पनि कुनै बलिष्ट वर्ग वा राजनीतिक दलले नै गर्नु पर्छ भन्ने कुरामा

पञ्चायत सहमत छैन । यही नै अरूको र हाम्रो प्रणालीमा अन्तर छ । वस्तुतः समाजव्यवस्थामा रहेका राजनीतिक, आर्थिक, सामाजिक, बौद्धिक, मानसिक आदि सबै वैषम्यलाई नपन्छाएसम्म शोषणरहित चरणमा पुग्न नसकिने कुरा निर्विवाद छ । तर यसका लागि संघर्ष र विद्रोहको बाटो समातेर विभिन्न वर्गका बीच झन् ठूलो फाटो ल्याउने वा वर्ग विशेषलाई नै समाप्त पारेर झन् गहिरो वैषम्य फैलाउने पक्षमा पञ्चायत छैन, किन्तु समाजको कुनै पनि वर्ग उपेक्षित नरहोस् भन्ने पञ्चायत चाहन्छ र वर्ग सामञ्जस्यको माध्यमबाट परम्परागत प्रवृत्तिमा अनुकूल सुधारद्वारा नै सुव्यवस्था कायम राख्न सकिन्छ भन्ने विश्वासमा यहाँ विभिन्न वर्गको अस्तित्वलाई अनिवार्य ठानिएको छ । यसैले जनजीवनको हरेक पक्षमा यहाँ सामञ्जस्यकै प्रक्रिया लागू गरिन्छ, चाहे त्यो राजनीतिक होस् आर्थिक वा सामाजिक होस् वा अन्य कुनै ।

जनसमाजलाई सुव्यवस्थित रूपले चलाउन हामीलाई मील मालिक, उद्योगपति, व्यापारी, मजदूर, किसान, कालीगढ आदि सबै चाहिन्छन् । कुनै एक वर्गको जरै उखेलेर मात्र शोषणको अन्त हुन्छ भन्ने कुरा छैन । यहाँ त शोषण गर्ने प्रवृत्ति र शोषण हुन पाउने स्थितिमा परिवर्तन गर्नु पर्ने कुरा मुख्य छ । उदाहरणको लागि आजको युगमा ज्यादै चर्को रूपमा देखिएको वर्ग मजदूर कै कुरा लिउँ । हामीलाई मील मालिक र मजदूर दुवै मिलेर उद्योगको विकास गर्नु छ, कुरा यति हो कि एकले अर्काको मिहि-नेतको भाग चोर्न र लुट्न नपाओस् । आखिर मील मालिकलाई

मजदूर चाहिन्छ र मजदूरलाई काम चाहिन्छ र यसरी परस्पर सहयोगबिना काम चल्दैन भने मजदूर र मील मालिकका बीचको स्वार्थको अन्तर पुरिदिनुको सट्टा चर्काएर हडताल गर्नु र काम रोक्नुबाट केही फाइदा हुँदैन । बुद्धिमानी त यही हुनेछ कि मजदूर-लाई न्यायोचित सुविधा दिलाउन मजदूर र मील मालिकका बीच उभय पक्षलाई मान्य हुने गरी कुनै उपाय निकालियोस् । पञ्चायत यस्तै गर्न चाहन्छ ।

यसैले कुन वर्गको के मर्का छ ? उसको न्यायोचित अधि-कारको शोषण गर्ने छुट त कसैले पाएन ? भनेर स्वयं विभिन्न स्वार्थका वर्ग आफैं चेतनशील बनून्, राजनीतिक स्वार्थदेखि टाढा रहून् र यिनीहरूमा आफ्नै सामर्थ्यले सामञ्जस्यद्वारा आफ्नो हक सुरक्षित राख्ने सामाजिक चेतना जागोस् भनेर नै यहाँ मिल्दो जुल्दो पेशा वा सामाजिक स्वार्थ भएका वर्गहरूको संगठनलाई राज्यद्वारानै प्रश्रय दिइएको छ । अन्यथा सामाजिक चेतनाबिनाको राजनीतिक हक राजनीतिक स्वार्थवादीहरूको निहित स्वार्थपूर्तिको साधन हुन पुग्छ । अनि वर्गीय हितका कुरा सत्ता प्राप्तिका लागि मात्र हुनेछन् र वर्गीय स्वार्थ राजनीतिक स्वार्थमा विलीन हुनेछ । वास्तवमा विभिन्न वर्गकोसामाजिक विकास नभएसम्म राजनीतिकहकको सम्यक प्रयोग यिनीहरूबाट हुन सक्दैन । तसर्थ व्यवस्थालाई सुदृढ पार्न यहाँ विभिन्न वर्गको अस्तित्व स्वीकार गरिने मात्र होइन यिनीहरूलाई पूर्ण समर्थ बनाउनु पनि पञ्चायत अनिवार्य ठान्दछ ।

यसरी वर्गहरूको अस्तित्व स्वीकार गरे पनि शोषण गर्ने अनुचित माध्यमको छुट कुनै पनि वर्गलाई नहुँदा पञ्चायती

व्यवस्थामा जमिन्दार, कृषक, मजदूर र मील मालिक जस्ता बेग्ला बेग्लै स्वार्थ भएका वर्ग पनि एक अर्काको सहयोगीको रूपमा रहेका छन् । यहाँ संघर्षबेगर र रक्तपातबिना नै ठूल ठूला क्रान्तिकारी परिवर्तनहरू हुन सकेको यही कारण हो । यसै अनुरूप पञ्चायतले पञ्च र वर्गीय संगठनका कार्यकर्ता सक्रिय, साहसी, सृजनशील र राष्ट्रिय भावनाले परिपूर्ण होऊन् भनेर उनीहरूलाई आफ्नो वर्गको हित र व्यक्तित्व विकासका साथै राष्ट्रिय हितका कार्य गर्ने पूर्ण अवसर प्रदान गरी देशमा क्रमशः सम्पन्नता र असम्पन्नताका बीचको खाल्टो पुर्ने विश्वासपूर्वक राष्ट्रिय स्तरमा समेत संगठनहरूको प्रतिनिधित्वको व्यवस्था मिलाएको छ ।

यस प्रकार पञ्चायतको निर्दलीय राजनीतिक ढांचा र वर्ग समन्वयात्मक परिकल्पनाद्वारा राजनीतिक दल मात्र प्रजातन्त्र प्राप्तिका साधन र संघर्ष मात्र शोषणरहित समाजको बाटो होइन भन्ने कुरा हाम्रो आफ्नै प्रयोग र अनुभवले सिद्ध गरिदिएको छ । हाम्रो प्रक्रिया अनुसार दलविहीन भैकन पनि प्रजातन्त्र हुन सक्छ र वर्गहरू भएर पनि समन्वय कायम हुन सक्छ भन्ने कुरा अधि-राज्यभर एक सुदृढ पञ्चायती संगठनको माध्यमबाट जनताले प्रजातान्त्रिक मौलिक हकको उपभोग निर्धक्क भई गर्न पाएको र विभिन्न विपरित वर्गको स्वार्थ आपसमा जुध्न नदिई भूमिसुधार, मुलुकी ऐन र गाउँ फर्क जस्तो क्रान्तिकारी आर्थिक, सामाजिक र सुधारात्मक कदम सफल हुँदै आएकोबाट एक नौलो उदाहरण प्रस्तुत भएको छ ।

कुनै पनि नयाँ व्यवस्थाको प्राथमिक कर्तव्य हुन्छ, त्यो भन्दा अघिल्लो व्यवस्थामा रहेका त्रुटि र कमजोरीलाई हटाउनु । देशको इतिहास, संस्कृति, परम्परा र शाश्वत मान्यताहरूमा अन्तर्विरोध पार्ने मुख्य व्यवधान विगत व्यवस्थाको दलगत परिपाटी नै थियो । त्यसैले न केवल राजनीतिक अपितु आर्थिक, सामाजिक,साँस्कृतिक एवं अन्यान्य क्षेत्रमा समेत दलीय व्यवस्थाले ल्याएको असंगति, अन्तर्विरोध र विकृतिहरूलाई क्रमशः पन्छाउँदै राष्ट्रको शक्ति सामुहिक रूपले शान्तिपूर्वक राष्ट्र निर्माणको दिशातिर प्रवृत्त गराउने उद्देश्यबाट निर्दलीयता र वर्गसमन्वयात्मक कुरालाई ध्यानमा राखेर प्रजातन्त्रको वास्तविक लक्ष्य हासिल गर्न भनेर पञ्चायती व्यवस्थामा विभिन्न वर्गीय एवं व्यावसायिक संगठनहरूको आवश्यकता महसूस गरियो । पञ्चायतले कल्पना गरेको शोषणरहित समाजको लक्ष्यमा पुऱ्याउने माध्यम आज यिनै संगठनहरू हुन् । यसैले राजनीतिक भन्दा सामाजिक र आर्थिक उद्देश्य पूर्ति नै वर्गीय एवं व्यावसायिक संगठनहरूको मुख्य लक्ष्य मानिएको छ ।

प्रत्येक व्यक्तिमा प्रजातान्त्रिक गुण हुन्छ । उसको प्रजातान्त्रिक वातावरणमा बाँच्ने र हुर्कने आकांक्षा रहन्छ । तर यहाँ उसले आज अघि यस्तो अवसर राज्यव्यवस्थाबाट पाउन सकेको थिएन । मानिसले आफ्-आफ्नो वर्गको सामाजिक, आर्थिक, साँस्कृतिक र व्यावसायिक खांचो को पूर्ति गर्न समान स्वार्थको व्यक्ति मिलेर विभिन्न वर्गीय र व्यावसायिक संगठन खडा गर्छन् जसलाई हुर्कने वातावरण एक असल राज्यव्यवस्थाले तयार

पारिदिनु पर्दछ । उक्त कुरालाई ध्यानमा राखेर नै हाम्रो संविधानले वर्गीय र व्यावसायिक संगठनको आवश्यकता र उपयोगितालाई यसरी स्पष्ट पारेको छ –

"विभिन्न वर्ग र व्यवसायको हितको संरक्षण र संबर्धन गर्न र तिनीहरूको संगठित शक्तिलाई एकत्रित गरी राष्ट्रनिर्माणको काममा लगाउन वर्गीय र व्यवसायिक संगठनहरूको स्थापना र सञ्चालन गरिने छ ।"

यसरी विभिन्न वर्गलाई आफ्-आफ्नो वर्गको हित गर्ने काम भएर पनि राष्ट्रिय स्तरमा सबै संगठनको समान दायित्व भएको कुरा पनि हाम्रो संविधानले स्वीकार गरेको छ । साथै पञ्चायती व्यवस्थामा प्रत्येक नागरिकले र प्रत्येक वर्गले आफ्नो क्षमतानुसार स्ववर्ग र राष्ट्रको समेत कल्याण हुने कार्यमा निर्बाध भाग लिन सकोस् भन्ने मनसायबाट विभिन्न वर्गको काम-कर्तव्य बारे राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट यस्तो हुकूम भएको छ–

"प्रत्येक वर्गीय संगठनको मूलभूत लक्ष्य तीन वटा हुनु पर्दछ ।

(१) आफ्नो वर्गको हित गर्नु ।

(२) आफ्नो देश अनुसारको राजनीतिक, सामाजिक र आर्थिक नीतिलाई ठीक तरीकाले इमान्दारीपूर्वक देशको कुना-कुनासम्म पुऱ्याई जनजीवनमा भिजाउनु ।

(३) हर तरहले देश विकासमा सहयोग गर्नु ।"

यसै पृष्ठभूमिमा आज हाम्रो देशमा निम्नलिखित वर्गीय

एवं व्यावसायिक संगठनहरूको संवैधानिक स्थापना र सञ्चालन भइरहेको छ–

(१) नेपाल किसान संगठन
(२) नेपाल युवक संगठन
(३) नेपाल मजदूर संगठन
(४) नेपाल महिला संगठन
(५) नेपाल भूतपूर्व सैनिक संगठन

हाम्रो देशमा औद्योगिक विकास भइनसकेकोले यहाँ अझ खास वर्गहरूकै विभाजन हुनसकेको छैन । यहाँ यौटै मानिस किसान, युवक, भूतपूर्व सैनिक र व्यापारी समेत हुन सक्दछ । उद्योग धन्दाको राम्रो विकास नभएसम्म यस्तो हुनु स्वाभाविक हुन्छ । अधिकांशमा एकमात्र पेशाले निर्वाह चल्दैन भने कुनै पनि व्यक्तिलाई सो अमुक वर्गको हो भनेर हामी आज छुट्याउन सक्दैनौं । उसले अलिकति खेती पनि गर्छ, पढ्छ पनि, व्यापार पनि गर्छ तर उ भूतपूर्व सैनिक पनि हो भने हामी कसरी भन्न सक्छौं कि यो अमुक वर्गकै मानिस हो भनेर ? साथै प्रत्येक वर्गको मानिस पञ्चायत भित्रै पर्ने र पञ्चायतलेनै उनीहरूको सुख सुविधाको ख्याल गर्ने हुनाले यी संगठनको आवश्यकतानै किन पऱ्यो ? हाम्रो देशमा आर्थिक र सामाजिक आदि पेशाको बिबिधता अनुसार अरूपनि वर्ग हुन सक्छन् भने किन यी ५ संगठन मात्र हुने ? इत्यादि कुराहरू आज प्रश्न र चर्चाका विषय पनि बनेका छन् । तर,

हामी विकास र उद्योगको बाटोमा भर्खरै लम्किरहेका छौं ।

यस क्रममा भविष्यमा अरूअरू संगठनहरूको बिस्तार अवश्यं-भावी छ । तर वर्तमानमा सामाजिक र आर्थिक दृष्टिले टडकारै महत्व राख्ने मिल्दोजुल्दो प्रकृति र स्वार्थ भएका वर्गहरूको मात्र स्थापना गरिएको छ । आज ५० बिगाहाको जग्गाधनी र २ कट्टा कमाउने मोही पनि किसानै कहलाएका छन्, तर पछि गएर यस्तो हुने छैन, खाश कृषक मात्र किसान सम्झिने छ । उद्योग, व्यवसाय र पेशाको राम्रो रूप बसेर को किसान, को व्यापारी र को मजदूर भन्ने पूरा प्रष्ट भएपछि आवश्यक वर्ग-बिभाजनको रेखा स्वतः छुट्टिनेछ । अहिले त हामी प्रारम्भिक अवस्थामा मात्र छौं । अहिलेनै हतारिनु जरूरी छैन ।

आज राजनीतिक हकहरूको उपभोग गर्न सबै संगठनले, पञ्चायतमार्फत, पाएका छन् । पञ्चायतको व्यापक क्षेत्रभित्र सबै संगठन पर्दछन् र पञ्चायत सबै वर्गको सामूहिक हितका कुरामा समान रूपले ध्यान दिन्छ । त्यहाँ किसानको कुरामात्र सुनिने मजदूरको नसुनिने होइन । तैपनि यो सामान्य विषयमा मात्र सीमित हुन सक्छ । विशेष रूपले आर्थिक वा सामाजिक महत्व भएका बेग्लाबेग्लै पेशाका वर्गको खांचोहरू अरू पनि हुन सक्छन् । कुनै बेला किसानलाई आवश्यक भएको विषय भूतपूर्वसैनिकलाई त्यति जरूरत नपरेको हुन सक्छ । मजदूरलाई मर्का परेको विषयमा किसानले त्यति साथ नदेला । साथै पञ्चायतले कुनै एक वर्गको मात्र खाश मागलाई पूरा गर्नपट्टि लागेर पनि साध्य नलाग्ला । यसरी पञ्चायतले मात्र हेरेर सबै वर्गको पीर, बाधा-हटाउन गाह्रो छ

त्यसैले वर्तमानमा देशको आर्थिक र सामाजिक क्षेत्रमा आवश्यक देखिएका यी ५ संगठनहरूको आवश्यकता महसूस हुन आएको छ, जसले आफ्-आफ्नो वर्गको संगठन गरेर व्यवस्थाले आफ्नो वर्गलाई दिएको हक सुरक्षित राख्न आफ्नै योग्यता र सामर्थ्यले अगाडि बढ्न-र व्यवस्थालाई बल प्रदान गर्न सकून् । त्यसकारण राम्रो पेशा बिभाजन भइनसकेको यस स्थितिमा हामी यति मात्र भन्न सक्छौं कि यहाँ ५ संगठनको स्थापना भएको भएपनि यिनीहरू खास दुई श्रेणिमा पर्न आउँछन् । पहिलो-आर्थिक वर्ग र दोश्रो सामाजिक वर्ग । अब पेशाका मिल्दो जुल्दो प्रकृतिले मोटामोटी रूपमा हामी किसान, मजदूर र भूतपूर्व सैनिकलाई आर्थिक वा व्यावसायिक वर्ग र युवक एवं महिला वर्गलाई सामाजिक वर्ग भन्न सक्छौं ।

अतः आफ्नो आफ्नो मिल्दो प्रकृतिको व्यावसाय लिनेले आफूलाई यिनैसंगठनमा समाविष्ट पारेर देशलाई औद्योगिक दिशातिर लम्काई भावी रूपरेखालाई विस्तृत पार्न पट्टि लाग्नु परेको छ । र उद्योग व्यावसायको विकास र वर्गहरूको विस्तार भइसकेपछि भविष्यमा नेपाली समाज वर्गसमन्वयको आधारमा क्रमशः विकशित हुँदै जानेछ । शायद यही मनसायले होला हाम्रो संविधानमा संगठनहरूको संख्या नतोकी "वर्गीय र व्यावसायिक संगठनहरूको स्थापना,काम,कर्तव्य,अधिकार ऐन द्वारा व्यवस्थित हुनेछ" मात्र भनिएको छ । यसबाट पञ्चायती व्यवस्थाको अनुकूल सामाजिक उद्देश्य र कार्यक्रम भएका संगठनहरूलाई कार्य गर्न हाम्रो संविधानले ढोका खोलिदिएको प्रष्ट हुन्छ ।

हाम्रो वर्गीय र व्यावसायिक संगठनको उपादेयता बारे चर्चा हुँदा यिनीहरू निष्क्रय र निरर्थक रहेका आरोपहरू पनि नसुनिएका छैनन् । तर स्मरणीय छ, हाम्रो व्यवस्थानै यति प्रगतिशील छ कि सम्बन्धित संगठनले आफ्ना मागहरू प्रस्तुत गर्न जान्नु भन्दा पहिलेनै व्यवस्थाद्वारा ती मागहरू पूरा गरिएका छन् । हाम्रा राजा यति दुरदर्शि होइबक्सिन्छ कि नेपाली जनता-लाई २० वर्ष पछि यो कुरा चाहिन्छ भनेर त्यसको तर्जुमा आजै गरी दिबक्सिसकेको छ ।

बस्तुतः आजसम्म नेपालमा कुनै पनि बेला परिवर्तन आउँदा त्यसको नेतृत्व राजाबाटै भएको छ । नेपाली समाज अथवा किसान संगठन आफैं सचेत भएर यहाँ भूमिसुधार आएको होइन । मुलुकी ऐनले यति चाँडै ल्याएको सामाजिक सुधार नेपाली जनताले ५० वर्षपछि पनि माग गर्न सक्थे वा सक्दैनथे भनेर कल्पना पनि गर्न सकिदैन । अर्थात् संगठनहरू आफैं सचेत भएर आफूलाई चाहिने कुरा माग्न सक्ने हुनु भन्दा पहिले नै सबै काम सरकारी स्तरबाटै सम्पन्न भइरहेकोले कुनै हक प्राप्त गर्न अरू मुलुकहरूमा जस्तो यहाँ नाराबाजी र संघर्ष गर्नुपर्ने स्थितिनै आउन पाएको छैन । त्यसैले गर्दा वाहिरी रूपमा संगठनहरू निष्क्रिय रहे जस्तो भान पर्नु स्वाभाविकै छ । हाम्रो जस्तो पिछडिएको देशमा यसरी सरकारी स्तरबाट काम नगरिदिएमा चाँडो प्रगति गर्न नसकिने देखेर नै सरकारले यसरी गर्नुपरेको हो, नत्र सबै काम संधै राज्य-द्वारा गरि दिएर मात्र स्थायी उपलब्धि हुन सक्दैन र गरेर निर्वाह पनि हुँदैन भनेर नै संगठनहरूलाई आफ्नै खुट्टाले टेक्न सक्ने

बनाउनेतर्फ पनि प्रयत्न भइरहेको छ । अतः हाम्रो संगठनहरूको मुख्य काम अहिले यति मात्र छ कि उनीहरूले आफूलाई राज्यले प्रदान गरेको हक सुरक्षित राख्न र उपभोग गर्न मात्र जाने भने पर्याप्त हुन्छ । यही नै वर्तमानमा यिनीहरूको यथार्थ उपादेयता ठहर्छ ।

पञ्चायतको निर्दलीय भाव र समन्वयात्मक प्रक्रिया अनुसार आज यी संगठनको बेग्लै राजनीतिक स्वार्थ र कार्यक्रम छैन । परन्तु प्रत्येक संगठनका काम, कर्तव्य र अधिकार क्षेत्र ऐनद्वारा व्यवस्थित भएकोले अब यी संगठन दलगत स्वार्थ, राजनीतिक विवाद वा वर्ग वर्गका बीच संघर्षका अखाडा हुनुको सट्टा (जस्तो कि पञ्चायती व्यवस्था आउनु भन्दा अगाडि थियो) आफ्नो वर्ग हितको साथसाथै सामुहिक रूपले राष्ट्र निर्माणको दिशामा पञ्चायतका विभिन्न कार्यक्रम पूरा गर्न आफ्-आफ्नो तहबाट संलग्न रहन सक्छन् ।

पञ्चायतलाई हामीले प्रजातन्त्रको आधार मानेका हुनाले यस सोचाइलाई कार्य रूप दिन आज प्रत्येक वर्गीय संगठन निर्बाध-रूपले काम गर्न समर्थ छन् । पञ्चायत क्षेत्र बरू एक प्रकारले आफ्नै अञ्चल सम्म मात्र सीमित रहन्छ तर वर्गीय संगठनका कार्यकर्ताले राष्ट्रव्यापी नेतृत्वको क्षेत्र भेट्टाएका छन् । यो कम महत्वपूर्ण कुरा छैन ।

पञ्चायती शासन आम जनताको शासन हो । पञ्चायतको उद्देश्य राजनीतिक पार्टीको जस्तो सत्ताप्राप्त गर्ने मात्र होइन । जगैदेखि जनतामा सामाजिक चेतना जगाएर राज्य सञ्चालनमा

जनताको सक्रिय सहयोग प्राप्त गर्न पञ्चायत चाहन्छ । त्यसैले ईर्ष्या, द्वेष, षड्यन्त्र र संघर्षमय वातावरण समाप्त गरी शान्तिपूर्वक देश निर्माणको दिशामा लाग्न भनेर नै वर्गीय संगठनहरूको आवश्यकता परेको हो । यी संगठनहरू स्वच्छ जनमत तयार पार्ने साधन र त्यस जनमतलाई अभिव्यक्त गर्ने माध्यम पनि भएका छन् । तर आज हाम्रा वर्गीय संगठनहरूलाई कुनै राजनीतिक स्वार्थको हतियार हुनु परेको छैन । अन्यथा खैलाबैला मात्र गर्ने हो भने त पार्टी व्यवस्था छँदै थियो । यिनै कुरालाई दृष्टिमा राखेर संगठनको प्रकृति र आवश्यकता हेरी विभिन्न संगठनका विभिन्न कार्यक्रम निश्चित भएका छन् र विभिन्न वर्गको हितको प्रतिनिधित्व गर्न राष्ट्रिय पञ्चायतमा समेत स्थान प्रदान गरिएको छ । तापनि जहाँसम्म राष्ट्रनिर्माण गर्ने सामूहिक जिम्मेदारी छ त्यसलाई पूरा गर्न व्यावहारिक रूपमा जुन प्रकारको कार्य गर्दा अधिकाधिक मात्रामा जनता जागृत हुन्छन् र उनीहरूको सुख-सुविधालाई बढी बल पुऱ्याउन सकिन्छ त्यही नै काम वर्गीय संगठनहरूले गर्नु परेको छ । यही नै संगठनहरूको ठूलो उपादेयता हुनेछ ।

हाम्रा वर्गीय संगठनहरूले राजनीतिक गतिविधिमा प्रत्यक्ष हात नहाले पनि पञ्चायतको उच्च आदर्श प्राप्तिको लागि जनजागरण ल्याउने कार्यविधिद्वारा देशको राजनीतिमा प्रभाव नपारी रहन पनि सक्दैनन् । तर यी संगठनहरू दलगत व्यवस्थामा दलीय स्वार्थका हतियार हुनु र आज सामूहिक रूपले पञ्चायती प्रजातन्त्रको सुदृढीकरणको लागि देशको सामाजिक एवं आर्थिक

विकासमा सक्रिय रहनुमा ठूलो अन्तर छ । त्यसकारण यस व्यवस्थामा वर्गीय एवं व्यावसायिक संगठनहरूको उपादयता (उपयोगिता) मोटामोटी निम्नलिखित कुराहरूमा देखिन आउँछ–

(१) वर्ग वर्गको आपसी फूट, कलह र संघर्षले होइन, वर्गीय एतका र संगठित शक्तिको बलमा नै थोरै खर्च र कम समय मै राष्ट्र निर्माण गर्न सकिन्छ भन्ने भावनाको विकास हुनु ।

(२) सबै वर्गको समान हितको प्रक्रियालाई राज्यका तर्फबाट लागू गर्न सुविधा पर्नु ।

(३) राजनीतिक स्वार्थमा विभिन्न वर्गको जनशक्ति र राष्ट्रिय धनको दुरूपयोग हुन नपाउनु ।

(४) जनताको प्रत्येक वर्गको विचार विमर्श र सामूहिक हितको ख्यालबाट शान्तिपूर्वक देश निर्माणका काम गर्न पाइनु ।

(५) राष्ट्रियशक्ति टुक्रिन र खेर जान नपाउनु ।

(६) व्यक्ति व्यक्तिले आत्मोन्नति र समाजले प्रगति गर्न समान अवसर र संरक्षण प्राप्त गर्नु ।

(७) वर्गसमन्वयको आधारमा धनी, गरीब सबैलाई सुविधा हुने गरी भूमिसुधार, मुलुकी ऐन जस्ता आर्थिक र सामाजिक सुधारहरू हुन सक्नु ।

(८) पञ्चायतको माध्यमबाट राजनैतिक हकको निर्वाह उपभोग गर्न र संगठनको माध्यमबाट आफ्नो वर्गीय

आवश्यकता पूरा गर्न सबैले समान अवसर पाउनु ।

(९) संगठनको माध्यमबाट विभिन्न बैठक, सभा, सम्मेलन-हरूमा भेला भएर वर्गीय र राष्ट्रिय समस्याहरू सुल्झाउन स्वयं जनता कटिवद्ध भई स्वच्छ जनमत अभिव्यक्त गर्ने जागृति बढ्नु ।

(१०) वर्ग संघर्षबिना नै प्रत्येक नागरिकले आर्थिक, राजनीति र सामाजिक स्वतन्त्रताको उपभोग गर्न पाउनु ।

(११) प्रजातन्त्रको नाममा अमर्यादित स्वतन्त्रता खोज्ने र कोरा नाराको पछि लागेर प्रजातन्त्रको मर्यादा घटाउने परिपाटीको अन्त्य हुनु ।

(१२) देशलाई पार्टी सञ्चालनको नाममा हुने आर्थिक भार सहन नपर्नु ।

(१३) विभिन्न वर्गलाई दलगत स्वार्थको हतियार बनाएर अनुचित शोषण गर्ने छुटको अन्त्य हुनु ।

(१४) देशको राजनीतिक, आर्थिक वा सामाजिक क्षेत्रमा कुनै एक वर्ग विशेषको मात्र आधिपत्य रहने र अर्को वर्गलाई उचित प्रोत्साहनबाट पनि बञ्चित हुनुपर्ने परिपाटी समाप्त हुनु ।

त्यसपछि खास गरी:–

(१५) किसानवर्ग आफ्नो हक प्रति चेतनशील भएर भूमिसुधार जस्ता क्रान्तिाकारी कदम सफल पारी आफ्नो दशा सुधार्न सक्रीय हुनु ।

(१६) मजदूर वर्गलाई उद्योगहरूको विकाश गर्न र आफ्नो कार्यदक्षता बढाउन प्रेरणा मिल्नु ।

(१७) भूतपूर्व सैनिकलाई आफूले सेवाकालमा आर्जन गरेको शीप र अनुशासनलाई आफ्नो वर्गको कल्याण र राष्ट्रनिर्माणमा लगाउने अवसर प्राप्त हुनु ।

(१८) युवक वर्ग आफ्नो मानसिक, शारीरिक र शैक्षिक विकास गर्न र समाजलाई शुद्ध,स्वच्छ र कर्मठ बनाउने दिशामा आफ्नो शक्ति र सामर्थ्य लगाउने दिशामा उद्यत हुनु ।

(१९) महिला वर्गलाई आफ्नै योग्यताले आफ्नो वर्गको उत्थान गरी समाज सुधार एवं देश निर्माण कार्यमा सघाउनुको साथै स्वावलम्बनको मार्गमा अघि सर्ने अपूर्व प्रेरणा उपलब्ध हुनु ।

(२०) सबै संगठनको माध्यमबाट सामूहिक रूपले आवश्यक जन जागृति ल्याएर पञ्चायतका आर्थिक, राजनीतिक र सामाजिक कार्यक्रम पूरा गर्न देशलाई संगठित र जागृत जनबल प्राप्त हुन सक्नु ।

(२१) हाम्रो जस्तो सानो देशका थोरै मान्छे धेरै दल र वर्गमा बिभाजित हुनु राष्ट्रिय एकताको निम्ति घातक हुन्छ भन्ने कुरा जनसाधारणले पनि बोध गर्नु ।

यसरी हरेक दृष्टिकोणले पिछडिएको यस देशमा सम्पूर्ण देशवाशीको संगठित बाहुबल शान्ति पूर्वक राष्ट्रको सर्वाङ्गीण विकासको बाटोमा लगाएर छिटो छिटो प्रगति गर्ने र आफ्नो अस्तित्व कायम राख्ने दिशामा अग्रसर हुन संगठनहरूबाट निर्दलीय यस पञ्चायती व्यवस्थालाई अपूर्व बल प्राप्त भएको छ ।

# पंचायत र शोषणरहित समाज

–इन्द्रप्रसादकाफ्ले,
–अनन्त पौड्याल

कुनै पनि देशको राजनैतिक व्यवस्थाका सैद्धान्तिक पक्षहरू-को विवेचना गर्दा त्यहाँको संविधानमा उल्लिखित आधारभूत तथ्यहरू धेरै मात्रामा सहायक हुन्छन् । हाम्रो नेपालमा पञ्चायत र शोषणरहित समाजको बारेमा केही विवेचना गर्दा नेपालको संविधान २०१९ को प्रस्तावना र भाग ४ मा उल्लिखित पञ्चायत प्रणालीका निर्देशक सिद्धान्तहरूकै आधारमा पञ्चायत प्रणालीले कस्तो किसिमको शोषणरहित समाजको सृजना गर्न खोजेको हो भन्ने कुरा हामी थाहा पाउन सक्तछौं । उक्त संविधानको प्रस्ता-वनामा "नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको निमित्त लोकसम्मतिको अनुकूल" भन्ने शब्द उल्लेख भएकोले "जनताको सर्वोत्तम हित" ले लोककल्याणकारी राज्य (welfare state) को सङ्केत प्राप्त हुन्छ । यसबाट पञ्चायत व्यवस्थाद्वारा हामीले सृजना गर्न खोजेको शोषणरहित समाजको स्वरूप "लोक-कल्याणकारी" राज्य हो भन्ने स्पष्ट छ । त्यस्तो "सर्वोत्तम हित"

कसरी प्राप्त गर्न सकिन्छ भन्ने कुरामा त्यो लक्ष्यलाई प्राप्त गर्ने पथ प्रदर्शक या निर्देशक तत्वहरू उक्त संविधानको भाग ४ मा उल्लिखित छन् ।

शोषणरहित समाजको सृजना गर्नु नै पञ्चायत प्रणालीको उद्देश्य हो । नेपालको संविधान २०१९ को प्रस्तावनामा "शोषण-रहित समाज" भन्ने शब्द नभएकोले एवं पञ्चायत व्यवस्थाको राजनैतिक, आर्थिक एवं सामाजिक लक्ष्यमा समेत यसको उल्लेख नभएकोले पञ्चायत व्यवस्थाको वर्तमान व्यावहारिक कार्य-पद्धति शोषणरहित समाजमा आधारित होइन किन्तु यसलाई लक्ष्य राखेर कामसम्म गर्दै जाने भन्ने एक उद्देश्य मात्र भएको देखिन्छ । जस्तो भारतीय संविधान अनुसार राजनैतिक ढाँचाको व्यावहारिक स्वरूप संसदीय व्यवस्थामा आधारित देखाइएको छ तर त्यसको अन्तिम उद्देश्य "पञ्चायत" हो भनी उक्त संवि-धानैमा निर्देशक तत्वको रूपमा भए पनि उल्लिखित छ । साम्य-वादी व्यवस्थाको वर्तमान व्यावहारिक स्वरूप सर्वहारावर्गको अधिनायकत्वमा आधारित छ तापनि यसको उद्देश्य "वर्गविहीन" समाजमा लिएको छ । त्यस्तै शोषणरहित समाजको सृजना गर्नु हाम्रो पञ्चायत प्रणालीको उद्देश्य हो । त्यही उद्देश्यलाई सामुन्ने राखेर, त्यसैलाई ताकेर र त्यहीं पुग्न त्यसैको अनुकूल बाटोमा पञ्चायत प्रणाली हिंडेको छ ।

समाजमा बौद्धिक, आध्यात्मिक, नैतिक, राजनैतिक, सामा-जिक एवं आर्थिक विभिन्न किसिमका शोषणहरू हुन्छन् । यसको अतिरिक्त प्राकृतिक शोषण पनि हुन्छ । जस्तो सूर्यकिरणले

भूइँमा रहेको पानीको शोषण गर्दछ । यसलाई पनि शोषण भन्ने शब्दले सम्बोधन गर्न सकिन्छ । शोषणरहित समाज भनेको कस्तो किसिमको शोषण र कति मात्रामा या कति प्रतिशत शोषण भएको समाज ? भन्ने तर्क पनि नसुनिएको होइन । तर यो शोषण-रहित समाज भनेको एक सैद्धान्तिक समस्या भएकोले यो कस्तो किसिमको मात्र भन्न सकिन्छ कति मात्रामा या कति प्रतिशत भन्ने प्रश्न यसमा अव्यावहारिक हुन्छ । किनकि सैद्धान्तिक समस्यामा मात्रा खोज्नु तर्कसंगत हुँदैन । पहिले शोषणरहित समाजको नारा लगाउने समाजवादमा पनि शोषण यत्तिनै मात्रा-मा भन्ने कुरो स्पष्टरूपमा उल्लेख छैन । आज जसलाई शोषण भनिन्छ जसको अन्तर्गत शोषणरहित समाजको नारा लगाइन्छ त्यसको प्रयोग आज कुनै खास अर्थमा हुन्छ। आधुनिक भौतिकवादी, साम्यवादी विचारधाराका प्रवर्त्तक कार्लमार्क्सले समाजको भौतिक-वादमा आधारित ऐतिहासिक व्याख्या गर्दै भनेका थिए– "समाज-मा वर्गसंघर्ष हुन्छ । यसैले स्वभावतः शक्तिशाली पूंजीपतिवर्गले कमजोर श्रमिकवर्गको शोषण गर्दछ । मार्क्सको विचारधारा एवं व्याख्याको मुख्य आधार नै आर्थिक हुनाले मार्क्सले भनेको शोषण आर्थिक हो । श्रमिकवर्ग आफ्नो परिश्रमले मूल्यनिर्माण गर्दछ । पूंजीपति विनापरिश्रम त्यसबाट लाभ प्राप्त गर्दछ । यसैले यो शोषण हो । पूंजीपतिहरूको सहारा भएको शोषक-वर्गको संख्या राज्य भएकोले शोषणरहित समाजमा राज्यको अस्तित्व रहँदैन । यो शोषणरहित समाजको स्वरूप वर्गविहीन हुन्छ । यसैले मार्क्सको शोषणरहित समाजको कल्पनामा राज्यको स्वरूप नकारात्मक (Negative) हुन्छ ।

हाम्रो पञ्चायत व्यवस्थामा राज्यको स्वरूप सकारात्मक (positive) हुन्छ । यस विचारधारा अनुसार समाजमा विभिन्न वर्गहरूको प्रगति एवं विकासको निमित्त राज्य आवश्यक छ । राज्य पूंजीपतिहरूको संस्थामात्र होइन । श्रमिकहरूको हितको रक्षाको निमित्त पनि राज्य आवश्यक छ । राज्यको सहायताद्वारा समाजमा पूँजीपतिहरूद्वारा श्रमिकवर्गमाथि हुने शोषणको अन्त्य गर्न सकिन्छ । पञ्चायत व्यवस्थामा कल्पना गरिएको शोषणरहित समाज समाजवादी कल्पनाको शोषण-रहित समाजभन्दा अधिक लोककल्याणकारी स्वरूपको छ । मार्क्सको सिद्धान्त अनुसार समाजवादी शोषण केवल आर्थिक स्वरूपको छ र त्यसलाई समाप्त गरेर शोषणरहित समाजको सृजना गर्ने लक्ष्य राखिएको हुन्छ । हाम्रो पञ्चायती व्यवस्थामा शोषण तीन किसिमको मानिएको छः–

(१) राजनैतिक
(२) आर्थिक र
(३) सामाजिक

यी तीन प्रकारका शोषणलाई समाप्त गरेर शोषणरहित समाजको सृजना गर्न पञ्चायत प्रणालीका उपर्युक्त तीन प्रकारका लक्ष्यलाई निर्देशक तत्वको रूपमा राखिएको छ । शोषणरहित समाजको सृजना गर्न हामीले कस्तो किसिमको राजनैतिक, आर्थिक एवं सामाजिक लक्ष्य प्राप्त गर्ने हो भन्ने कुरा स्पष्ट उल्लेख गरिएको छ । संविधानको भाग ४ को धारा १९ को उप-धारा (१) मा शोषणरहित समाजको स्वरूपको उल्लेख गरिएको छ–

"व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्ग र व्यवसायको हितमा सामञ्जस्य ल्याई एउटा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गरी जनकल्याणको अभिवृद्धि गर्नु पञ्चायत प्रणालीको उद्देश्य हुनेछ" । यसैले पञ्चायत प्रणालीद्वारा सृजना गरिने शोषणरहित समाजका निम्नलिखित मुख्य विशेषताहरू हुन्छन्:–

(१) विभिन्न वर्गहरूको अस्तित्व र तिनीहरूमा सामञ्जस्य

(२) प्रजातान्त्रिक स्वरूप

(३) राजनैतिक, आर्थिक तथा सामाजिक न्याय (जसमा यी तीनै प्रकारका शोषण रहँदैनन्) ।

यस प्रकारको शोषणरहित समाजको लक्ष्य हो "जनकल्याणको अभिवृद्धि" । संविधानको प्रस्तावनामा "जनताको सर्वोत्तम हित" भन्ने उल्लेख भएको र "पञ्चायत प्रणालीका निर्देशक सिद्धान्तहरू" भन्ने शीर्षकमा "शोषणरहित समाजको सृजना गरी जनकल्याणको अभिवृद्धि गर्नु" भन्ने उल्लेख भएकोले पञ्चायत प्रणालीद्वारा सृजना गरिने शोषणरहित समाजको स्वरूप "लोककल्याणकारी समाज (Welfare Society)" हो भन्ने कुरा छर्लङ्ग हुन्छ ।

शोषणरहित समाजको सृजना गर्ने दिशामा शोषणको अर्थ के हो भन्नेतर्फ पनि विचार गर्नु आवश्यक हुन्छ । एक वर्गलाई अर्को वर्गको आर्थिक शोषक मानेर त्यो शोषकवर्गलाई समाप्त गरेर शोषकवर्ग नै नभए पछि शोषण नहुने हुनाले वर्गविहीन शोषण-

रहित समाजको सृजना गर्ने भन्ने समाजवादी वर्गविहीन शोषणरहित समाजमा शोषणको अन्तको अर्थ हुन्छ "एक वर्गको लाशमाथि अर्कोवर्गले महल खडा गर्नु"। पञ्चायत प्रणालीद्वारा सृजना गरिने शोषणरहित समाजमा शोषणको अन्तको अर्थ कुनै वर्गको समाप्ति हुँदैन; सबैवर्गको सहअस्तित्व कायम भई केवल राजनैतिक, आर्थिक तथा सामाजिक शोषणको अन्त हुन्छ। अतः हाम्रो शोषणरहित समाजको वास्तविक स्वरूप समाजवादी वर्गविहीन शोषणरहित समाजको जस्तो केवल आर्थिकमात्र नभई पूर्णप्रजातान्त्रिक हुन्छ।

वर्गविहीन समाजको सृजना गर्ने लक्ष्य भएको समाजवादी समाजमा समाजको आर्थिक वर्गको मात्र विश्लेषण गरिएको छ– जस्तो एक वर्ग शोषक र अर्को वर्ग शोषित। शोषणरहित समाजको सृजनामा शोषक वर्गको अस्तित्व नै समाप्त गरिन्छ। तर शोषित भनिएको वर्ग त छँदैछ। यस उसले यही शोषितवर्गको शोषण हुन नपाओस् भनेर नै शोषकवर्गलाई समाप्त गर्ने ध्येय पञ्चायत प्रणालीले राखेको हो। साँच्चै भन्ने हो भने नत सैद्धान्तिक रूपमा नत व्यावहारिक रूपमा नै त्यस्तो शोषणरहित समाज वर्ग-विहीन हुन्छ

समाजमा आर्थिक विभाजन (**Eco.D**ivision) हुन्छ। यो आर्थिक विभाजनले वर्गविभाजन गरेको हुन्छ। यस प्रकारको वर्गविहीन स्वरूपको कल्पना अव्यवहारिक मात्र होइन असंभव हुन्छ भनेपनि हुन्छ। यही कारणले हो हामी वर्ग-संघर्षलाई समाजको स्वाभाविक प्रवृत्ति पनि मान्दैनौं। यदि कुनै कुराको

प्राप्ति गर्न समाज अग्रसर छ तर सो पाउनमा राज्यव्यवस्था वा प्रचलित आधारको शासन-सत्ता सहायक हुन सक्तैन भने मात्र वर्गसंघर्ष आवश्यक हुन्छ, नत्र हुँदैन । यस उसले वर्ग संघर्ष प्राकृतिक होइन निर्मित हो ।

आजको युगमा कुनै पनि राजनैतिक सिद्धान्त दर्शन या व्यवस्थाको तुलनात्मक अध्ययनबाट उपर्युक्त तथ्यहरू छर्लङ्ग हुन्छन् । बहुदलीय व्यवस्थामा आधारित संसदीय व्यवस्थामा श्रमको उचित प्रतिनिधित्व नहुने भनेर श्रमिकप्रति सहानुभूति राख्ने सैद्धातिक विचारकहरूले एकदलीय व्यवस्थाको प्रारम्भ गरे । त्यो एकदलीय व्यवस्था पनि वर्षौंको व्यावहारिक अनुभव-पछि वास्तविक प्रजातान्त्रिक एवं शोषणरहित समाजको सृजना गर्ने अनुकूल दिशातर्फ गएको नदेखिएकोले हामीले ती सबै बहु-दलीय एवं एक दलीय व्यवस्थाको प्रयोगात्मक अनुभवको आधार-मा निर्दलीय व्यवस्थालाई नै उपयुक्त ठह्न्याएर हामी त्यसैको माध्यमद्वारा प्रजातान्त्रिक एवं शोषणरहित समाजको सृजना गरी लोककल्याणकारी राज्यको निर्माणमा लागेका छौं । हुन त शोषणरहित समाजको कल्पनाको नाम जेसुकै राखे पनि वास्तवमा त्यो लोककल्याणकारी समाजको कल्पनामा आधारित हुन्छ । हाम्रो शोषणरहित समाजको कल्पनाका आफ्नै विशेषताहरू छन् । यसैले यसको स्वरूप हाम्रो आफ्नै किसिमको छ । समाज-वादी शोषणरहित समाजसितको तुलनात्मक अध्ययनबाट यसको स्वरूप अझ बढी स्पष्ट हुन्छ ।

हाम्रो नेपालमा उत्पादनको मूल स्रोत कृषि नै छ र नेपालको आर्थिक स्रोतको मूल पनि अहिलेसम्म कृषि नै छ । यसैले यहाँ

श्रमिक भन्नाले मुख्यतया कृषक नै लिइन्छ । कृषकहरू खेतमा वर्ष दिनसम्म परिश्रम गरेर अन्न पैदा गर्दछन् । तर जग्गाधनीले सबै अन्न आफ्नो भकारीमा थन्क्याएर धनी बन्दछन् । पसिना बगाएर खेती गर्ने किसानलाई सधैंभरि पुगेस्पुगेस् मात्र हुन्छ । यसरी जग्गाधनी पूँजीपतिले गरीब कृषकहरूको शोषण गर्दछ । परिश्रमी कृषकको यो शोषणको मुख्य कारण उत्पादनको साधन जग्गाधनीको हातमा पर्नु र जमीनको असमान वितरण हुनु नै हो । यो समस्याको समाधानको लागि शोषणको अन्त गर्नलाई जग्गाधनीवर्गलाई समाप्त नै गर्नु पर्ने आवश्यकता हामीलाई छैन । केवल उत्पादनको साधन र जमीनको वितरण यस्तो प्रकारबाट गरियोस् जसबाट परिश्रम गर्ने जग्गाधनी या पूँजीपतिवर्गले परिश्रम गर्ने कृषकको शोषण गर्न नपाओस् । साथै पूँजी भनेको हाम्रो लागि आज जमीन मात्र हो र जसको धेरै जमीन छ त्यही सबभन्दा धनी या पूँजीपति हो भन्ने प्रवृत्तिले प्रोत्साहन नपाओस् । यही नै हाम्रो समस्याको समाधानको बाटो हो । यसैले आज राजनैतिक क्षेत्रमा खासगरेर समाजवादी कहलाइएको शोषणरहित समाजको स्वरूप मुख्यतया आर्थिक हुन्छ । यसलाई आजको समस्या मानिन्छ । यसलाई कसैले समाजवादी समस्या माने पनि हामीले यसलाई मुख्यतया सामाजिक समस्या मानेका छौं । यसैले संविधानमा हामीले पञ्चायत व्यवस्थाद्वारा कस्तो समाजको सृजना गर्ने भन्ने कुराको पथप्रदर्शक या निर्देशक तत्वको रूपमा शोषणरहित समाजको सृजना गर्ने भन्ने कुरा उल्लेख गरिएको छ ।

वर्गसंघर्षलाई समाजको स्वाभाविक प्रवृति नमानेकाले नै पञ्चायत प्रणालीको कल्पनामा राज्यको स्वरूप अझ बढी

सकारात्मक भएको छ। सकारात्मक राज्य शोषणरहित समाजको श्रृजनाको लागि मुख्य रूपमा सहायक हुन्छ । यस्तो कल्पनामा हामी समाजवादी बाटोभन्दा सही र राम्रो बाटोमा हिंडेका छौं भन्ने कुरा समाजवादी बाटोको अहिलेसम्मको इतिहासले समाज-वादी व्यवस्थामा पनि राज्यको अस्तित्व बिस्तारै आज समाप्त हुने दिशातिर अग्रसर हुँदै बढ्नुको सट्टा उल्टो राज्यको सकारात्मक कल्पना भएको व्यवस्थामा भन्दा पनि अझ आफू बलियो हुँदैजाने तर्फ नै गएको देखिएको छ । यसकै परिणामस्वरूप जुन शोषण समाप्त गर्न शोषणरहित समाजको कल्पना गरिएको हो त्यही शोषण नै बरू जस्ताको तस्तै रहेको देखिएको छ । एक कृषकको शोषण समाजवादी व्यवस्था शुरू हुनुभन्दा पहिले जग्गाधनीले गर्दथ्यो । किनकि आफूले परिश्रम गरेर जमीनमा पैदा गरेको अन्नबाट एनकेन प्रकारले उसले आफ्नो पेट भर्थ्यो र बाँकी अन्न जग्गाधनीले आफ्नो भकारीमा थन्क्याउँदथ्यो । समाजवादी व्यवस्थामा पनि एक साधारण कृषकले पाउने त दिनभरिको ज्याला या एक पेट अन्न मात्रै हो । उसको परिश्रमले जे जति बढी अन्न पैदा गरेको छ सो सबै राज्यको हुन्छ । एक व्यक्तिको रूपमा लिने हो भने कृषकको निमित्त पूँजीपति र राज्यमा केही फरक पर्दैन । उसको पसीना या परिश्रमको शोषण पहिले पूँजीपतिले गर्थ्यो भने अहिले राज्यले गर्दछ । एक साधारण कृषकलाई कुनै दार्शनिक वाद एवं सिद्धान्तभन्दा बढी आवश्यकता हुन्छ उसको आफ्नो जमीन । कृषिप्रधान देशमा स्वतन्त्र कृषि, स्वतन्त्र अर्थव्यवस्थाको महत्वपूर्ण आधारको रूपमा हुन्छ । यस तथ्यलाई पञ्चायत

व्यवस्थाले अँगालेको छ । पञ्चायत व्यवस्थाको शोषणरहित सामजको कल्पनामा कृषक अकिञ्चन हुँदैन ।

समाजवादी शोषणरहित समाजमा पनि वर्गसंघर्षको स्थान छैन । किनकि समाजवादी तर्कमा शोषण गर्ने वर्ग नै रहँदैन । पञ्चायत प्रणालीको शोषणरहित समाजमा शोषकवर्ग नहुने हुनाले शोषण हुँदैन भन्ने होइन । किन्तु त्यहाँ यसकारण शोषण हुँदैन कि त्यहाँ शोषण हुन नपाउने व्यवस्था गरिएको हुन्छ । पूँजीपति-वर्गको छोरो पूँजीपतिवर्गभित्रै परे तापनि उसले शोषण गर्न नपाउने स्थिति भएमा उ शोषक बन्न सक्दैन । उसले शोषण नगरोस् भन्नका लागि यसलाई समाप्त नै गर्नु पर्ने आवश्यकता पर्दैन । यसैले शोषण एक सामाजिक अव्यवस्थाको परिणाम मात्र हो । आधुनिक समाजवादका जन्मदाता कार्लमार्क्सले पनि औद्योगिक विकासको परिणामस्वरूप उत्पन्न भएको एक प्रकारको अव्यवस्थालाई नै समाजको स्वाभाविक प्रवृत्ति मानेका थिए । औद्योगिक विकास भएर अनेक प्रकारका यन्त्रहरूको आविष्कार भएर वस्तुहरूको उत्पादन अत्यन्त धेरै मात्रामा बढ्यो । कल-कारखानाका मालिकहरूले त्यसबाट प्रशस्त धन कमाएर झन् झन् धनी बन्दै गए । पसीना बगाएर श्रम गर्ने श्रमिकहरू ज्याला मात्र पाउने भए । त्यो पर्याप्त थिएन । वास्तवमा यो एक अव्य-वस्था नै थियो । पूँजीपति र श्रमिकको हितमा कसरी सामञ्जस्य स्थापित गर्ने भन्ने कुराको व्यवस्था भैसकेको थिएन । त्यस बखत यो एक नयाँ कुरा थियो र त्यसै बखतमा औद्योगिक विकासको प्रगति छिटो गतिमा बढ्दै पनि गइरहेको थियो । आजकाल मिलमा काम

गर्ने श्रमिकहरू, औद्योगिक विकास भएका प्रगतिशील देशहरूमा पनि सूट पेण्ट लगाएर धनीवर्ग झैं हिंडेका देखिन्छन् । तिनीहरू केवल ज्यालामात्र पाउँदैनन् किन्तु तिनीहरूलाई (मील) कारखानालाई भएको लाभबाट लाभांश (बोनश) पनि दिइन्छ र श्रमिक र मील मालिकहरूको हितमा सामञ्जस्य स्थापित गर्न यस सम्बन्धी ऐन नियमहरू बनाइएको हुन्छ । यी सबै व्यवस्थाहरूले गर्दा पूँजीपति र श्रमिकहरूको बीचमा मार्क्सले भने जस्तो वर्ग-संघर्ष आज स्पष्टरूपमा छैन ।

पञ्चायत व्यवस्थामा सबै जनताको सक्रिय सहयोगद्वारा सबैवर्गलाई संगै संगै बाँच्न दिएर र प्रजातान्त्रिक तरीकाले उत्पन्न समस्याको समाधान प्राप्त गर्ने व्यवस्था गरिएको छ । यस्तो पारस्परिक सहयोगको मूल आधार हो वर्गसमन्वयको भावना । जग्गाधनी र कृषक दुवैको सहयोग एक अर्कोमा अत्यावश्यक छ। कृषकको हक र हितको सुरक्षाको लागि जग्गाधनी-वर्गको अस्तित्व समाप्तनगरी कन अर्थात् उसलाई बाँच्न दिएर नै शोषणरहित समाजको सृजना गर्नु पञ्चायत प्रणालीको उद्देश्य हो । हाम्रो व्यवस्थामा उत्पादनको प्रमुख साधन भएको जमीनमा एकातिर कृषकहरूको पनि हक सुरक्षित गरिएको छ भने अर्कोतिर धन भयो भन्दैमा मनलागेको जति जमीन किनेर ठालू बन्ने प्रवृत्ति-लाई पनि रोक लगाउनुको लागि एक जनाले बढीमा कतिसम्म जग्गा राख्न सक्तछ भन्ने हद निर्धारित गरिएको छ । यसबाट समाजवादी व्याख्या अनुसार धनी झन् झन् धनी बन्दै जाने र गरीब झन् झन् गरीब हुँदै जाने भन्ने कुरालाई हाम्रो व्यवस्थाले

स्वतः खण्डित गर्छ । समाजवादी भनिने शोषणको मूलरूप माथि उल्लेख भए झैं जे जस्तो थियो तापनि पञ्चायत व्यवस्थामा यस्तो विचारधारा महत्वहीन भएको छ। मार्क्सको भनाअनुसार पूँजीपति श्रमिकको शोषण गरेर झन् झन् धनी हुँदै जान्छ र श्रमिक झन् झन् गरीब हुँदै जान्छ । यस्तो प्रवृत्तिको अनिवार्य परिणाम हुन्छ श्रमिकवर्गको अधिनायकत्व र शोषणरहित समाजको श्रृजना तर पूंजीपतिवर्गको अस्तित्वलाई समाप्त नगरीकन यस वर्गलाई श्रमिकवर्गको शोषण गर्न नसक्ने बनाइदिनु पञ्चायतले गरेको भूमिसुधार कार्यक्रमको विशेषता हो । यसलाई छोटकरीमा भन्ने हो भने समाजवाद बिच्छीलाई मारिदिने पक्षमा छ तर हाम्रो पञ्चायत व्यवस्था बिच्छीको जहर मात्र समाप्त गरेर बिच्छी-लाई बाँच्न दिने पक्षमा छ । तसर्थ हामीलाई भूमिसुधार आर्थिक शोषण समाप्त गर्नेतर्फ एक शान्तिपूर्ण क्रान्तिकारी पाइलो सिद्ध भएको छ ।

राजनैतिक र आर्थिक शोषण सामाजिक शोषणबाट न उम्रन्छ । कुनै पनि बिरुवाको जरो छउन्जेल त्यो बारम्बार पलाएर उम्रनु रबढ्नु र बढेर ठूलो पनि हुन सक्तछ । यसैले सामाजिक शोषणको अन्त गर्न राजनैतिक र आर्थिक शोषण अन्त गर्ने क्रान्तिकारी पाइला चालिनु एकसाथ आवश्यक हुन्छ । राजनैतिक शोषण आजको मानवतावादी युगको एक गम्भीर समस्या भएको छ। दलीय व्यवस्था (Party System) मा शक्तिको लागि प्रतिस्पर्धा गर्ने दलहरूद्वारा साधारण जनताको राजनैतिक शोषण हुन्छ । निर्वाचनको समयमा अव्यावहारिक

आश्वासन समेत दिएर निर्वाचकले राम्रोसित नचिनेको व्यक्तिलाई तिनीहरूद्वारा निर्वाचित गराएर प्रतिनिधिको रूपमा राजनैतिक दलले आफ्नो दलको सदस्यलाई सरकारमा पुऱ्याउने प्रयत्न गर्दछ । यसैले परम्परागत प्रजातान्त्रिक व्यवस्थाले शोषणको अनुकूल स्वरूप बनाएको हो । यसैले यस्तो शोषण हुन नसकोस् भन्ने ध्येयले एक दलीय व्यवस्थाद्वारा शोषणरहित समाजको सृजना गर्ने आधुनिक साम्यवादी सिद्धान्तको उदय भयो । त्यस व्यवस्थाद्वारा सृजना गरिने शोषणरहित समाज केवल आर्थिक पक्षमा मात्र आधारित भएकोले हामीले राजनैतिक दल नै नभएको निर्दलीय पञ्चायत प्रजातान्त्रिक व्यवस्था अपनाएका छौं । राजनैतिक शोषणका प्रमुख साधन भएका राजनैतिक दलहरू नै हाम्रो व्यवस्थामा नभएकोले र पञ्चायत व्यवस्थाको सबभन्दा तल्लो तहकै जनप्रतिनिधि निर्वाचनप्रणाली ( Election System ) द्वारा विभिन्न तह हुँदैय राष्ट्र पञ्चायतमा पुग्ने र सबभन्दा तल्लो तहको निर्वाचनक्षेत्र सानो हुने भएकोले प्रत्येक निर्वाचनमा राम्रोसित चिनेजानेको व्यक्तिलाई आफ्नो जनप्रतिनिधि छानी पठाउने हुनाले यस प्रणालीद्वारा राजनैतिक शोषणरहित समाजको सृजना गर्न सकिन्छ । यसैले पञ्चायत प्रणालीको राजनैतिक लक्ष्यमा संविधानमा निम्नाङ्कित कुरा स्पष्ट उल्लेख गरिएको छः-

साधारण जनतालाई जागरूक र चेतनशील बनाई क्रमिक विकेन्द्रीकरणद्वारा प्रत्येक तहको शासनमा जनप्रतिनिधिहरूलाई अधिकाधिक मात्रामा सम्मिलित गराई देशको प्रतिभा र साधन-

लाई सकभर बढी मात्रामा र स्वेच्छाले प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गर्ने काममा पुऱ्याउनु नै पञ्चायत प्रणालीको राजनैतिक लक्ष्य हुनेछ । जागरूक र चेतनशील जनता शोषणलाई समाप्त गर्ने दिशातर्फ अघि बढ्न सक्तछन् र यस्तो राजनैतिक शोषणरहित भएको समाज प्रजातान्त्रिक हुनेछ अर्थात् त्यसमा प्रजातान्त्रिक मान्यताहरू–स्वतन्त्रता, समानता र भ्रातृत्वको महत्वपूर्ण स्थान हुनेछ ।

आर्थिक शोषण आजको युगको एक जटील समस्या हो । आर्थिक शोषण हुनुपर्छ भन्ने पक्षमा आज कोही पनि विचारक छैनन् । तर यस्तो शोषणलाई कसरी समाप्त गर्ने भन्ने पक्षमा चाहिं सैद्धान्तिक मतभेदहरू देखिन्छ । कोही समाजवादी तरीकाबाट शोषण हट्न सक्तछ भन्दछन् भने कोही प्रजातान्त्रिक समाजवादी तरीकाद्वारा सो कार्य राम्रो हुनसक्तछ भन्दछन् । मार्क्सवादी समजवादका अनुयायीहरूमा नै आज पर्याप्त मतभेद देखिएको छ । यसैले "शोषणरहित समाज" को व्याख्या हामीले कसरी गर्ने भन्ने प्रश्न उठेमा हामीले हाम्रै किसिमको व्यवस्थानुकूल व्याख्या गर्ने भन्ने स्पष्ट उत्तर दिनसकिन्छ । समाजवादी विचारधाराका अनुयायीहरू नै त यस विषयमा एकमत हुन सकेका छैनन् भने हामीले सृजना गर्न खोजेको हाम्रो शोषणरहित समाजको समाजवादी व्याख्या गर्न खोज्नु तर्कसंगत देखिदैन । समाजवादी बाटोभन्दा हाम्रो पञ्चायती बाटो पूर्णतया भिन्न किसिमको छ । एक वर्गले अर्को वर्गको शोषण गरेकोले त्यस्तो शोषकवर्गलाई नै समाप्त गर्ने समाजवादी बाटो हो । यी दुवै वर्गको सहयोग लिएर एक

वर्गले अर्को वर्गको शोषण गर्न नपाउने व्यवस्था गर्नु पञ्चायती बाटो हो । केवल आर्थिक शोषण र सो गर्ने शोषकवर्ग मात्र नभएको समाज समाजवादी विचारधारामा शोषणरहित समाज हो । पञ्चायती शोषणरहित समाजको स्वरूप राजनैतिक,आर्थिक एवं सामाजिक तीनै प्रकारमा शोषण नभएको हुन्छ । पञ्चायत व्यवस्था अन्तर्गत लागू गरिएको भूमिसुधार कार्यक्रम समाजमा आर्थिक शोषणलाई समाप्त गर्ने दिशामा एक क्रान्तिकारी पाइलो हो । कृषिप्रधान हाम्रो देशमा शोषक मानिएको जग्गाधनीवर्गको अस्तित्वलाई समाप्त नगरीकन नै जमीनमा कृषकको हक र हितको रक्षा गर्न भूमिसुधार कार्यक्रम लागू भएको कुरा आज हामीले बुझेका छौं । "देशको आर्थिक उन्नतिमा जनसाधारणलाई सकभर बढी मात्रामा सम्मिलित गराई र निजी उद्यमलाई समेत उचित प्रश्रय दिई कुनै पनि व्यक्ति वा वर्गद्वारा अन्य कुनै व्यक्ति वा वर्गमा अनुचित आर्थिक दबाव हुन नदिने व्यवस्था गर्नु पञ्चायत प्रणालीको आर्थिक लक्ष्य हुनेछ" भनी संविधानमा उल्लेख छ। व्यक्तिगत पूंजीलाई उच्छृङ्खलताको रूपमा परिचालन हुन दिएको खण्डमा यही नै सामन्तवादको द्योतक हुनसक्ने हुनाले व्यक्तिगत उद्यमलाई उचित मात्रामा मात्र प्रश्रय दिने तर उच्छृङ्खल बन्न चाहीं नदिने हाम्रो आफ्नै किसिमको आफ्नै अनुकूल आर्थिक बाटो हो ।

राजनैतिक र आर्थिक शोषणको साथै सामाजिक शोषण समाप्त गर्न पनि पञ्चायत व्यवस्थामा क्रान्तिकारी पाइलाहरू चालिएका छन् । यी मध्ये नयाँ मुलुकी ऐन मुख्य हो । शोषणरहित

समाजको सृजनामा सामाजिक असमानतालाई हटाउनु पनि नितान्त आवश्यक हुन्छ । विद्वान्‌हरूको भनाइअनुसार प्राचीन हिन्दूशास्त्रमा पनि शोषणरहित समाजको कल्पना थियो । तर त्यसको मुख्य आधार त्यस बखत केवल धार्मिक थियो । आजको शोषणरहित समाजको कल्पनाको आधार धार्मिक नभएर स्पष्ट-रूपमा राजनैतिक, आर्थिक एवं सामाजिक स्वरूपको भएको छ । सामाजिक स्वरूपको मूल आधार नै विभिन्न वर्गहरूमा आवश्यक सामञ्जस्य एवं नैतिकताको सृजना हुनु हो । हाम्रो पञ्चायती समाज विभिन्न संगठनहरूमा विभाजित छ र विभिन्न वर्गहरूको बीचमा सामञ्जस्यको नीतिलाई यसले अपनाएको छ । समाजमा एक वर्गद्वारा अर्को वर्गको शोषण हुनु र यी अनियन्त्रित शोषक र शोषितवर्गमा संघर्ष हुनु समाजको स्वाभाविक प्रवृत्ति भएकोले समाजवादमा शोषणरहित समाजको आवश्यकता दर्शाइएको हो । पञ्चायती शोषणरहित समाजको आवश्यकता यसकारण मानिन्छ कि यो एक आदर्श व्यवस्था हो । परस्परमा मिलेर नियन्त्रित जीवन बिताउने मानिसको स्वाभाविक गुण नै सामञ्जस्य हो । संघर्षलाई समाजको स्वाभाविक प्रवृत्ति मानेर त्यसलाई समाप्त गर्ने वर्गविहीन समाजको कल्पना गर्दा नै समाजमा वर्गसंघर्ष स्वतः हुने कुरासंग सम्बन्धित विषयलाई ऐतिहासिक एवं क्रान्तिकारी पाइला मानिएको थियो । तर त्यसको ठीक उल्टो वर्गसमन्वय-लाई समाजको स्वाभाविक प्रवृत्ति मानी एक आदर्श व्यवस्थाको लागि वर्गसमन्वयद्वारा नै वर्गविहीन होइन किन्तु विभिन्न वर्गमा विभाजित तर शोषणरहित समाजको सृजना गर्ने हाम्रो समन्वय-

वादी सिद्धान्तलाई नै अझ बढी स्पष्टरूपको ऐतिहासिक एवं क्रान्तिकारी पाइला मान्न सकिन्छ । यसैले हाम्रो समाजले शोषणरहित रूप धारण गर्नका लागि हामीलाई वर्गसमन्वयको अत्यन्त महत्वपूर्ण स्थान छ।

संसदीय व्यवस्था जुन ठाउँमा जन्मेर विकसित भएको हो आज त्यही ठाउँमा संसदीय व्यवस्था नै रहे पनि व्यावहारिक-रूपमा त्यसले क्रमशः अर्कै रूप लिंदै गएको सबैले देखिरहेकै छन् । त्यस बाहेक अरू धेरै ठाउँहरूमा पनि संसदीय व्यवस्थाले त्यहाँको आजको युगानुकूल मांग पूरा गर्न नसकेको पनि देखिरहेकै छन् । अतः संसदीय व्यवस्था मात्रै प्रजातान्त्रिक व्यवस्था हो भनी कसैले हठ गर्दछ भने यसलाई राजनैतिक लिडेढिपी मात्र भन्न सकिन्छ । त्यस्तै एक वर्गको अस्तित्व खतम गरी शोषणरहित समाजको श्रृजनाको बाटोमा लाग्ने राजनैतिक सिद्धान्तको व्यावहारिक रूपमा वर्गको झन् झन् अस्तित्व बलियो र दरिलो हुँदै गएको देख्ता देख्तै त्यही नै शोषणरहित समाजको सृजनाको बाटो हो भुन्नु पनि वास्तविक तथ्यको अनुकूल देखिदैन । राम्ररी केलाउने हो भने वर्गसंघर्षलाई समाजको स्वाभाविक गुण मान्ने उक्त व्यवस्थामा समेत समाजको प्रगति वर्गसमन्वयको आधारमा नै हुनसकेको छ । सामाजिक प्रगतिको अहिलेसम्मको इतिहास एवं समाजवादी सिद्धान्तको व्यावहारिक अनुभवले समाजको स्वाभाविक गुण वर्गसमन्वय नै रहेछ भन्ने कुरा सिद्ध गरेको छ । यही ऐतिहासिक एवं व्यावहारिक तथ्यलाई नै हामीले हाम्रो समाजको एक स्वाभाविक गुणको रूपमा मानेका छौं ।

पञ्चायत भनेको आपसमा मिलीजुली छलफल गर्ने र उत्पन्न समस्याको समाधान मेलजुलसित गर्ने बाटो हो । समाजमा वर्ग-हरूको विभाजन सृष्टिको आदिकालदेखि नै चलेर आएको छ र यसको स्वरूप मुख्यतया: कर्मप्रधान देखिएको छ । एक खेतीवाल-को छोरो पल्टनमा जागीर खान्छ भने त्यो सैनिकवर्गमा आउँछ । त्यसैको अर्को छोरो व्यापार गर्छ भने त्यो व्यापारीवर्गमा आउँछ । त्यसैको पढ्ने काम गर्ने छोरो विद्यार्थीवर्गमा आउँछ । एक सैनिकको छोरो खेती गर्दछ भने त्यो कृषकवर्गमा आउँदछ । यसैले प्राचीनकालदेखि अहिलेसम्म समाजको वर्गविभाजनको आधार मुख्यतया: कर्मप्रधान देखिएको छ । कुनै पनि समाजमा कृषक, व्यापारी, सैनिक, विद्यार्थी, अध्यापकहरू अवश्य हुन्छन् । यिनीहरूको नामकरण यिनीहरूले गर्ने कामको आधारमा भएको हुन्छ । कामको आधारमा भएको समाजका सदस्यहरूको यस्तो विभाजनको नामै वर्ग हो। जस्तो सुकै शोषणरहित समाजमा पनि यिनीहरूको आवश्यकता पर्दछ । यसैले वर्गविहीन समाजको कल्पना अव्यावहारिक हो । पञ्चायती वर्गयुक्त समाज नै समाज-को स्वाभाविक स्वरूप हो । विभिन्न कामको आधारमा समाजका सदस्यहरू विभिन्न वर्गमा स्वतः विभाजित हुन्छन् । यसैले वर्ग-विहीन समाजलाई एक कोरा कल्पना मात्र भन्न सकिन्छ जबकि वर्गीय समाज एक व्यावहारिक तथ्य । पञ्चायती वर्गसमन्वयको विचारधारा नै शोषणरहित समाजको सृजनामा एक महत्वपूर्ण तथ्य भएको कुरा निम्नाङ्कित कारणले अझ बढी स्पष्ट गर्दछ –

वर्गसमन्वयको आदर्श पञ्चायत व्यवस्थाको देन होइन । वर्गसमन्वय कसरी मानिसको जीवनको अन्तिम प्रजातन्त्रवादी

एकै तथ्य हो भन्ने कुरा मात्र पञ्चायतको दृष्टिकोण हो । शोषण-रहित वर्गसमन्वयको वास्तविकतालाई केवल भावावेशी र उच्च स्तरीय एक आदर्शवादी कपोलकल्पित तथ्यको रुपमा मात्र नमानी त्यसको विभिन्न वर्गको अन्तर्जीवन सञ्चालन व्यवहारमा गरेर देखाउनु नै हाम्रो वर्गसमन्वयको वास्तविकता हो ।

यतिमात्र नभै शोषणरहित पञ्चायतले आज प्रतिष्ठापन गरेको वर्ग समन्वयवादी व्यवहारमा वर्गसंघर्षबाट प्राप्ति हुनेभन्दा पनि कैयौंगुना बढी उपलब्धि प्रत्येक व्यक्ति व्यक्तिले प्राप्त गर्न सक्तछ ।

हाम्रो शोषणरहित वर्गसमन्वयले विभिन्न युगको राज-नीतिक व्यवस्थामा जनसाधारणले प्राप्त गरी सकेको र अब पनि प्राप्त गर्दै जाने असाधारण प्राविधिक र अन्य क्रान्तिकारी समाज-का राजनीतिक, आर्थिक, शैक्षिक एवं सामाजिक उपलब्धि जति सबै जनसाधारणको सेवामा अर्पण गर्ने क्षमता राखेको छ । प्राचीन कालदेखि समाजमा जन्मेर हुर्केका विभिन्न वर्गीय जीवनले प्राप्त गरिसकेको र पछि प्राप्त गर्दैजाने विभिन्न क्षेत्रका क्रान्ति-कारी उपलब्धि पञ्चायतभित्र सुरक्षित राख्ने उद्देश्य लिएको छ । त्यसो भएकोले मात्र पञ्चायतमा विभिन्न वर्गीय संगठनहरू अनिवार्य भएका हुन् । साथै यिनीहरूको रूप अन्य व्यवस्थामा-भन्दा हाम्रो पञ्चायत व्यवस्थामा बढी क्रान्तिकारी र बढी सह-अस्तित्ववादी हुन गएको पनि यही कारणले हो । प्रत्येक वर्गको सामाजिक एवं आर्थिक जीवन मजबूत तुल्याउनको लागि वर्गीय संगठनलाई सुदृढ गर्नु र ती सबैको अस्तित्व एकत्रित गरी फेरि

एक आपसी सहयोगी डोरीको रूपमा अनेकीकरण गर्ने कार्यबाट हाम्रो पञ्चायतले विश्वइतिहासमा शोषणरहित समाज प्राप्तिको लागि एक अनुपम उदाहरण प्रस्तुत गरेको छ ।

समजमा स्वतः जन्मेका र हुर्केका विभिन्न वर्गहरूबाट मनुष्य समाज मुक्त हुनुपर्दछ र समाजलाई नै वर्गविहीन बनाउनु पर्दछ भन्ने लिडेढिपी लिंदा साम्यवादी सिद्धान्तले मनुष्य मात्रलाई अधिनायकवादी खाल्टोतर्फ धकेलेको छ ।

शोषणरहित समाजको प्राप्तिको लागि भन्ने आडमा विभिन्न वर्गीय जीवनको प्रतिनिधित्व गर्ने कार्य केवल अनेक रूप र नामधारी राजनीतिक दलको मात्र क्षेत्र हो भन्ने समष्टिवादी, फेबीयनवादी र अन्य समाजवादीहरूले अपनाएको वर्गसमन्वयसंग पनि पञ्चायती वर्गसमन्वयको दृष्टिकोण बिलकूलै मिल्दैन । किनभने ती समाजवादीहरूले त केवल मार्क्सवादी राजनैतिक तथा आर्थिक प्रणालीलाई मात्र जनसाधारणको सेवामा प्रस्तुत गर्ने उपाय निकालेका छन् । यसको परिणामस्वरूप तिनीहरूले खालि राजनीतिक यन्त्रको सञ्चालन मात्र साम्यवादी एक दलको सट्टा विभिन्न अरू पनि राजनीतिक दलहरूको अधीन बनाएका छन् । तसर्थ पञ्चायतको लागि मार्क्सवादी दलगत यन्त्र र अन्य समाजवादीहरूको दलगत यन्त्रमा कुनै फरक देखा पर्दैन । नाम फरक भए पनि कुनै न कुनै रूपको शोषणप्रक्रियाले प्रश्रय झन् बढी मात्रामा पाइ नै रहने भएकोले हाम्रो पञ्चायतले साम्यवादी र अन्य संसदीय व्यवस्थामा सधैं नेतृत्व गर्ने नेतृत्वकारी गूटलाई नै सदाको लागि शासनसत्तामा आउन नदिने कार्य सुसम्पन्न गरेको

छ । त्यसैले हाम्रो शोषणरहित समाजको लक्ष्य प्राप्ति केवल निर्दलीय वर्गसमन्वयवादी पञ्चायतबाट मात्र हामीलाई सफल भएको छ ।

# नयाँ मुलुकी ऐन : एक परिचय

–विश्वनाथ उपाध्याय
एम. ए. एल. एल. बी

देशको सर्वतोमुखी विकास गरी सकेसम्म चाँडो अन्य विकसित मुलुकहरूको दाँजोमा पुऱ्याउने राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको उत्कट अभिलाषा र त्यससम्बन्धमा मौसूफबाट समय समयमा गरिबक्सेको प्रयोग एवं प्रयासहरू सर्वविदित छ । आर्थिक विकासका साथै अन्य सबै क्षेत्रहरूमा, खासगरी सामाजिक क्षेत्रमा, समानरूपले विकास नभएसम्म देशनिर्माणको महान् कार्य सम्पन्न हुनसक्तैन । यसरी देशको चौतर्फी विकास गरी वाञ्छित परिणाम हासिल गर्नका लागि आवश्यक र अनुकूल वातावरण एवं परिस्थिति तैयार गर्नु अत्यावश्यक हुन्छ र त्यसका निमित्त आवश्यक अन्य कतिपय कुराहरूका अतिरिक्त देशको कानूनी व्यवस्थामा पनि समयानुकूल सुधारहरू गर्दै लैजानु पर्दछ । वास्तवमा, देशको कानूनी व्यवस्थामा समयोचित आवश्यक सुधारहरू नगरिएको खण्डमा समयको प्रभावले हाम्रो राष्ट्रिय चेतना (National consciousness) र आर्थिक एवं सामाजिक मान्यता (Values)

व्यवहार (Practice) एवं दृष्टिकोण (Outlook) बराबर आइरहने परिवर्तनमा सो कानूनी व्यवस्था अमिल्दो हुनगै एउटा अवाञ्छनीय खिचोला उत्पन्न हुन्छ र राष्ट्रको प्रगति नै अवरूद्ध हुन जाने सम्भावना रहन्छ । यही आधारभूत कुरालाई ध्यानमा राखी श्री ५ को सरकार हाम्रो देशको कानूनी व्यवस्थामा योजनाबद्धरूपले आवश्यक सुधारहरू गर्दै लैजान कटिबद्ध छ । कानूनी सुधारको यस योजनाबद्ध कार्यक्रममा एकशताब्दीभन्दा पनि अघिदेखि चलिआएको "मुलुकी ऐन" मा गरिएका सुधारहरू हाम्रो कानूनी व्यवस्थाको इतिहासमा सर्वाधिक महत्त्वपूर्ण मात्र होइन, सबैभन्दा प्रगतिशील एवं क्रान्तिकारी पनि भन्न सकिन्छ ।

राष्ट्रनिर्माता श्री ५ बडामहाराज पृथ्वीनारायण शाहले एउटा विस्तृत भूभागको रूपमा नेपालको नवनिर्माण गर्नुभन्दा पहिले नेपाल, ग्रीस, रोमका नगर राज्यहरू (City-states) जस्तै स्याना स्याना राज्यहरूमा विभक्त थियो । तीमध्ये अधिकांश राज्यहरू आफ-आफ्नो अधिकार क्षेत्रमा स्वतन्त्र थिए र आफ्नो रीतिस्थिति र धार्मिक परम्परा अनुसार राज्य सञ्चालन गर्दथे । राज्यको व्यवस्था र मानिसहरूको आपसी सम्पर्क र व्यवहार मुख्यतः धर्म, धार्मिक परम्परा एवं सामाजिक रीतिस्थितिबाटै निर्धारित हुन्थ्यो । ती कुराहरू व्यवस्थित गर्ने लेखबद्ध कानून प्रायः थिएन । अधिकार र दायित्व एवं अपराध र सजाय इत्यादिको व्यवस्था पनि साधारणतः रीतिथिति र धार्मिक ग्रन्थहरूबाटै निर्धारित हुने भएकोले भिन्न भिन्न ठाउँको भिन्न भिन्न धार्मिक एवं सामाजिक रीतिथिति अनुसार एउटै किसिमको अपराधमा पनि भिन्न भिन्न सजाय हुनु स्वाभाविकै नै हो । यस कुराको पुष्टि

पुरानो मुलुकी ऐनको प्रस्तावनाबाट पनि हुन्छ । राष्ट्रनिर्माता श्री ५ बडामहाराजा पृथ्वीनारायण शाहले छरिएर रहेका ती स्याना स्याना राज्यहरूलाई एकताको सूत्रमा बाँधी नयाँ नेपालको निर्माण गरिबक्सेपछि राज्य सञ्चालनको निमित्त सामान्य कानूनमा पनि एकरूपता हुनु पर्ने कुरा महसूस गरियो । तर सो काम त्यस बखत पूरा हुन नसकी स्थिति करीब करीब उस्तैरूपमा कायमै रह्यो । पछि श्री ५ सुरेन्द्रविक्रम शाहदेवको शासनकालमा मौसूफको हुकूमबमोजिम तत्कालीन प्राइमिनिष्टर जंगबहादुर राणाबाट सम्वत् १९१० सालमा त्यस बेलाको धार्मिक एवं सामाजिक रीतिथिति समेतको विचार गरी विस्तृतरूपमा परम्परागत कानूनहरूको संग्रह तैयार गरी लेखबद्ध गराइयो जो आजसम्म पनि मुलुकी ऐनको नामबाट लागू भैरहेको छ । निश्चित र भरमुलुक एकनासले लागू हुने सामान्य कानूनको रूपमा लिखित स्पष्ट व्यवस्था सर्वप्रथम सोही ऐनबाट भएकोले हाम्रो कानूनी व्यवस्थाको क्रमबद्ध इतिहास सोही ऐनबाट शुरू हुन्छ भन्नु अत्युक्ति होओइन ।

माथि उल्लेख भएबमोजिम मुलुकी ऐन सर्वप्रथम लेखबद्ध कानूनकोरूपमा प्रारम्भ हुँदा नेपालको राष्ट्रिय जीवन र सामाजिक अवस्था आजको जस्तो विकसित र सुसंगठित थिएन । राजनीतिक एवं सामाजिक जीवनमा धर्म र धार्मिक रीतिथितिको नै बढी प्रधानता थियो । नेपाली राष्ट्रियताको विकास प्रारम्भिक अवस्थामै थियो । आपसी फूट, वैमनस्य, साम्प्रदायिकता, क्षेत्रीय भावना र धार्मिक अन्धविश्वास इत्यादि कारणहरूले गर्दा राष्ट्रियताको राम्रो विकास हुनसकेको थिएन । यस्तो स्थितिमा धार्मिक विश्वास एवं

सामाजिक रीतिथितिको अवहेलना गरी सामान्यरूपले लागू हुने कुनै पनि कानूनी व्यवस्था गर्न सम्भव थिएन र त्यसैले त्यस बखत सामाजिक र केही फौज्दारी कानूनको आधारको रूपमा मुख्यतः धार्मिक ग्रन्थहरूलाई नै प्राथमिकता दिई मुलुकी ऐनमा सोसम्बन्धी व्यवस्थाहरू गरिएको देखिन्छ। सो ऐन त्यस बखतको राजनीतिक र सामाजिक अवस्थाको सन्दर्भमा (Context) धार्मिक एवं सामाजिक मान्यता (Values) र रीतिथितिको समेत मूल्याङ्कन गरी त्यस बखतको परिस्थितिमा मिल्दोजुल्दो गरी बनाइएको हुनाले त्यसबाट एउटा ठूलो खाँचोको पूर्ति भएको थियो। तर राजनीतिक अवस्था, धार्मिक विश्वास एवं सामाजिक दृष्टिकोण सधैं एकनासको रहँदैन त्यसमा विस्तार विस्तारै परिवर्तन आउँछ र त्यस्तो परिवर्तनका साथै पुरानो धार्मिक एवं सामाजिक मान्यता (Values) को स्थान नयाँ मान्यता, नयाँ विश्वास र नयाँ दृष्टिकोणले लिंदै जानु स्वाभाविकै हो। यसरी धार्मिक एवं सामाजिक दृष्टिकोणमा समयको प्रभावले आउने परिवर्तनको विचार गरी मुलुकी ऐनमा पनि सोबमोजिम आवश्यक सुधारहरू गर्दै गएको भए शायद आज त्यसमा कुनै क्रान्तिकारी परिवर्तनको आवश्यकता हुने थिएन। तर त्यस दिशातर्फ विशेष ध्यान दिइएन र मुलुकी ऐनको रूपमा रहेको हाम्रो मुख्य कानूनी व्यवस्था राजनीतिक, सामाजिक, धार्मिक एवं आध्यात्मिक परिवर्तनको वास्ता नराखी एक शताब्दीभन्दा पनि बढी समयसम्म जस्ताको तस्तैरूपमा कायम रह्यो। त्यसको फलस्वरूप उस बेलाको परिस्थितिमा जतिसुकै मिल्दो भए पनि आजको बदलिएको र बदलिंदो परिस्थितिमा मुलुकी ऐनका कतिपय व्यवस्थाहरू अनौठो, अमिल्दो र अव्यावहारिक हुन गए। ती व्यवस्था-

हरू कानूनको रूपमा अझै कायममै छन् । तापनि व्यवहारमा निष्क्रिय भैसकेको देखिन्छ । यसप्रकार वर्तमान परिस्थितिमा ती व्यवस्थाहरू अमिल्दो हुँन गै निष्क्रिय भैसकेका र साथै राष्ट्र-नायक श्री ५ बाट बक्सेको संविधानहरूको सन्दर्भमा हाम्रो कानूनी व्यवस्थामा एउटा मौलिक परिवर्तनको आवश्यकता देखा परेकोले समेत मुलुकी ऐनमा ठूलो हेरफेर गर्नुपर्‍यो । कानूनको शासन (Rule of Law) कानूनको अगाडि समानता कानूनको समान संरक्षण इत्यादि उक्त संविधानहरूले अपनाएको मुलभूत सिद्धान्तहरूको अनुकूल अन्य प्रचलित नेपाल कानूनका साथै मुलुकी ऐनमा पनि सुधार गर्न अत्याबश्यक भयो र सोही सिल–सिलामा पुरानो मुलुकी ऐनले नयाँ मुलुकी ऐनको रूप लियो ।

माथि लेखिएबमोजिम मुलुकी ऐनमा सुधार गर्दा प्रचलित मुलुकी ऐनलाई नै आधारको रूपमा कायम गरी खासतवरले निम्न लिखित सिद्धान्तहरू अपनाई आवश्यक हेरफेर गर्नु पर्ने देखियो र सोहीबमोजिम गरी पुरानो मुलुकी ऐनलाई नयाँ मुलुकी ऐनको रूप दिइयोः–

(१) मुलुकी ऐनमा पर्नु पर्ने जति कुरा फुटकर ऐन,सवाल, सनद-बाट झिकी मुलुकी ऐनमा समावेश गर्ने ।

(२) मुलुकी ऐनमा भएको प्राइमिनिष्टर, मुखत्यार र तालुक-वालाको उल्लेखको निराकरण गर्ने र अधिकारको यथो-चित विकेन्द्रीकरण गर्ने ।

(३) बेला बेलामा भएका कानूननिर्माणले गर्दा हुनआएको मुलुकी ऐनको कायमी र बेकायमी व्यवस्थाहरूको छानवीन गरी कायमी र अब कायम हुनु पर्ने व्यवस्थाहरू मात्र राख्ने ।

(४) मुलुकी ऐनमा भएको दण्ड सजायको आधुनिकीकरण गर्ने ।

(५) मुलुकी ऐनलाई संविधानको अनुकूल बनाउन अन्य कतिपय व्यवस्थाहरूका साथै खासगरी अपराध र सजायसम्बन्धी व्यवस्थाहरूमा जातपातको आधारलाई हटाई देश, काल एवं परिस्थितिको विचार गरी धार्मिक तथा सामाजिक मान्यता (Values) र व्यवहारमा भएको परिवर्तनको सन्दर्भमा अपराध र सजायको पुनर्मूल्याङ्कन (Reassessment) गरी अपराधको प्रकृति र अवस्थाका आधारमा दण्ड सजायको निर्धारण गर्ने ।

किटुवा र सर्वत्र एकैनासले लागू हुने पहिलो सामान्य कानूनको रूपमा मुलुकी ऐनले शुरूमा निकै ठूलो खाँचोको पूर्ति गरेको थियो तापनि लिखित कानूनबाट उत्पन्न हुने जटिलता (Complexity) र कठोरता (Rigidity) पछि बिस्तारै बिस्तारै अनुभव हुँदै गयो र न्याय तथा इन्साफको निमित्त पूरक कानूनी व्यवस्थाको आवश्यकता महसूस गरियो। केही राजनीतिक कारणहरूबाट त्यस बेला प्राइमिनिष्टरमा सम्पूर्ण शक्तिको केन्द्रीकरण भएकोले ऐन काटी पूरक कानूनी व्यवस्था गर्ने अधिकार पनि प्राइमिनिष्टरलाई प्राप्त भयो । त्यसको फलस्वरूप खड्गनिसाना, सनद र सवालहरूको रूपमा पनि समय समयमा नेपाल–कानूनको निर्माण भयो । त्यसरी प्राइमिनिष्टरलाई प्राप्त भएको अधिकारको प्रयोग कुनै किसिमबाट नियमित वा नियन्त्रित नभएकोले व्यक्तिगत आधारमा समेत सनदद्वारा कानून व्यवस्थित गर्न सो अधिकारको उपयोग गरियो । व्यक्तिगत आधारमा गरे

भएकोमा बाहेक, त्यस बेलाको परिपाटि अनुसार ऐनलाई काटेर सवाल बन्थ्यो र ऐन वा सवाल वा दुबैलाई काटेर सनद जारी गरिन्थ्यो। त्यसरी जारी भएको सनदलाई साधारणतः सम्बन्धित ऐन वा सवालको आखिरमा थपुवा नम्वर वा दफाको रूपमा मिलाइन्थ्यो तापनि यस सम्बन्धमा धेरै काम अधूरो नै रहेकोले नेपाल कानून अद्यापि ऐन, सनद र सवालको रूपमा छरिएर रहेको छ। त्यस्तो सनद, सवाल-हरूको दुरूस्त लगत एकै ठाउँमा नभएकोले न्याय प्रशासन-मा निश्चितता आउन सकेको छैन। कुन विषयमा के कस्तो सनद कहिले भएको छ भन्ने कुराको एकीन गर्न कहिलेकाहिं अदालतलाई पनि मुश्किल पर्छ। मुद्दा मामिलाको कारवाही हुँदा (कहिलेकाहिं अन्तिम तहमा समेत) मुद्दाको कुनै पक्षले बिस्तारै जेवबाट आफ्नो दावीको समर्थन हुने किसिम-को सनद निकाली देखाउँदा उसको विपक्षी र कतिपय अवस्थामा न्यायाधीश समेत जिल्ल पर्छन् र त्यसबाट मुद्दाको गति नै मोडिने संभावना हुन्छ। मुद्दा मामिलाका सम्बन्धमा कानून यसरी अनिश्चित रहनु वाञ्छनीय होइन। यस्तो अनिश्चित स्थितिलाई हटाउन खासगरी २०१० सालमा प्रथम ल कमिशनको गठन भएपछि सो कमिशन र त्यसपछिको कानून-सुधार कमिशन र वर्तमान ल कमिशनले समेत विषय विषयमा भैरहेको सनद, सवालहरूको छानवीन गरी ती मध्ये कायम राख्नु पर्ने जतिको वैज्ञानिक वर्गीय-करण ( Classification) गरी ऐन र ऐन अन्तर्गतको नियम वा आदेशको रूपमा व्यवस्थित गर्ने सिद्धान्त अपनाए।

सो अनुसार मुलुकी ऐनको विषय वस्तु (Subject Matter) सम्बन्धी सनद, सवालहरू हेरी सो मध्ये कायम राख्नु पर्ने जति मुलुकी ऐनमै समावेश गर्न आवश्यक देखियो र मुलुकी ऐनको सुधार गर्ने सिलसिलामा पाइएस-मका त्यस्ता सनद, सवालहरू हेरी आवश्यक देखिए जति व्यवस्था नयाँ मुलुकी ऐनमा समावेश गरियो पनि। त्यति मात्र होइन, माथि उल्लेख भएबमोजिम सनद, सवालहरू-द्वारा मुलुकी ऐनको व्यवस्था काटिने भैरहेकोमा त्यसबाट अनिश्चितताको स्थिति कायम रहने भएकोले अब मुलुकी ऐनमा लेखिए जति कुरामा सोहीबमोजिम नै हुने, सनद, सवालहरूले मुलुकी ऐनका कुनै कुरा नकाटिने व्यवस्था समेत नयाँ मुलुकी ऐनको पाँचौं भागको खारेजीको महल-को २ नम्बरमा गरिएको छ। यी सब व्यवस्थाहरूबाट न्याय प्रशासनमा अवश्य नै पहिलेभन्दा बढी निश्चितता आउला भन्ने आशा गर्न सकिन्छ।

पुरानो मुलुकी ऐनमा कतिपय ठाउँमा प्राइमिनिष्टर, मुख्त्यार र तालुकवालाको उल्लेख मुद्दा–मामिला हेर्ने र अपील साधक सुनी निकासा दिने न्यायाधिकारीको रूपमा पनि भएको छ। यहाँसम्म कि प्राइमिनिष्टरले ऐन, कानूनको बखिलाप हुने गरी आदेश दिनसक्ने अधिकारको व्यवस्था पनि उक्त ऐनमा भएको देखिन्छ। २००७ सालमा राष्ट्रपिता स्वर्गवासी श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवबाट एउटा महान् क्रान्तिको नेतृत्व गरिबक्सी देशलाई प्रजातान्त्रिक शासनव्यवस्था बक्सेपछिको संवैधानिक ढाँचा र परिपाटीमा अमिल्दो हुन गै उपरोक्त व्यवस्थाहरू मध्ये

केही त्यसै निष्क्रिय भैसकेका र बाँकीको हकमा उक्त पदाधिकारी-हरूको अधिकारको प्रयोग विषय र प्रसंगबाट मिलेसम्म सर्वोच्च अदालतले गरिआएको छ तापनि कानूनद्वारा सो कुराहरू अझै व्यवस्थित भै सकेको छैन। यिनै कुराहरूको विचारबाट त्यस्ता सबै व्यवस्थाहरूको छानवीन गरी सो मध्ये कायम राख्नु पर्ने जतिको हकमा त्यस्तो अधिकारको प्रयोग गर्ने अधिकारीको रूपमा माथि उल्लेख भएका अधिकारीहरूको सट्टा वर्तमान संवैधानिक ढाँचा, परिपाटी र अन्य कानूनी व्यवस्थाहरूमा समेत मिल्ने गरी न्याय-पालिकातर्फका अधिकारीहरूलाई तोकी मिलाउनु पर्ने देखिएकोले सो कुराको निराकरण गरी नयाँ मुलुकी ऐनमा आवश्यक व्यवस्थाहरू गरिएको छ। यस व्यवस्थाबाट पनि एउटा अनिश्चित स्थिति हट्न गै न्याय प्रशासनमा पहिलेको अपेक्षा बढी निश्चितता आउने कुरा सहजैसंग अनुमान गर्न सकिन्छ।

२००७ सालपछि बनेका अधिकाँश कानूनहरूमा खारेजीको किटुवा व्यवस्था नभएकोले अन्य प्रचलित नेपाल कानूनका सम्बन्धमा जस्तै मुलुकी ऐनका सम्बन्धमा पनि कायमी र बेकायमी व्यवस्थाको एउटा जटिल समस्या उपस्थित भएको थियो। माथि लेखिएबमोजिम सनद, सवालहरूको दुरूस्त लगत एकै ठाउँमा नरहेको र विकासोन्मुख हाम्रो देशको आवश्यकतानुसार चाँड चाँडै ऐन, कानून बनाउनु पर्ने भएकोले समेत पर्याप्त समयको अभावमा अधिकांश ऐनमा किटुवा खारेजीको व्यवस्था हुन नसकी "यो ऐनसित बाझिने यस अघिको नेपाल कानून खारेज वा यसैसित मिल्ने गरी संशोधन भएको मानिने छ" अथवा "यस ऐनमा लेखिए जति कुरामा सोहीबमोजिम र अरूमा प्रचलित नेपाल कानून

बमोजिम गर्नुपर्छ" इत्यादि किसिमबाट अप्रत्यक्ष खारेजी गर्ने परिपाटी चलेकोले कुन कानून खारेज वा संशोधन भयो र कुन कानून कायम छ भन्ने एकीन गरी कानूनको यथार्थ स्थिति पत्ता लगाउन सर्वसाधारण जनताको त के कुरा, कतिपय अवस्थामा न्यायाधीश र वकिललाई समेत अपठ्यारो पर्दछ। मुलुकी ऐनलाई सुधार गर्ने सिलसिलामा यस समस्याउपर पनि विचार गरियो। २००७ सालभन्दा अघि बनेका सनद, सवालहरू र २००७ साल पछि बनेका केही ऐनहरूबाट मुलुकी ऐनमा कतिपय व्यवस्थाहरू बेकायम हुनगएका छन्। ती व्यवस्थाहरूलाई अझै ऐनमा समावेश गराई राख्ता मानिसहरूमा भ्रम हुन सक्ने संभावना भएकाले नयाँ मुलुकी ऐनका त्यस्ता बेकायमी व्यवस्थाहरू समावेश नगरी त्यसको साटो वर्तमान परिस्थितिमा आवश्यक देखिएका अन्य अन्य कुराहरूको व्यवस्था गरिएकोछ। यस व्यवस्थाबाट पनि कमसेकम मुलुकी ऐनका सम्बन्धमा धेरै अंशमा त्यस्तो भ्रमपूर्ण स्थिति हट्न गै न्याय प्रशासनमा सहुलियत हुने कुराको आशा गर्न सकिन्छ।

मुलुकी ऐनमा दण्ड सजायको व्यवस्था धार्मिक ग्रन्थहरूको आधारमा त्यस बेलाको धार्मिक र सामाजिक रीतिथितिको विचार गरी राखिएकोले त्यसमा अनौठो अनौठो किसिमको दण्ड सजायको व्यवस्था भएको देखिन्छ। जस्तो मुड्ने, खोप्ने, दामल गर्ने, जनै झिकिदिने, प्रायश्चित्त गराउने, पतिया लिनुपर्ने, टांगमुनि छिराउने, अभक्ष खुवाउने इत्यादि। त्यसबेला त्यस्तो सजायको धार्मिक महत्व भएकोले साधारण कैद र जरिवानाको भन्दा त्यस्तै सजायको उपयोगिता बढी थियो। अपराधीले त्यस्तो सजायभन्दा कैद र

जरिवानाको सजाय नै भोग्न रूचाउँथ्यो होला । तर, धार्मिक विश्वास एवं सामाजिक दृष्टिकोणमा आएको परिवर्तनको सन्दर्भमा अब त्यस्तो सजायको कुनै उपयोगिता छैन र त्यसबाट अपराधीलाई यथोचित सजाय नहुने भै सजायको उद्देश्य नै विफलहुने देखिन्छ । आजको युगमा सुंगुरको मासु (जसलाई त्यस बखत अभक्ष भनिन्थ्यो) खाँदैमा वा कसैको टांगमुनिबाट छिर्दैमा छुटकारा पाउने हो भने शायद जारीको जस्तो अनैतिक अपराधगर्न कुनै पनि अपराधी हिच्किचाउँन्नथ्यो होला । नेपालका सर्वसाधारण जनताको नैतिकता एवं सदाचारका लागि पनि अब त्यस्ता व्यवस्थाहरू कायम राख्न उचित देखिएन । यस्तो स्थितिमा त्यस्ता सजायहरूको सट्टा अपराधको प्रकृति र अवस्थाको विश्लेषण गरी त्यसको आधारमा दण्ड सजायको निर्धारण र अधुनिकरण गर्नुपर्ने देखी नयाँ मुलुकी ऐनमा अब कैद र जरिवानाको रूपमा मात्र दण्ड सजायको व्यवस्था भएको छ । वास्तवमा कतिपय सजायका प्रकारनै खास जात विशेषको सम्बन्धमामात्र रहेको र सो कुरा नेपालको संविधानको बर्खिलाप हुनजानेभै खारेज गर्नुपर्ने देखिएकोले समेत आधुनिक विचारधारा र संवैधानिक व्यवस्था अनुसार कैद र जरिवानाको व्यवस्था मात्र कायम गरी दण्ड सजायको आधुनिकरण गर्नु परेको हो ।

हाम्रो फौज्दारी कानूनको मुख्य र अधिकांश व्यवस्था मुलुकी ऐनमा भएको छ । माथि लेखिए अनुसार कतिपय अपराधको निर्धारण र दण्ड सजायको व्यवस्था धार्मिक र जातपातका आधारमा गरिएको देखिन्छ । एउटै काम कुनै जातका मानिसले गरे अपराध हुने र कुनै अर्को जातका मानिसले गरे अपराध नहुने

व्यवस्थाभै जातपातका आधारमा अपराधको निर्धारण गरिएको छ । ब्राह्मणले लसुन, प्याज,गोलभेंडा इत्यादि खान नहुने, खास जातका मानिसले खास जातका मानिसलाई छुन नहुने वा खास जातका मानिसले छोएको पानी खान खुवाउन नहुने इत्यादि बन्देज कानूनद्वारा लगाइएको छ । त्यति मात्र होइन, ठूलो जातका मानिसले तल्लोजातकी स्वास्नी मानिसको करणी गरेमा अपराध नहुने,तर तल्लो जातका मानिसले उपल्लो जातकी स्वास्नी मानिसको करणीगरे जात हेरी घटीबढी सजाए हुने भएको व्यवस्थाबाट करणीको उस्तै काम जातपातका आधारमा कहिले अपराध हुने र कहिले अपराध नहुने भेदभावपूर्ण कानूनी व्यवस्था भएको देखिन्छ । कुनै काम गर्नु अपराध हो भने, त्यो जसलेसुकै गरे पनि अपराधठहरी सजाय हुनुपर्छ । गलत काम जसले गरे पनि गलतै हुन्छ । त्यसैले जातपातका आधारमा अपराधको निर्धारण हुनु आधुनिक युगमा युक्तिसंगत देखिन्न। हाम्रो मुलुकी ऐनको भेदभावपूर्ण व्यवस्था त्यत्तिकैमा सीमित छैन । एउटै किसिमको अपराध कुनै जातका मानिसले गरे कम सजाय हुने र कुनै अर्को जातका मानिसले गरे बढी सजाय हुने गरी घटीबढी जातको आधारमा घटीबढी सजायको व्यवस्था समेत मुलुकी ऐनमा भएको देखिन्छ । जारीको उस्तै अपराधमा ठूलो जातका मानिसले स्याना जातकी स्वास्नीको करणी गरेमा कम सजाय हुने र स्याना जातका मानिसले ठूला जातकी स्वास्नीको करणी गरेमा बढी सजाय हुने अनौठो व्यवस्था मुलुकी ऐनमा भएकोछ । स्वास्नीको महत्त्व के ठूला जात, के स्यानाजात सबैलाई बराबर हुन्छ । यस्तो अपराधबाट ठूला स्याना सबैलाई उस्तै मर्का

पर्दछ । त्यसैले यस्तोमा अपराधले जात चिन्ने गराउन उचित होइन । मुलुकी ऐनमा यस्तो अरू पनि कैयौं उदाहरणहरूको उल्लेख गर्न सकिन्छ । यसरी जातपातको आधारमा अपराधको निर्धारण र दण्ड सजायको व्यवस्था हाम्रो संविधानको व्यवस्था र राष्ट्रिय एवं सामाजिक दृष्टिकोणमा समेत मेल खाँदैन । देशका प्रत्येक नागरिकलाई कानूनको समान संरक्षण प्राप्त हुनुपर्ने गरी मौलिक अधिकारको रूपमा संविधानले प्रदान गरेको सुरक्षा (Guarantee) अनुसार देशका प्रत्येक नागरिक, चाहे जुनसुकै जात, धर्म वा सम्प्रदायको किन नहोस्, लाई एकै नासको समान्य कानूनी व्यवस्था हुनु आवश्यक भएको छ । उचित र पर्याप्त कारण भएमा बाहेक कानूनबाट वा कानूनको प्रयोगमा देशकासबै नागरिकलाई पक्षपातरहित एकैनासको व्यवहार गर्नु नै समान कानूनी संरक्षणको वास्तविक अर्थ हो । तर यसको मतलव यो होइन कि कानूनमा कुनै किसिमको वर्गीयकरण (Classification) नै नगरियोस् वास्तवमा कानूनमा आवश्यक अनुसार वर्गीयकरण नगरिएमा कानून बनाउनको उद्देश्य नै विफल हुन्छ । मजदूर वर्गका लागि लागूहुने कानून कुनै अपवादविना कृषक वर्गलाई पनि लागू गर्नुपर्छ भन्नु मूर्खतानै होला । तर वर्गीयकरण मनपर्दो नभै त्यसको निमित्त तर्कसंगत एवं न्यायोचित आधार चाहिन्छ । तर्कहीन वर्गीयकरण गरी कुनै जात वा सम्प्रदाय वा व्यक्ति विशेषलाई मात्र कुनै असुविधाजनक कानूनको विषय बनाउनु उपरोक्त संवैधानिक व्यवस्थाको प्रतिकूल हुन्छ । मुलुकी ऐनमा जातपात वा

धर्मको आधारमा रहेको भेदभावपूर्ण कानूनी व्यवस्थामा आधुनिक प्रगतिशील समाजले कुनै न्यायोचित एवं तर्कसंगत आधार देख्दैन र ती व्यवस्थाहरू आजसम्म पनि कानूनको रूपमा कायमै छन् तापनि व्यवहारमा निष्क्रिय भैसकेको देखिन्छ। पहिलेको धार्मिक विश्वास एवं तर्कलाई वर्तमान प्रगतिशील समाजले अन्धविश्वास अथवा बूढीरुढीको संज्ञा दिई मात्र छोडेकोले नै धर्म र जातपातका आधारमा रहेका अधिकांश कानूनहरू स्वतः निष्क्रिय ( Inoperative ) र महत्त्वहीन ( Obsolet ) भएका हुन् भन्ने कुरा हामी ठोकेर भन्न सक्तछौं। यसरी एक पटक प्रचलनमा रहेको कानून स्वतःनिष्क्रिय हुनुको कारणनै सो कानूनमा न्यायोचित एवं तर्कसंगत आधारको अभाव छ भन्ने कुरा स्वतः सिद्ध छ । Cessante ratione lexcessante ipsalex यानी जुन तर्कको आधारमा कानून व्यवस्थित छ सो तर्कनै अमान्य भयो भने सो कानून स्वतः निष्क्रिय हुन्छ भन्ने एउटा प्रसिद्ध कथनबाट पनि यस कुराको पुष्टि हुन्छ। वास्तवमा, आज बाहुनले लसुन वा प्याज खायो भने कसले खोजीनिति गर्छ वा त्यस सम्बन्धमा मुद्दाचलाउन कसलाई चासो हुन्छ? त्यस्तो खोजी-निति गर्न वा मुद्दा चलाउनमा के तर्क वा के न्याय देखिन्छ? अतः मुलुकी ऐनमा धर्म वा जातपातका आधारमा गरिएको भेदभावपूर्ण वर्गीकरण न्यायोचित एवं तर्कसंगत नभएकोले संविधानसित बाझिएको छ भन्ने कुरा दृढताकासाथ भन्न सकिन्छ । व्यावहारिक दृष्टिकोणबाट हेरेको खण्डमा पनि हाम्रो दैनिक व्यवहारमा बाधा अडकाउ हुनेगरी धार्मिक आचार वा चलनका कुराहरूलाई कानूनी मान्यता प्रदान

गरी समाजका अधिकांश व्यक्तिहरूले प्रतिदिन गर्ने गरिआएको काम वा व्यवहारलाई गैर कानूनी बनाई राख्नु वाञ्छनीय देखिन्न । हाम्रो धार्मिक विश्वास एवं सामाजिक विचार-धारामा पहिलेको अपेक्षा निकै ठूलो परिवर्तन आइसकेको छ । अब धर्म र जातपातका कुराहरू कानूनको विषय नभै समाज र सम्बन्धित व्यक्तिको निजी सरोकारका कुराहरू भैसकेका छन् । सबैभन्दा बढी संख्यामा हिन्दूधर्मावलम्बी भएको हाम्रो छिमेकी देश भारतलगायत संसारका अरू कुनै पनि सभ्य मुलुकमा हाम्रो जस्तो जातपातका आधारमा भिन्नभिन्न अधिकार वा दायित्वको हुने वा घटीबढी सजाय गर्ने कानूनी व्यवस्था छैन । अन्य सभ्य मुलुकहरूले अपनाएको एउटा न्यायो-चित व्यवस्थाका सम्बन्धमा हाम्रो देशमात्र एउटा अपवादको-रूपमा रहनु हाम्रो बढ्दो अन्तर्राष्ट्रिय सम्पर्कको दृष्टिकोणबाट समेत वाञ्छनीय देखिन्न । यी सब कुराहरूको विचारबाट मुलुकी ऐनबाट धार्मिक वा जातपातका आधारमा अपराधको निर्धारण वा सजायको व्यवस्था जति सबै झिकी कामको प्रकृति र अवस्थाको आधारमा अपराध र सजायको निर्धारण गरी नयाँ मुलुकी ऐनमा मिलाइएको छ । अब एउटै अपराधमा जात हेरी कसैलाई ठूलो सजाय र कसैलाई स्यानो सजाय हुने व्यवस्था छैन । यहाँसम्म कि स्वास्नी मानिसलाई लोग्ने मानिसको आधा सजाय हुने व्यवस्था भैरहेकोमा लिंगको आधारमा घटी बढी सजायको व्यवस्था पनि संविधानको प्रतिकूल हुन जाने हुनाले नयाँ मुलुकी ऐनमा स्वास्नी मानिसलाई पनि लोग्ने मानिस सरह नै सजाय हुने व्यवस्था गरिएको छ । यस सिलसिलामा नयाँ मुलुकी ऐनमा गरिएका दण्डसजाय

सम्बन्धी केही अन्य व्यवस्थाहरूको पनि चर्चा गरिदिनु अप्रसांगिक नहोला । कोर्ट फीको व्यवस्था काठमाडौं उपत्यकाभित्र चलिसकेको र नेपाल भरमुलुक कोर्ट फी लगाउने गरी ऐन बनी तयार भैसकेकोले सो ऐनले अपनाएको सिद्धान्त अनुसार नयाँ मुलुकी ऐनमा पनि दशौंद बीशौंद बक्सौनी इत्यादि व्यवस्थामा हेरफेर गरिएको छ । पहिले कतिपय सजायहरू कार्यान्वित गर्न (Execute) लालमोहर लगाउनु पर्ने व्यवस्था भैरहेकोमा संविधानबमोजिम सर्वोच्च अदालतको फैसला अन्तिम हुने भएपछि त्यस्तो फैसलालाई लालमोहरद्वारा समर्थित गराउन मनासिब नदेखिने र साथै अदालतले दिएको सजाय घटाउन,माफी, परिवर्तन वा मुलतवी गर्न सकिबक्सने न्यायका एकमात्र स्रोत श्री ५ बाट लालमोहर बक्साई त्यसको ठीक उल्टो सजाय कार्यान्वित गर्न गराउन उचित पनि नहुने देखी नयाँ मुलुकी ऐनमा त्यस्तो व्यवस्था राखिएको छैन ।

माथि फौज्दारी कानूनको हकमा भनिए झैं हाम्रो देवानी कानूनमा पनि जातपातको आधारमा गरिएको भेदभावपूर्ण कानूनी व्यवस्था जस्तो घटी बढी जातको आधारमा घटी बढी अंश पाउने कुराहरू संविधानसित बाझिने हुनाले अंशवण्डा, अपुताली जस्ता महलहरूबाट पनि घटी बढी जातको आधार झिकिएको छ । तर अंशवण्डा इत्यादिमा वैध (Valid) र अवैध (Void) विवाहको विचार गरी त्यस्तो विवाहबाट जन्मेका सन्तानका हकमा घटी बढी अंशको भने व्यवस्था गरिएको छ । हाडनातामा करणी गर्नेको महलमा निषेध गरिएको नातामा भए गरेको वैवाहिक सम्बन्ध वदर हुने हुनाले त्यस्तो विवाहबाट

जन्मेको सन्तानको हकमा र चौथो र सोभन्दा उपल्लो लोग्नेबाट जन्मेको सन्तानको हकमा मात्र अंश भाग घटाइएको छ ।

माथि लेखिएबमोजिम धर्म वा जातपातका आधारमा मुलुकी ऐनमा रहेको भेदभावपूर्ण कानूनी अवस्था नझिकिएको-भए ती व्यवस्थाहरू संविधानको प्रतिकूल हुने भै संविधान लागू भएको एक वर्षपछि याने २०२० साल मार्ग मसान्तपछि स्वतः निष्क्रिय हुने हुन्थ्यो र त्यस अवस्थामा साधारण जनतालाई कुन व्यवस्था संविधानको प्रतिकूल भै निष्क्रिय भएको र कुन व्यवस्था निष्क्रिय नभएको भन्ने कुराको एकीन गर्न मुश्किल परी एउटा अनिश्चित एवं असजिलो परिस्थिति उत्पन्न हुन्थ्यो । तर त्यस्तो निष्क्रिय हुने जति कानूनी व्यवस्थाहरू झिकी नयाँ मुलुकी ऐन मिलाइएकोबाट अब त्यस्तो अनिश्चितता रहँदैन भन्ने विश्वास गर्न सकिन्छ ।

यस प्रसंगमा यहाँ एउटा कुरा स्पष्ट गर्न आवश्यक देखिन्छ । नयाँ मुलुकी ऐनमा धर्म वा जातपातका आधारमा भेदभावपूर्ण कानूनी व्यवस्था नगरिएकोले कतिपय मानिसहरूमा मुलुकी ऐनले धर्म र जातपातनै लोप गऱ्यो भन्ने भ्रामक धारणा पर्न गएको बुझिन्छ । वास्तवमा धर्मको संरक्षण जुनरूपमा अहिले भएको छ त्यो पहिले कहिल्यै भएको थिएन । नेपाल एउटा हिन्दूराष्ट्र हो, गद्दीनसीन श्री ५ आर्य संस्कृतिका अनुयायी हिन्दूधर्मावलम्बी होइबक्सनु पर्छ भन्ने कुरा स्पष्ट शब्दमा नेपालको संविधानमा उल्लेख भएको छ । जुन कुराको संरक्षण संविधानले गरेको छ त्यो कुरा अरू ऐन, कानूनबाट समाप्त गर्ने प्रश्नै उठ्दैन । त्यतिमात्र होइन, नयाँ मुलुकीऐनको अदलको

महलमा हिन्दूधर्मबाट अर्को धर्ममा परिवर्तन गर्न गराउन बन्देज लगाई हिन्दूधर्मको संरक्षणको व्यवस्था गरिएको छ । नेपालको संविधानले प्रत्येक व्यक्तिलाई परम्पराको मर्यादा राखी आफ्नो धर्मको अवलम्बन र आफ्नो धार्मिक कृत्य गर्नपाउने सुरक्षा प्रदान गरेकोले पनि कुनै ऐन वा कानूनद्वारा धर्मलोप गर्ने वा त्यस्तो गर्न कसैलाई प्रोत्साहन दिने प्रश्न उठ्दैन । प्रत्येक व्यक्तिले आफ्नो धर्मको अवलम्बन र आफ्नो धार्मिक कृत्य गर्न पाउने गरी संविधानले प्रदान गरेको अधिकारलाई सुरक्षित गर्न नयाँ मुलुकी ऐनमा आवश्यक व्यवस्था गरिएको छ । आफ्नो रीति-थितिको पालन गर्न चाहने व्यक्तिलाई कसैले वाधा विरोध उपस्थित गर्न नसक्ने सुरक्षाका लागि नयाँ मुलुकी ऐनको अदलको महलको १० नम्बरमा निम्नलिखित व्यवस्था गरिएको छ :–

"१० नं. ।। ।। कसैले अर्काको सामाजिक रीतिथितिमा खलल पर्ने वा हुने गरी झुक्याई वा जवर्जस्ती गरी कुनै काम गर्न गराउन हुदैन । कसैले गरे वा गराएमा निजलाई एक वर्षसम्म कैद वा एक हज्जार रुपैयाँसम्म जरिवाना हुन्छ ।।"

उक्त नम्बरको विश्लेषण गर्दा यो कुरा स्पष्ट हुन्छ कि नयाँ मुलुकी ऐनले प्रत्येक व्यक्तिलाई आफ्नो रीतिथितिको पालन गर्ने अवसर र सुरक्षा प्रदान गरेको छ । घटी बढी जातको आधारमा अपराधको निर्धारण र सजायको व्यवस्था गरिएको छैन भन्दैमा धर्म र जातपात समाप्त भयो भन्न वास्तविक तथ्य नबुझी बेकारको वकवास गर्नु हो । त्यसै हो भने भारतमा हिन्दू-धर्म लोप भैसकेको हुन पर्ने थियो जो कि वास्तवमा छैन । कसैले आफ्नो साविकदेखि चलिआएको रीतिथितिको पालन गर्न

चाहन्छ भने त्यस्तालाई मुलुकी ऐनले छेक्दैन, बरु अरू कसैले निजलाई विघ्नवाधा उपस्थित गर्न नपाउने गरी सुरक्षा प्रदान गरेको छ। समाज अहिलेको विकसित अवस्थामा जातपातको कुरा कानूनको सरोकारको कुरा नभै निजी विश्वासको कुरा भएकोले अनावश्यक रुपमा कुनै व्यक्ति उपर धार्मिक एवं जातपात सम्बन्धी प्रतिबन्ध पनि नयाँ मलुकी ऐनले लगाएको छैन । यसरी नयाँ मुलुकी ऐनले सबैलाई मिल्दो एउटा बीचको बाटो अपनाएको छ ।

उपर्युक्त कुराहरूका अतिरिक्त नयाँ मुलुकी ऐनद्वारा सामाजिक सुधारका केही आवश्यक कुराहरू पनि व्यवस्थित गर्ने प्रयास भएको छ । ती सबै व्यवस्थाहरू नेपालको संविधानको समाज-नीतिको निर्देशक सिद्धान्तसम्बन्धी व्यवस्थाको अनुरुप नै भएको देखिन्छ । उक्त संवैधानिक व्यवस्थामा छुवाछुत, बाल-विवाह, बहु-विवाह जस्ता सामाजिक कुरीतिहरू हटाउने राज्यको नीति हुनेछ भन्ने उल्लेख भएको छ । कानूनी रूपमा छुवाछुत हटाइएको कुरामाथि फौजदारी कानूनका सम्बन्धमा विस्तृतरूपमा उल्लेख भई सकेकोछ । बाल-विवाहको हकमा लोग्ने मानिसको उमेर अठार वर्ष र स्वास्नी मानिसको उमेर चौध वर्ष नभै विवाह गर्न नहुने कसैले गरे वा गराएमा त्यस्तालाई सजाय दिने व्यवस्था गरी बाल-विवाह निषेध गरिएको छ । तोकिएको खास खास अवस्थामा बाहेक (जस्तो स्वास्नी महारोगी भएमा, विवाह गरेको दस वर्षभित्र सन्तान नभए वा नरहेमा इत्यादि ) लोग्ने मानिसले एउटी स्वास्नी छंदै अर्को विवाह गर्न वा स्वास्नी राख्न नपाउने व्यवस्था

गरी बहु-विवाह जस्तो सामाजिक कुरीतिलाई पनि रोक्न प्रयास गरिएको छ। तर यो व्यवस्था अहिले प्रयोगात्मक रूपमा–(Experimental Basis) राखिएको हुनाले यसका निमित्त अहिलेलाई सातदिनसम्म कैद वा पचास रूपैयाँ सम्म जरिवाना हुने गरी मामुली सजाय राखिएको छ। लोग्ने र स्वास्नीको उमेरमा धेरै अन्तर भएमा र जस्तो कि हाम्रो समाजमा साठी वर्षको बुढाले सात वर्षकी कन्यासित विवाह गर्ने पनि चलन छ। स्यानै उमेरमा स्वास्नी मानिस विधवा भै वैधव्यको यातना भोग्नु पर्ने कुरामा समेत बिचार गरी नयाँ मुलुकी ऐनमा वर र कन्याको उमेर बीस वर्षभन्दा बढी फरक पर्ने गरी विवाह गर्न नहुने बन्देज लगाइएको छ। जहाँसम्म विधवा विवाहको प्रश्न छ त्यससम्बन्धमा नयाँ मुलुकी ऐनमा केही भनिएको छैन। तर कानूनले निषेध नगरेको जुनसुकै कुरा पनि गर्न सकिने हुनाले आफूखुशी कुनै विधवाले विवाह गर्न चाहेमा गर्न पाउने परिस्थितिको सिर्जना भएको छ। यस प्रसंगमा यहाँ यो कुरा स्पष्ट गर्न आवश्यक देखिन्छ कि कुनै पनि स्वास्नी मानिसलाई उसको राजीखुशी नभै कसैले करकापसित विवाह गरी दिन नहुने गरी नयाँ मुलुकी ऐनमा प्रतिबन्ध लगाईएको छ र त्यसको बर्खीलाप भए गरेकोमा सो वदर गराउन नालिस परेको खण्डमा विवाह वदर भै सो गर्ने गराउनेलाई पर्याप्त सजायँ समेत हुने व्यवस्था गरिएको छ। उपर्युक्त कुराहरूका अतिरिक्त नयाँ मुलुकी ऐनले वैवाहिक सम्बन्ध विच्छेदको पनि व्यवस्था गरेको छ। लोग्ने वा स्वास्नीले एक अर्काको ज्यान जाने वा कुनै ठूलो शारीरिक पीडा हुने जाल प्रपञ्च रचेमा वा परस्परको

मञ्जुरी नभै ३ वर्ष वा सो भन्दाबढी समयसम्म अलग बसेमा वा लोग्नेले आर्को स्वास्नी ल्याए वा राखेमा वा स्वास्नीले अर्को लोग्ने मानिससित करणी गराएमा, आफ्नो वैवाहिक संम्बन्ध विच्छेद गर्न दुवै मञ्जूर भएमा इत्यादि खासखास अवस्थाहरूमा लोग्ने र स्वास्नीको सम्बन्ध-विच्छेद हुन सक्ने व्यवस्था भएको छ । यसप्रकार नयाँ मुलुकी ऐनले पुरानो मुलुकी ऐनमा अप्रत्यक्ष र एकतर्फीरुपमा रहेको व्यवस्थालाई प्रत्यक्ष र दुवै पक्षको हकमा समानरूपले लागु हुने गरी सीमित रूपमा राखेको छ । लोग्नेले आफूसित नराखी छाडेकी स्वास्नीको अरूले जारी गरेमा जारी खतको सजाय नहुने गरी पुरानो मुलुकी ऐनमा व्यवस्था भएकोले सो ऐनले वैवाहिक सम्बन्ध विच्छेद हुने कुरालाई एक प्रकारले अप्रत्यक्ष रूपमा भए पनि स्वीकार गरेको देखिन्छ। सो व्यवस्थाबाट लोग्नेले स्वास्नीसित आफ्नो सम्बन्ध तोड्न चाहेमा स्वास्नीको कुनै कसूर नभए पनि स्वेच्छापूर्वक छोडे पुग्ने र लोग्नेले नचाहेमा स्वास्नीलाई जतिसुकै यातना दिए पनि स्वास्नीले आफ्नो सम्बन्ध-विच्छेद गर्न नपाउने गरी एकोहोरो र स्वेच्छाचारी व्यवस्था बाँधिएको देखिन्छ । नयाँ मुलुकी ऐनमा त्यस्तो व्यवस्थाको सट्टा लोग्ने र स्वास्नीको सम्बन्ध-विच्छेद हुनु पर्ने अवस्थाको विचार गरी त्यस्तो अवस्थामा मात्र मर्का पर्ने पक्षले चाहे लोग्ने होस् वा स्वास्नी विवाह विच्छेदका लागि कारवाही चलाउन सक्ने न्यायसंगत व्यवस्था राखिएको छ । सो कुरा पनि अनियन्त्रित भएमा स्वेच्छाचारिता बढ्न सक्ने संभावना भएकोले त्यसको लागि अदालतमा निवेदन गरी अनुमति प्राप्त भएमा मात्र वैवाहिक सम्बन्ध विच्छेद हुन सक्ने गरी अंकुश लगाइ-

एको छ । वैवाहिक सम्बन्ध विच्छेद हुन सक्ने व्यवस्थाका साथै बालबच्चाहरूको पितृत्वको निर्धारण र संरक्षणको पनि यथोचित व्यवस्था गरिएको छ । कानूनबमोजिम लोग्ने स्वास्नीको सम्बन्ध-विच्छेद भएको मितिले दुईसय बहत्तर दिन भित्र जन्मेको सन्तान अन्यथा प्रमाणित नभएसम्म त्यस्तो सम्बन्ध-विच्छेद हुने लोग्नेकै सन्तान ठहर्ने व्यवस्था नयाँ मुलुकी ऐन द्वारा गरिएको छ । यसरी हामी देख्दछौं कि माथि उल्लेख गरिएका सामाजिक सुधारसम्बन्धी व्यवस्थाहरू देश, काल एवं परिस्थितिको विचार गरी न्यायसंगत तरीकाबाट राखिएका छन् र सो कुराहरू नेपालको संविधानको समाज-नीतिको निर्देशनको सिद्धान्तहरू अनुरूपनै हुन् ।

नयाँ मुलुकी ऐनले स्वास्नी मानिसहरूको सम्पत्तिसम्बन्धी अधिकारमा उदारवादी दृष्टिकोण अपनाएको छ । स्वास्नी मानिसले आफ्नूहकको सम्पत्ति बेचबिखन गर्नमा अहिलेसम्म सधवा, विधवा, त्यसको उमेर, सम्पत्तिको किसिम, हकदारहरूको स्थिति इत्यादिको आधारमा धेरै प्रतिबन्धहरू लागिराखेकोमा सो कुरा आफ्नो सम्पत्ति बेच बिखन गर्न पाउने गरी मौलिक अधिकारको रूपमा संविधानले प्रदान को सुरक्षा (Guarantee) को प्रतिकूल हुन जाने भएको हुनाले त्यससम्बन्धमा पनि केही प्रतिबन्धहरू खुकुलो गरी नयाँ मुलुकी ऐनको स्त्रीअंस धनको महलमा व्यवस्था गरिएको छ । सोअनुसार बालिग स्वास्नी मानिसले चाहे जति सुकै उमेरकी किन नहोस् आफ्नो आर्जन वा दाइजो पेवाको सबै सम्पत्ति आफूखुसी उठाउन पाउने अधिकार प्रदान रहेको छ । अंश वा अपुतालीबाट पाएको

सम्पत्तिको हकमा सामाजिक व्यवस्था अनुसार गर्नु पर्ने अन्त्येष्ठी क्रिया इत्यादिको बिचारबाट केही नियन्त्रण कायम राख्न सार्वजनिक हितमा आवश्यक देखिएकोले पहिलेका धेरै जसो प्रतिबन्धहरू खुकुलो गराइए तापनि केही प्रतिबन्धहरू अझै कायमै राखिएका छन् ।

अन्तमा मुलुकी ऐनको नयाँ वर्गीयकरण र सिलसिला-क्रम (Order of arrangement) का सम्बन्धमा पनि केही उल्लेख गर्न चाहन्छु । नयाँ मुलुकी ऐनमा साविकबमोजिम ५ भाग नै राखिएका छन् । तापनि ती भागहरूको विषयवस्तुमा निकै हेरफेर भएको छ । अब पहिलो भागमा प्रारम्भिक कथनका कुराहरू जस्तो ऐनको नाम, लागुहुने मिति, शब्दहरूको परिभाषा इत्यादि र पाँचौं भागमा खारेजीसम्बन्धी कुराहरू राखिएका छन् । यस प्रकार उक्त २ भागहरू शुद्ध प्राविधिकरूपको मात्र हुन गएका छन् बाँकी दोस्रो, तेस्रो र चौथो भागमा ऐनका मुख्य विषयवस्तु राखिएका छन् । सोबमोजिम दोस्रो भागमा कार्यविधि-सम्बन्धी कानून (Procedural law) तेस्रो भागमा देवानी कानून (Civil law) र चौथो भागमा फौजदारी कानून (Criminal law) राखी मुलुकी ऐनको भागको व्यवस्थालाई बढी उपयुक्त र लाभप्रद बनाउन प्रयास गरिएको छ । महलहरूका व्यवस्थाका हकमा साविकका निम्नलिखित महलहरू मध्ये खारेज भै सकेको र खारेज गर्नु पर्ने देखिएको जति झिकी बाँकिलाई अन्य उपयुक्त महल-हरूमा वा छुट्टाछुट्टै ऐनहरूमा संशोधितरूपमा मिलाइएको र

मिलाई एको हुंदा ती महलहरूलाई नयाँ मुलुकी ऐनमा समावेस गरिएको छैनः–

(१) विर्तावार जागीरदारले झगडा हेर्दाको
(२) विन्तिपत्र प्रमांगीको
(३) हाकिमका नाउँमा कराउनेको
(४) ज्यान लिंदा मुद्दा दामल गर्दाको
(५) खोर झेलखानाको
(६) जुवाको
(७) जागीरदार वहाली वर्खासीको
(८) दद्रू दर्माहाको
(९) रकम वन्दोवस्तको
(१०) रकम तहसीलको
(११) बही बुझ्नेको
(१२) मिनहा मोजराको
(१३) बाली गाँजी साहु तिराउनेको
(१४) भाग दिनाको
(१५) इलम रोजिको
(१६) रुख काट्नेको
(१७) बालीको झगडाको
(१८) जग्गा जमीन गोस्वाराको
(१९) सट्टापट्टाको
(२०) गल्ली सफाको
(२१) गाली वेइज्जतिको
(२२) सवारीको

(२३) आशौच बार्नेको
(२४) जनै दिनेको
(२५) फकीर सित मुडिनेको
(२६) मुख पतीतको
(२७) गुप्ती वेश्याकरणी गर्नेको
(२८) फलानासित विग्रें भन्नेको
(२९) हाडनाताकी वेश्या भएकीको करणी गर्नेको
(३०) नेवार जातको
(३१) घटीबढी जातमा करणी गर्नेको
(३२) पानी नचल्ने जातको
(३३) गोस्वारा करणीको
(३४) पोलाहाको
(३५) दवाहाको
(३६) अनाचार निर्णयको
(३७) भातमा वार्नेको
(३८) धर्माधिकारको

उपर्युक्त महलहरूलाई झिक्नुका अतिरिक्त निम्नलिखित-महलहरू सो महलहरूमा गरिएका व्यवस्थाहरूको बिचारबाट नयाँ मुलुकी ऐनमा निम्नलिखित नयाँ नाम दिइएको छ :–

साबिक–

(१) झारा खेतालाको
(२) जग्गा बिन्हाउनेको

(३) विधवा अंशधनको
(४) दोपाया चौपाया हराउने र पाउनेको
(५) साहु असामीको
(६) दान दातव्यको
(७) ढांट वा लुच्चाको (ठग)

नयाँ–

(१) ज्याला मजूरीको
(२) जग्गा आवाद गर्नेको
(३) स्त्री अंशधनको
(४) चौपाया हराउने र पाउनेको
(५) लेनदेन व्यवहारको
(६) दान बकसको
(७) ठगीको

माथि लेखिएबमोजिम मिलाइएको नयाँ मुलुकी ऐन यही २०२० साल भाद्र १ गतेदेखि लागू हुने भएको छ । राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारबाट आफ्ना प्यारा प्रजाहरूको वृहत्तर हितका लागि बक्सेको नयाँ मुलुकी ऐन माथि व्यक्त गरिएका कुराहरूबाट नेपालको संविधानको अनुकूल र देश, काल, परिस्थिति सुहाउंदो छ भन्ने कुरा छर्लङ्ग भैसकेकोले सो ऐनलाई कार्यान्वित गर्न सबैले सहयोगात्मक दृष्टिकोण अपनाई योगदान गर्नु राष्ट्रप्रेमी प्रत्येक नेपालीको कर्तव्य हो भन्दै म आफ्नो लेख यही टूंग्याउछु ।

सौजन्य– गो. प. क.

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।